# राजन मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो
वर्षको दशौँ पत्रको प्रयोजनका
लागि प्रस्तुत

**शोधपत्र**


शोधकर्ता
**गोमादेवी आचार्य**
क्रमाङ्क : ३१६
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०७१

## शोध निर्देशकको मन्तव्य

**राजन मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि छात्रा **गोमादेवी आचार्य**ले मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................................

डा. नारायण गडतौला

सह प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

मिति २०७१/१२/१२

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा **गोमादेवी आचार्य**ले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर (एम.ए.) तहमा नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **राजन मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................
१. प्रा. डा. देवीप्रसाद गौतम
विभागीय प्रमुख

........................................
२. सह प्रा.डा. नारायण गड्तौला
शोध निर्देशक

............................
३. प्रा. केशव सुवेदी
बाह्य परीक्षक

मिति : २०७१/१२/१९

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सह प्रा.डा. नारायण गड्तौलाज्यूको निर्देशनमा तयार पारेको हुँ । त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, नेपाली केन्द्रीय विभागमा कार्यरत रही आफ्नो अतिव्यस्त समयलाई पनि ख्याल नगरी उहाँले शोधपत्र तयार पारुन्जेलसम्म अमूल्य समय दिई पुऱ्याउनु भएको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दछु । वहाँको कुशल मार्ग निर्देशन नपाएको भए आज शोधपत्रलाई यस रूपमा उतार्न सम्भव थिएन । निरन्तर हौसला, सुझाव, सल्लाह दिई समुचित निर्देशन प्रदान गर्नु भएकोमा श्रद्धेय गुरुज्यूप्रति म हार्दिक कृतज्ञता जाहेर गर्दछु ।

शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्री एवं विभिन्न जानकारी दिएर सहयोग पुऱ्याउनु हुने शोधनायक राजन मुकारुङ र उहाँको परिवारप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । सामग्री सङ्कलनको क्रममा सहयोग पुऱ्याउने श्रुतिमा राईप्रति विशेष धन्यवाद प्रकट गर्दछु ।

मलाई जन्म दिएर असल अभिभावकको कर्तव्य पुरा गर्दै यस स्तरसम्म पुऱ्याउन सहयोग गर्नुहुने मेरा पूजनीय पिता घननाथ आचार्य र माता सीता आचार्यप्रति श्रद्धा पूर्वक आभार प्रकट गर्दछु । मेरो अध्ययनप्रति सदा चिन्तित रही शोधकार्यका लागि पर्याप्त समय जुटाई दिने र आवश्यक सरसल्लाह दिने मेरा जीवनसाथी रामहरि ढकालप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । यस शोधलाई छिटो छरितो र शुद्धताका साथ टाइप गरी सहयोग गर्नु हुने रञ्जना मगरप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय कीर्तिपुर अन्तर्गत नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

गोमादेवी आचार्य

मिति : २०७१/१२/१९

# विषय सूची


पृष्ठ

**पहिलो परिच्छेद**
**शोध परिचय**

१.१ विषय परिचय १
१.२ समस्याको कथन १
१.३ शोधपत्रको उद्देश्य २
१.४ पूर्वकार्यको विवरण २
१.५ शोधकार्यको औचित्य ४
१.६ शोधकार्यको सीमाङ्कन ४
१.७ शोधविधि ५
१.७.१ सामग्री संकलन विधि ५
१.७.२ सामग्री संकलनको सैद्धान्तिक आधार र ढाँचा ५
१.८ शोधपत्रको रूपरेखा ५

**परिच्छेद दुई**
**राजन मुकारुङको जीवनी**

२.१ विषय परिचय ६
२.२ जन्म र जन्मस्थान ६
२.३ पुर्ख्यौली र वंश परम्परा ७
२.४ बाल्यकाल र किशोरावस्था ७
२.५ शिक्षा दीक्षा ८
२.६ छेवर, विवाह तथा सन्तान १०
२.७ आर्थिक अवस्था ११
२.८ रुचि तथा स्वभाव १२
२.९ पेसा र कार्यक्षेत्र १३
२.१० संस्थागत संलग्नता १३
२.११ भ्रमण १४
२.१२ सम्मान तथा पुरष्कार १४
२.१३ सुख दुःखका क्षणहरू १५
२.१४ लेखनमा प्रेरणा र प्रभाव १५
२.१५ जीवन र साहित्य सम्बन्धी धारणा १६
२.१६ निष्कर्ष १७

**तेस्रो परिच्छेद**
**राजन मुकारुङको व्यक्तित्व**

३.१ विषय परिचय १८
३.२ व्यक्तित्वका विभिन्न पाटाहरू १९
३.२.१ साहित्यकार व्यक्तित्व १९
३.२.१.१ कवि व्यक्तित्व १९
३.२.१.२ उपन्यासकार व्यक्तित्व १९

३.२.१.३ निबन्धकार व्यक्तित्व २०
३.२.१.४ गीतकार व्यक्तित्व २१
३.२.१.५ सम्पादक व्यक्तित्व २१
३.२.२ साहित्य इतर व्यक्तित्व २१
३.२.२.१ लेखक व्यक्तित्व २२
३.२.२.२ शिक्षक व्यक्तित्व २२
३.२.२.३ राजनीतिक व्यक्तित्व २२
३.३ निष्कर्ष २३

## चौथो परिच्छेद
## राजन मुकारुङको साहित्यिक यात्रा र प्रवृत्ति

४.१ विषय परिचय २४
४.२ राजन मुकारुङका साहित्यिक कृतिहरूको परिचय २५
४.२.१ कविता कृतिहरू २५
४.२.२ औपन्यासिक कृतिहरू २६
४.२.३ निबन्धहरू २६
४.३ राजन मुकारुङको साहित्य इतर कृति २७
४.४ राजन मुकारुङको साहित्यिक यात्रा २७
४.४.१ प्रथम चरणका प्रवृत्ति २७
४.४.१.१ त्याग र समर्पणको सङ्कल्प २९
४.४.१.२ जातीय पहिचान २९
४.४.१.३ मानवतावादी चिन्तन ३०
४.४.१.४ आतङ्कको विरोध ३१
४.४.१.५ साँस्कृतिक जागरण ३१
४.४.१.६ देशभक्तको भावना ३२
४.४.१.७ कलात्मकता ३३
४.४.२ द्वितीय चरणका प्रवृत्ति ३६
४.४.२.१ जातीय जागरण ३७
४.४.२.२ दलित चेतना ३७
४.४.२.३ प्रगतिशीलता ३८
४.४.२.४ राष्ट्रप्रतिको गौरव ३८
४.४.२.५ मानवता ३८
४.४.२.६ संस्कृति सम्बन्धी चेत ३९
४.४.२.७ कलात्मकता ३९
४.५ निष्कर्ष ४०

## पाँचौं परिच्छेद
## राजन मुकारुङका काव्य कृतिको विश्लेषण

५.१ विषय परिचय ४१
५.२ विषयगत विविधता ४१
५.२.१ राष्ट्रप्रेम ४१

५.२.२ जातीय पहिचान ४४
५.२.३ साँस्कृतिक जागरण ४७
५.२.४ मानवतावादी चिन्तन ४९
५.२.५ प्रणय भाव ५२
५.२.६ विकृति र विसङ्गतिप्रति विरोध ५५
५.२.७ यान्त्रिकीकरणका बेफाइदाको चित्रण ५९
५.२.८ आतङ्कको विरोध ६१
५.२.९ व्यङ्ग्यात्मकता ६३
५.२.१० परिवर्तनको चाहना ६५
५.३ शिल्पशैलीगत नवीनता ६७
५.३.१ विम्ब ६७
५.३.२ प्रतीक ६८
५.३.३ व्याकरणात्मक विचलन ६९
५.३.४ अलङ्कार ६९
५.३.५ शब्दचयन ७०
५.४ लय विधान ७१
५.५ भाव विधान ७२
५.५.१ प्रणय भाव ७२
५.५.२ उत्साह भाव ७३
५.५.३ शोक भाव ७३
५.५.४ घृणा भाव ७४
५.६ निष्कर्ष ७४

## छैठौं परिच्छेद
## राजन मुकारुङका आख्यान एवम् निबन्ध कृतिको विश्लेषण

६.१ विषय प्रवेश ७५
६.२ 'हेत्छाकुप्पा' उपन्यासको विश्लेषण ७५
६.२.१ कथानक ७५
६.२.२ चरित्र ७७
६.२.३ परिवेश विधान ८०
६.२.४ भाषाशैली ८१
६.२.५ दृष्टिविन्दु ८२
६.२.६ उद्देश्य ८२
६.३ 'दमिनी भीर' उपन्यासको विश्लेषण ८३
६.३.१ कथानक ८३
६.३.२ चरित्र ८५
६.३.३ परिवेश विधान ८७
६.३.४ भाषाशैली ८८
६.३.५ दृष्टविन्दु ८९
६.३.६ उद्देश्य ८९

६.४ राजन मुकारुङका निबन्धहरूको विश्लेषण ९०
६.४.१ विषय परिचय ९०
६.४.२ 'साहित्यमा फेरिदैं गरेको सौन्दर्य' निबन्धको विश्लेषण ९०
६.४.३ 'पहिचानको दाबीमा कविता' निबन्धको विश्लेषण ९१
६.४.४ 'होलटाइमरको बयान' निबन्धको विश्लेषण ९१
६.४.५ 'हरियो तमोरको विम्बमा' निबन्धको विश्लेषण ९२
६.५ निष्कर्ष ९२

**सातौं परिच्छेद**
**सारांश र निष्कर्ष**

**सन्दर्भग्रन्थ सूची**

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

राजन मुकारुङ (वि.सं. २०३१/११/१३) नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । वि.स. २०४९ मा 'वन्दना तिमी बाँच्नु पर्छ' शीर्षकको कविता प्रकाशित गरी सार्वजनिक साहित्य यात्रा आरम्भ गरेका हुन् । उनले नेपाली साहित्यमा कविता, उपन्यास, निबन्ध जस्ता विधामा कलम चलाएर महत्त्वपूर्ण योगदान दिएका छन् । कविता विधाबाट नेपाली साहित्यमा उदाएका भए पनि पछिल्लो समयमा आख्यान विधामा बढी सफलता प्राप्त गरेका छन् । उनका **सेतो आरोहण** (कविता सङ्ग्रह, २०५६), **प्रारम्भ प्रक्षेपण** (कविता सङ्ग्रह, २०५८), **जिकिरको गद्दी** (कविता सङ्ग्रह, २०५९), **मिथक माया** (कविता सङ्ग्रह, २०६१), **किरात संस्कार** (किरात संस्कृति सम्बन्धी पुस्तक, २०६१), **हेत्छाकुप्पा** (उपन्यास, २०६५), **दमिनी भीर** (उपन्यास २०६९) जस्ता सात वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यसका साथै उनले 'गोर्खा सैनिक आवाज' मासिक, 'विर्सिएका अनुहारहरू' संस्मरण स्मारिका जस्ता पत्रपत्रिकाहरूमा सम्पादकको रूपमा आफ्नो सम्लग्नता देखाएका छन् । नेपाली साहित्यको क्षेत्रमा अत्यन्त सक्रिय र जागरुक मुकारुङले 'मदन पुरस्कार' जस्तो गरिमामय पुरस्कार पाउन सफल भएका छन् । यसरी नेपाली साहित्यको निरन्तर सेवा गरे तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन, समालोचना, विश्लेषण हुन बाँकी भएकोले यस शोधकार्यमा उनको योगदानको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

राजन मुकारुङ नेपाली साहित्यको श्री वृद्धिका लागि निरन्तर यात्रारत व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाए तापनि राजन मुकारुङको जीवनी, व्यक्तित्व, कृतित्व तथा प्रवृत्ति जस्ता विषयमा गहन अध्ययन नहुनु नै एउटा समस्याको चयन गरिएको छ । यही समस्यासँग सम्बद्ध अन्य केही उपसमस्या यस प्रकार रहेका छन् :

(क) राजन मुकारुङको जीवनी के कस्तो रहेको छ ?

(ख) राजन मुकारुङको व्यक्तित्व के कस्तो छ ?

(ग) राजन मुकारुङका कृतिहरू के कस्ता रहेका छन् ?

उल्लेखित समस्याहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । त्यसैले यस शोधकार्यमा राजन मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

माथि शोध समस्यामा प्रस्तुत गरिएका मूलभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधपत्रमा निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

(क) राजन मुकारुङको जीवनीको विवेचना लगाउनु,

(ख) मुकारुङका व्यक्तित्वका विभिन्न पाटाहरू पत्ता लगाउनु,

(ग) मुकारुङका साहित्यिक कृतित्वको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको विवरण

राजन मुकारुङ जस्तोसुकै कठिन परिस्थितिमा पनि साहित्यमा निरन्तर समर्पित नाम हो । उनी नेपाली साहित्यमा कविता, आख्यान, निबन्ध जस्ता विधामा सक्रिय रूपमा लागेका सर्जक हुन् । वि.स. २०४९ देखि उनी निरन्तर साधनारत छन् । आजसम्म उनका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपमा अध्ययन भएको पाइँदैन । उनका बारेमा प्रकाशित विभिन्न लेख तथा टीका टिप्पणीहरू विविध पुस्तक तथा पत्र पत्रिकाहरूमा छरिएर रहेका छन् । मुकारुङका व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरिएका केही सन्दर्भहरू यहाँ प्रस्तुत गरिएको छ ।

हाङयुग अज्ञात (२०५७) ले **रूपरेखा**मा "सेतो आरोही राजन मुकारुङ बारे केही कुरा" शीर्षकको लेखमा राजन मुकारुङको कविता सङ्ग्रह **सेतो आरोहण**को सम्बन्धमा उनले धैरै कुराहरूको रहर र चाहना पलाउने उमेरमा पनि राजन गम्भिर भएर जीन्दगीको समग्रताको खोजी गर्नुले मुकारुङको काव्यिक चेतान भएको उल्लेख गरेका छन् । उनका अनुसार यस्तै गति र अवस्था रहिरहे नेपाली साहित्यमा राजनले एउटा सफल प्रतिनिधिको भूमिका निर्वाह गर्ने छन् भन्दै यस लेखमा अराजकता र शालीन विद्रोहको आवाज उठाएको चर्चा गरेका छन् ।

अशोक प्यासी राई (२०६१) ले **अन्नपूर्ण पोष्ट**मा "मिथकीय कृति" शीर्षकको लेखमा राजन मुकारुङको **मिथक माया** कविता सङ्ग्रहमा गाउँदेखि वेसी आधुनिक र सुविधा सम्पन्न सहरसम्मको जीवन शैली अटाएको उल्लेख गरेका छन् । यस लेखमा राइले परम्परा भन्दा पृथक् धारमा आएको 'मिथक माया' नेपाली बाङ्मयमा सङ्ग्रहनीय कृति बनेको भन्दै मुकारुङको व्यक्तित्व र कृतित्वको चर्चा गरेका छन् ।

ईश्वर बल्लभ (२०६५) ले **कान्तिपुर**मा "सीमान्तवर्ती" शीर्षकको लेखमा साहित्यकार राजन मुकारुङको कविता संग्रह **मिथक माया**का सम्बन्धमा सीमान्तकृतहरूको आवाजलाई ध्यानमा राखी लेखिएको उल्लेख गरेका छन् । उनका अनुसार मिथक माया सङ्ग्रहमा किरात जातिको सांस्कृतिक सभ्यता र विशिष्टतालाई शक्ति र स्रोतका रूपमा लिइएको छ । यस लेखमा विशेष गरी किरात समाजमा भएका मिथकको प्रयोगले कवितालाई सुन्दर बनाएको छ भन्दै मुकारुङको कृतित्वको साथै व्यक्तित्वको पनि चर्चा गरिएको छ ।

झलक सुवेदी (२०६५) ले **हेत्छाकुप्पा** उपन्यासको आवरण पृष्ठमा राजन मुकारुङ शिल्पशैली र विचारका हिसाबले हाम्रो समयको प्रगतिशील र प्रतिनिधि उपन्यास हो भनी चर्चा गरेका छन् । उपन्यास विधा मार्फत लेखनमा नयाँ परम्परा प्रवेश गराउन सफल व्यक्तित्वको चर्चा गरिएको छ ।

गोविन्द वर्तमान (२०६५) ले **हेत्छाकुप्पा** उपन्यासको आवरण पृष्ठमा **हेत्छाकुप्पा** आधुनिक नेपाली उपन्यासहरूमा श्रेष्ठतम कृति हो भनी उल्लेख गरेका छन् । उनका अनुसार हेत्छाकुप्पाले जातीय पहिचानको विषय र जनजातिका जराहरूमा निरिक्षण गर्ने काम गरेको छ । यसमा विद्यमान विभेदकारी सामाजिक प्रचलनहरू माथि सूक्ष्मतम ढङ्गले औंला ठड्याएको चर्चा गरिएको छ ।

तारानाथ सापकोटा (२०६९) ले **सौर्य दैनिक**मा "तरल समाजको नक्सा" शीर्षकको समीक्षात्मक लेखमा राजन मुकारुङको **दमिनी भीर** उपन्यास नेपालको वर्तमान राजनीति, सामाजिक संरचना, जातीय उत्पीडन, वर्गीय असमानता, साँस्कृतिक विचलनको एउटा जीवन्त दस्तावेज हो भनी उल्लेख गरेका छन् । उनका अनुसार **दमिनी भीर** उपन्यास नेपाली समाजको बहुआयामिक विकासको साक्षीका रूपमा उभिएको छ भन्दै उनले मदन पुरष्कार पाउन सफल कृतित्वको चर्चा गरेका छन् ।

रविन गिरीले (२०६९) ले **अन्नपूर्ण पोष्ट**मा "दमिनी भीरका उकाली ओराली" शीर्षकको लेखमा **दमिनी भीर** ढुङ्गा, माटो र त्यसबाट सिर्जित वस्तुको थुप्रोमात्र होइन गरिब, दलित र जातीय उत्पीडनमा परेकाहरूको उकाली ओरालीको कहानी हो भनी उल्लेख गरेका छन् ।

एकराज भुजेल (२०७०) ले **कान्तिपुर**मा "दमिनी भीरको सफलता" शीर्षकको लेखमा राजन मुकारुङका लेखहरूले देशमा सीमान्तकृतहरूले भोग्नु पर्ने तीतो यथार्थलाई साहित्यको माध्यमबाट भए पनि सीमान्तकृत वर्गमा केही मलम पुग्ने गरेको अवस्थाको चर्चा गर्दै एकसय एघार वटा उपन्यास मध्ये एकसय दशवटालाई धकेल्दै पहिलो हुन सफल भएको दमिनी भीर उपन्यासको चर्चा गरेका छन् । यस लेखमा भोजपुरको शिर, ट्याम्केको गरिमा बढाउँदै **दमिनी**

**भीर**ले मुलुकमा तहल्का मच्चाएकोमा **दमिनी भीर**लाई सादुभाव अनि दमिनी भीरका लेखक राजन मुकारुङको लेखन शैलीमा अझै तीव्रता  आओस भन्दै मदन पुरष्कार जित्न सफल कृति **दमिनी भीर**का बारेमा र उनको व्यक्तित्वको बारेमा चर्चा गरेका छन् ।

**दमिनी भीर** उपन्यासको अन्तिम आवरण पृष्ठमा राजन मुकारुङले सत्ता इतर आवाजलाई प्रखर रूपमा उठान गर्नुको साथै **हेल्छाकुप्पा** उपन्यास मार्फत उनले जातीय मुक्ति र नश्ल चेतनाको मुद्दालाई सशक्त रूपमा प्रस्तुत गरेका विषयहरूको उल्लेख गरिएको छ । यस **दमिनी भीर** उपन्यासमा मुकारुङले सङ्क्रमणकालीन नेपाली समाजको वस्तुगत अवस्था, मनोविज्ञान र कार्यव्यवहारलाई नौलो शैली सहित यथार्थ चित्रण गरेका छन् भनी चर्चा गरिएको छ ।

राजन मुकारुङका बारेमा गरिएको टीका टिप्पणी एवम् भनाइहरू यिनै हुन् तापनि उनको समग्र पक्षको विस्तृत चिनारी दिइएको पूर्व समीक्षात्मक लेख तथा रचनाहरू पाइएका छैनन् । यही अभावको परिपूर्ति गर्ने उद्देश्यले गर्न लागिएको प्रस्तुत शोधपत्रमा राजन मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

माथिका भनाइहरूबाट पनि राजन मुकारुङ नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् भन्ने प्रष्ट हुन्छ । हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अनुसन्धान कार्य नहुनु अपूर्णताकै रूपमा लिनुपर्छ । कविता, उपन्यास र निबन्धमा समान रूपमा कलम चलाउने राजन मुकारुङको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु आवश्यक देखिन्छ । यही नै यस शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विशिष्ट प्रतिभा राजन मुकारुङको जीवनी, व्यक्तित्व र साहित्यिक कृतित्वको विश्लेष्ण तथा मूल्याङ्कन गर्नु र उनको योगदानको चर्चा गर्नु प्रस्तुत शोधपत्रको सीमा हो ।

## १.७ शोधविधि

### १.७.१ सामग्री संकलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा मूल रूपमा पुस्तकालयीय कार्यबाट अधिकांश सामग्री संकलन गरिएको छ । यसका अतिरिक्त स्वयम् शोध नायक राजन मुकारुङसँग गरिएका मौखिक तथा लिखित

प्रश्नहरूको आधारमा पनि राजन मुकारुङका जीवनी र व्यक्तित्व सम्बन्धी विविध सूचना र जानकारी संकलन गरिएको छ । यस क्रममा शोध नायकबाट प्राप्त सूचनाहरू, शोध नायकका सिर्जनात्मक कृतिहरू प्राथमिक वा मुख्य सामग्री हुन् भने उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा भएका पूर्व अध्ययनहरू प्रस्तुत शोधका लागि द्वितीयक सामग्री हुन् ।

### १.७.२ सामग्री संकलनको सैद्धान्तिक आधार र ढाँचा

शोधशीर्षक र समस्याको प्रकृति अनुसार सामग्री विश्लेषणको आधार निर्धारण गरिएको छ । प्रस्तुत शोधकार्य गुणात्मक शोध पद्धतिमा आधारित रहेको छ । संकलित सामग्रीको जीवनीपरक एवम् प्रभावपरक समालोचना पद्धति तथा विधा सिद्धान्तलाई आधार बनाई विश्लेषणात्मक एवम् सर्वेक्षणात्मक विधिद्वारा विवेचना गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई सात परिच्छेदमा विभाजन गरिएको छ । शोधपत्रको स्वरूप वा विभाजन यस प्रकार रहेको छ :

**पहिलो परिच्छेद** : शोध परिचय
**दोस्रो परिच्छेद** : साहित्यकार राजन मुकारुङको जीवनी
**तेस्रो परिच्छेद** : साहित्यकार राजन मुकारुङको व्यक्तित्व
**चौथो परिच्छेद** : साहित्यकार राजन मुकारुङको साहित्यिक यात्रा र प्रवृत्ति
**पाँचौं परिच्छेद** : साहित्यकार राजन मुकारुङका काव्यकृतिको विश्लेषण
**छैठौं परिच्छेद** : राजन मुकारुङका आख्यान तथा निबन्ध कृतिको विश्लेषण
**सातौं परिच्छेद** : सारांश र निष्कर्ष
**परिशिष्ट**
**सन्दर्भसामग्री सूची**

प्रस्तुत शोधपत्र सातवटा परिच्छेदमा विभक्त गरिएको छ । उल्लिखित परिच्छेदगत शीर्षकहरूलाई आवश्यकता अनुसार उपशीर्षकमा विभाजित गरिएको छ ।

# परिच्छेद दुई

# राजन मुकारुङको जीवनी

## २.१ विषय परिचय

राजन मुकारुङ नेपाली साहित्य जगतका क्रियाशील साहित्यकार हुन् । उनले नेपाली साहित्यमा कविता, आख्यान, निबन्ध जस्ता विधामा कलम चलाएर आफूलाई बहुमुखी साहित्यकारका रूपमा चिनाएका छन् । यस्ता सक्रिय साहित्यकार मुकारुङको समग्र जीवनीको अध्ययन पनि यस शोधकार्यको महत्त्वपूर्ण अध्ययन क्षेत्र हो । त्यसैले यस शोध कार्यमा विभिन्न शीर्षक तथा उप-शीर्षकमा साहित्यकार मुकारुङको समग्र जीवनीमाथि अध्ययन गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

राजन मुकारुङको जन्म वि.सं. २०३१ साल फागुन १३ गते तदनुसार इ.स. १९७४-०२-२५ का दिन कोशी अञ्चल भोजपुर जिल्ला नागी गा.वि.सं. को दिल्पा भन्ने ठाउँमा भएको हो ( शोधनायकबाट प्राप्त जानकारी) । उनका पिताको नाम घनश्याम किराँत र माताको नाम विष्णुरेखा राई हो । राजन मुकारुङको चिनाको नाम मोहनसिंह राई हो । राजन नाम रहनुको कारणमा वि.सं. २०३१ साल फागुन १२ गते तत्कालीन राजा वीरेन्द्रले नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस भनेर राखेको प्रस्ताव पास भएपछि वि.२०३१ फागुन १३ गते सरकारले सार्वजनिक विदा दिएको थियो । राजाले विदा दिएको दिन जन्मेको हुनाले राजा समान होस भनेर राजन नाम राखिएको हुनाले राजन नाम रहेको हो । अर्को कारणमा फागुन १२ गते शिक्षा दिवस परेको र १३ गते जन्मिएको हुनाले राजाले मनाउने शिक्षा दिवसको भोलिपल्ट जन्मिएको हुनाले राजा समान होस भनेर् पनि राजन नाम रहन गएको हो (शोध नायकबाट प्राप्त जानकारी) राजनको थर मुकारुङ रहनुको पनि कारण छ । आठ कक्षामा पढ्दासम्म राजन राई लेख्ने गरेको र नौ कक्षामा पुग्दा जम्म ७८ जना विद्यार्थीहरूमा ७ जना राजन राई नामका विद्यार्थी भएपछि उनीहरूभन्दा फरक हुनको लागि मुकारुङ लेख्न थलिएकोले मुकारुङ थरले चिनिन थाले ।

## २.३ पुर्ख्यौली र वंश परम्परा

राजन मुकारुङको पुर्ख्यौली थलो भोजपुर हो । पुस्तौ पुस्ता देखि राईहरू भोजपुरमा नै बसोबास गर्दै आएका छन् । अरु ठाउँहरूमा छरिएर रहेका राईहरू पनि भोजपुरबाट नै गएका हुन् (शोध नायकबाट प्राप्त जानकारी) ।

राजन मुकारुङका जिजुवाजे परशुराम राईका नौ वटी श्रीमती र धेरै सन्तानहरू मध्ये जेठी श्रीमती पटीका रहमान राई हुन् । सहरमान राईका दुइवटी श्रीमती मध्ये जेठी श्रीमती पार्वती राईबाट सात जना सन्तान जन्मिएका देखिन्छन् । ती सातजना सन्तान मध्ये छोराहरूमा बालकृष्ण राई, घनश्याम राई, डिल्ली किराँत राई र बुलु मुकारुङ हुन् । छोरीहरूमा नर्वदा राई, नेत्रकला राई र क्षेत्रकला राई हुन् । सहरमान राईकी कान्छी श्रीमती महादेवी राईबाट दुइवटी छोरीहरू भागु राई र गीता राई मात्र जन्मिएको देखिन्छ ।

सहरमा राईका नौ जना सन्तानमा घनश्याम किराँत माइला छोरा हुन् । घनश्याम किराँतका पनि दुइवटी श्रीमती छन् । जेठी श्रीमती विष्णुरेखा राईबाट तीन छोराहरू श्रवण मुकारुङ, जिताहाङ मुकारुङ र राजन मुकारुङ जन्मिएका हुन् । घनश्याम किराँतको कान्छी श्रीमती सीतादेवी राईबाट दुई छोरा र एकछोरी गरि तीन सन्तान जन्मिएको देखिन्छ । तिनीहरूमा नाम्मिहाङ राई, मुहाङ राई र स्मृति किराँत गरी घनश्याम राईका जम्मा ६ जना सन्तान रहेका छन् । मुकारुङका परिवारमा घनश्याम किराँत र विष्णुरेखा राइका तीनवटा सन्तानमा कान्छा छोराको रूपमा राजन मुकारुङको जन्म भएको हो । राजनका बुवा, आमा र अर्की आमा पट्टीका भाईहरू भोजपुरमा नै बसोवास गर्छन भने राजन काठमाडौंको कोटेश्वरमा वि.सं. २०५४ देखि बसोवास गर्दै आएका छन् । राजनका जेठा दाई श्रवण मुकारुङ काठमाडौंमा बस्छन् माइला दाई जिताहाङ मुकारुङ भोजपुरमा बस्छन् ।

## २.४ बाल्यकाल र किशोरावस्था

राजन मुकारुङको बाल्यकाल आर्थिक कठिनाइमा नै बित्यो । राजन सानै हुँदा उनका बुवाले अर्को विवाह गरेर छुट्टै बस्न थाले । एक्ली आमासँगको बसाइमा राजनले आर्थिक साथै पारिवारिक कठिनाइ पनि सामना गर्नु परेको बताउँछन् । घर खर्चको लागि खसी, बोका र अन्नहरू बेचेर टार्ने गर्थे । विद्यालयको खर्चका लागि विद्यालयले आयोजना गरेको साप्ताहिक कार्यक्रममा जितेर ल्याएको पुरस्कारले केही सहयोग पुगेको मुकारुङ बताउँछन् । बुवा छुट्टै बसेपछि घर बाहिरको सबै काम आमा आफैले गर्नुपर्थ्यो । घरभित्रको काम आमाले नभ्याउने र दाजुहरू पनि घर छाडेर हिंडेकोले घर व्यवहारका काम धन्दाहरू खना पकाउने, भाँडा धुने, कुट्ने, पिस्ने, घाँस काट्ने, गोबर फाल्ने, घर

लिपपोत गर्नेदेखि घर बाहिरको काममा पनि राजनले भ्याएसम्म आमालाई सघाउने गरेको बताउँछन् । राजनका वुवा घनश्याम किराँत छुट्टै बस्न थाले, छोराहरू श्रवण र जिताहाङ पनि गाउँ छोडेर काठमाडौं बस्न थालेपछि आमासँग लामोसमय सँगै बस्ने राजन मात्र भए । एक्ली आमासँग लामो समयसम्म सँगै बसेका  राजनले आर्थिक, पारिवारिक दुःख बुझ्नुका साथै जस्तोसुकै कठिन परिस्थिति सृजना भए पनि हरेस् खान नहुने रहेछ भन्ने प्रेरणा पनि आमाबाटै पाएको बताउँछन् । बिहान बेलुका घरको काम धन्दा दिउँसो विद्यालय जानु पर्ने हुनाले राजनले खेल्ने समय खासै पाउँदैनथे । कहिलेकाही समय पाएमा गुच्चा खोपी खेल्ने गर्दथे । उनी फुटवल खेलेको हेर्न रमाइलो मान्थे तर आफुले कहिल्यै खेलेनन् (शोधनायकबाट प्राप्त जानकारी) ।

राजन मुकारुङ सानै देखि अलि चकचके  उट्पट्याङ स्वभावका थिए । तीजको भोलीपल्ट चौथीको दिन छिमेकीको घरमा विगो गर्दा आमाले वेस्सरी पिट्नु भएको थियो (शोधनायकबाट प्राप्त जानकारी) । बिहान बेलुका घरको काम भ्याइकन पढ्न जानु पर्ने हुदा उनी पढाईमा मध्यम वर्गमा पर्दथे । उत्कृष्ट पनि भएनन् र अनुतीर्ण पनि कहिल्यै भएनन् । कोहीसँग बोल्न नडराउने, आफ्ना कुरा भन्नै पर्ने, तर्क गर्न सक्ने मुकारुङले किशोरावस्था देखि नै पारिवारिक जिम्मेवारी वहन गर्नुपऱ्यो ।

राजन मुकारुङ किशोारावस्था देखि नै लेखन क्षेत्रमा अगाडि बढि सकेका थिए । सुरुमा लेखेका  कविताहरू सार्वजनिक गरेनन् र पछि मात्र नजिकको साथीहरूलाई देखाउन थाले ( शोधनायकबाट प्राप्त जानकारी) । वास्तविक जीवनमा कसैलाई माया गर्न थालेका मुकारुङ कविता पनि माया प्रेमका बारेमा लेख्ने गर्दथे । विभिन्न घरायसी कारणले मुकारुङको पढाइ केही ढिलो भएता पनि एस.एल.सी. पास गर्ने वित्तिकै जागिरे जीवनमा प्रवेश गरे । समग्रमा उनको बाल्यकाल आर्थिक र पारिवारिक सङ्कटमा बित्यो ।

## २.५ शिक्षा दीक्षा

राजन मुकारुङको अक्षारम्भ छ वर्षको उमेरमा मनकामना जनकल्याण माध्यमिक विद्यालय खोटाङ्ग निर्मलीडाँडा गा.वि.सं. मा भएको थियो । खोटाङ राजनको मामाघर हो ।  आफ्ना पतिबाट खासै रेखदेख र हेरविचार नभएपछि मुकारुङकी आमा विष्णुरेखाले राजनलाई माइतीमा पढ्न राखिदिएकी थिइन । एक वर्ष मामाघर खोटाङमा बसेर पढेपछि कक्षा दुइमा पढ्न आफू जन्मेकै ठाउँ भोजपुरको अन्नपूर्ण माध्यमिक विद्यालयमा पुग्दछन् । सोही अन्नपुर्ण माध्यमिक विद्यालयबाट नै

राजनले एस.एल.सी. सम्म अध्ययन गर्ने मौका पाए । राजनको पहिलो गुरु भनेको आफ्नी आमा हुन् र त्यसपछि विद्यालयमा टीकाप्रसाद न्यौपाने हुन् ।

राजन मुकारुङ पढाइमा सधैं मध्यम  वर्गमा पर्दथे । कक्षामा बस्दा ध्यान दिएर सुन्ने पर्दथे, गृहकार्य पनि गर्दथे तर नोट कहिल्यै बनाएनन् । कक्षामा सरले प्रश्न सोध्नु भयो भने धेरै लामो उत्तर दिएर सरलाई नै झर्को लाग्ने गरी दिक्क पार्दथे । (शोधनायकबाट प्राप्त जानकरी) । राजन कक्षा ४ मा पढ्दा एउटा उपन्यास भेटेर सिरानीमा टुकी बत्ती राखेर पढ्न लाग्दा पढ्दा पढ्दै निदाएपछि वत्ती ढलेर किताबहरू र आफ्नै पछाडीको कपाल पनि डढेको थियो ।

राजनको घर नजिकै छिमेकीको वारीमा उखु रोपेको थियो । गौतम थर भएकी केटी साथी र उनी उखु चोर्न  जाने गर्थे । एकदिन उखु चोर्न जाँदा झगडा पऱ्यो । झगडा बढ्दै जाँदा  राजनले साथीलाई पिटे । उनी धेरै रोइन । पछि राजनले आफै सम्झाई बुझाई गरे । उनी चुप लागिन र त्यही दिन देखि उनीहरूमा माया प्रेम सुरु भएको थियो (शोधनायकबाट प्राप्त जानकारी) ।

आठ कक्षामा पढ्दा पढ्दै राजनले दुइ वर्ष बढाइ छाडे  र पुनः पढाइलाई निरन्तरता दिए । कक्षा एकदेखि कक्षा नौसम्म चौथा पाचौंको स्थान हासिल गर्ने राजन टेष्ट परीक्षामा दोस्रो भएका थिए । एस.एल.सी. मा भने उत्कृष्ट भएका थिए (शोधनायकबाट प्राप्त जानकारी) । मुकारुङ २०५० सालमा एस.एल.सी. पास गरेपछि उच्च शिक्षाका लागि भोजपुर मै रहेको भोजपुर बहुमुखी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तह पढ्न थाले । उनले दुइ महिना जति इच्छाधीन अंग्रजी विषय राखेर पढे उनको रुचिको विषय पनि अंग्रेजी नै थियो । दुई महिनापछि अंग्रेजी विषय छोडेर नेपाली विषय राखेर पहिलो वर्षको परीक्षा दिए । पहिलो वर्ष मात्र उनले क्याम्पस गएर पढ्न पाए । दोस्रो वर्षको पढाई सुरु हुँदा उनी विद्यालयमा शिक्षकका रूपमा जागिरे भए । त्यसैले क्याम्पस पढ्न जान पाएनन् । आफूले अक्षरारम्भ गरेको खोटाङको निर्मलीडाँडामा पर्ने मनकामना जनकल्याण माध्यमिक विद्यालयमा दश कक्षासम्म नेपाली विषय पढाउन थालेका हुन् । भर्खर एस.एल.सी. सकेका मुकारुङलाई कक्षा ८, ९ र १० को नेपाली विषय पढाउन दिइएको थियो । राजनले विद्यालयमा पढाउँदै आफु पनि पढ्दै वि.सं. २०५४ मा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरे । त्यसपछि स्नातक तह अध्ययन गर्नको लागि काठमाडौं भित्रिए । काठमाडौ पसेपछि त्रि-चन्द्र क्याम्पसमा इच्छाधीन विषय समाजशास्त्र राखेर स्नातक तह अध्ययन गर्न थाले । उको रुचिको विषय साहित्य भएपनि विश्व समाजको परिवेश बुझ्नको लागि समाजशास्त्र रोजेका थिए । जब उनीले समाजशास्त्रमा केही बुझ्न थाले झन् बढी जान्ने चाहना बढ्दै गयो । विभिन्न दार्शनिकहरूका दर्शनहरू पनि पढ्न थाले र त्यही देखि उनी साहित्यमा झन् गहिरो रूपमा डुब्न थालेका हुन् । यसरी साहित्यमा गहिरो

रूपमा लाग्न थालेपछि उनको पढाई स्नातकबाट अगाडी बढ्न सकेन (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.६ छेवर, विवाह तथा सन्तान

छोरा जन्मेको २ वा ४ वर्ष देखि उता जोडी वर्षमा छोराको पहिलो पटक कपाल खौरी नयाँ लुगा लगाइ दिने कर्म नै छेवर हो (किरात राई जातिको संस्कृति सम्बन्धि पुस्तक 'खोलाटोला' अनुसार) । राजन मुकारुङ ६ वर्षको हुँदा छेवर भएको हो । उनको आफ्नै घरमा मुन्दुम विधि अनुसार छेवर सम्पन्न भएको हो । राईहरूको संस्कार अनुसार छेवर गरेपछि विवाहका लागि योग्य भएको भन्ने मानिन्छ । मुन्दुम विधि अनुसार छेवरमा सबैभन्दा महत्त्वपूर्ण धनुकाँड दिइन्छ । त्यसपछि धनुकाँड गुलेली लिएर जङ्गलमा सिकार गर्न जान पाउँछन् । छेवरमा कतै-कतै बाबुले उपहार स्वरूप धनुकाँड दिने तथा मामाले टोपी लगाइदिने चलन पनि रहेको छ । छोरा वालिग भएको र अब हानमार गर्ने र आफन्तजनको सुरक्षाका लागि सक्षम भयो भनेर यो कार्य गरिएको मानिन्छ (किरत राई जातिको रीतिरिवाज) बालकृष्ण राई (२०६७) यदि छेवर गर्न छुटेमा विवाहको समयमा पहिला छेवर गरेर अनि विवाह गर्ने चलन पनि रहेको छ ।

वि.सं. २०४८ मा राजन मुकारुङ प्रगति राईसँग विवाह बन्धनमा बाँधिएका हुन् । महलसिंह राई र मनशिला राईकी सुपुत्री प्रगति राईसँग राजनको विचार र जात दुबै मिल्दथ्यो । राजनकी पत्नी प्रगती राई पनि साहित्यको क्षेत्रमा निकै सफल व्यक्तित्व हुन् । कामको सिलसिलामा प्रगती राई विगत चार वर्ष देखि कोरियामा छिन् ।

राजन मुकारुङका दुई सुपुत्र जन्मिएका छन् । जेठो छोरो नियोन मुकारुङ र कान्छो छोरो सायोग मुकारुङ हुन् । जेठो छोरो नियोन मुकारुङले वि.सं. २०४९ मा जन्मि भोजपुर मै अक्षरारम्भ गरे । बुबाले पढेकै विद्यालय अन्नपुर्ण माध्यमिक विद्यालयबाट दश जोड दुई सम्मको अध्ययनपछि स्नातक पढ्नको लागि काठमाडौं भित्रिए । हाल काठमाडौंको ट्रिटन कलेजमा वि.ए. दोस्रो वर्षमा अध्ययन गर्दैछन् ।

राजन मुकारुङको कान्छो सन्तानको रूपमा सायोग मुकारुङको जन्म वि.सं. २०५१ म भएको हो । सायोगको पनि अक्षरारम्भ बुवा र दाई पढेकै विद्यालय अन्नपूर्ण माध्यमिक विद्यालयमा भएको हो । हाल उनी अन्नपूर्ण उच्च माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययन गर्दैछन् । सायोग आफ्नी हजुरआमासँग भोजपुरमा नै बस्छन् । मुकारुङको कान्छो छोरो सायोग भोजपुरमा बस्छन्, श्रीमती कोरियामा छिन्  जेठो छोरो नियोन मात्र आफुसँग भएकोले राजनलाई परिवारको आर्थिक

बोझ त्यति छैन । राजन र प्रगती दुवै जना साहित्यमा रुचि राख्ने हुनाले उनीहरू बीचको सपना, कल्पना सबै मिलेको बताउँछन् । परिवारका सदस्यहरू बीचको सुमधुर सम्बन्धका कारण राजनको पारिरिक जीवन सुखद रूपमा चलेको छ ।

## २.७ आर्थिक अवस्था

राजन मुकारुङ निम्न मध्यम वर्गका परिवारमा जन्मिएका हुन् । परिवारको कमजोर आर्थिक अवस्थाका कारण सानै अवस्था देखि विविध समस्याको सामना गर्नु परेको थियो । उनको बुवाले उनी नजन्मदै अर्को विवाह गरेर छुट्टै बस्न थालेपछि एक्ली आमासँगको बसाई निकै कष्टकर बन्यो । एक्ली भएता पनि राजनकी आमा कडा स्वभावकी आँटिली र साहसी थिइन् । उनले कहिल्यै पनि हरेस खाइनन् । जस्तोसुकै समस्या आइपरे पनि सन्तानलाई शिक्षित बनाउनुपर्छ भन्ने राजनकी आमाको धारणा थियो । छोराहरूले पनि एक्ली आमाको व्यथा बुझेका थिए । लगनशील र मेहनती छोराहरू देखेर आमाले आफ्नो दुःख भुलेकी थिइन् । राजनलाई सानो छँदा जति कापी कलम जुटाउन गाह्रो परेको थियो अलि ठूलो हुँदै गएपछि यो केही हदसम्म हलुका भएको थियो किनकी विद्यालयमा पाएको पुरष्कारले सहयोग पुऱ्याएको उनी बताँउछन् ।

आफ्नै मान्छेले दिएको धोका र कमजोर आर्थिक अवस्था कै कारण राजनकी आमाले राजनलाई अक्षरारम्भ गराउन आफ्नो माइती खोटाङमा लगेर राखिदिएकी थिइन् । एक वर्ष जति माइतीमा राखेपछि पुनः आफ्नै घरमा ल्याएर विद्यालय पठाइन् । राजन विद्यालय पढ्दै गर्दा उनकी हजुरआमा धेरै विरामी भएकी थिइन् । २/४ दिन गाउँमा नै उपचार गर्दा नभएपछि बुवाहरूले हजुरआमालाई प्लेनमा काठमाडौं लानुभयो । हजुरआमाको विरामीको कारण अगिल्ला दिनहरूमा राम्ररी सुत्न नपाएकोले हजुरआमालाई काठमाडौं लगेको दिन धेरै दिनको निन्द्राले राती सुत्ने बेलामा ढोका लगाउन बिर्सेकाले राती चोर पसेर गर-गहना, माल सामान सबै लग्यो । त्यही साल ठूलो भुकम्प पनि गयो । त्यतिबेला राजनको परिवारलाई घर खर्च चलाउन धेरै गाह्रो परेको थियो ( शोधनायकबाट प्राप्त जानकारी) ।

वि.सं २०५० मा एस.एल.सी. गरेका राजन विं २०५१ देखि नै विद्यालयमा पढाउन थालेका थिए । तीन वर्ष जति विद्यालयमा खाएको जागिरले उनले आफूले पढ्दाको ऋण तिरेका थिए । कलेज जीवनको सुरुवात सँगै खाएको जागिरले निरन्तरता पाउन सकेन । तीन वर्ष जतिमा विद्यालय छोडेर प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेकाले स्नातक तहको पढाइका लागि काठमाडौं भित्रिए । काठमाडौं पसेपछि जागिरको खोजीमा यताउता धेरै भौतारिएका थिए । जागिर खोजीको

क्रममा आफन्तहरूले पनि नराम्रो चोट दिए । त्यसपछि राजन जागिरको चक्कर छाडेर पत्रिकामा सम्पादकको काम गर्न थाले । जब उनी सम्पादक भएर काम गर्न थाले उनको लेखाइको रफ्तार बढ्दै गयो । आफ्ना लेख रचनाहरू पत्रपत्रिकाहरूमा छपाएर केही अर्थ आर्जन गर्न थाले । वि.सं. २०६० देखि यता उनी पुरै समय लेखक भएका छन् ।

पैतृक सम्पत्तीका सवालमा राजनका हजुरबुबा देखि नै तेरो मेरो भनेर अंश लिने भाग लगाउने चलन नरहेको बताउछन् । राजनले पनि कुनै अंशमा दाबी नगरेको र व्यक्तिगत रूपमा पनि केही जोड्न मन नगरेको बताउँछन् । जे जति छ भोजपुरमा नै छ जो बस्छ उसले कमाएर खान्छ । व्यक्तिगत रूपमा तेरोमेरोको भावना छैन (शोधनायकबाट प्राप्त जानकारी) । निम्न मध्यम वर्गीय आर्थिक पृष्ठभूमीका राजन मुकारुङको अहिलेको आर्थिक अवस्था पनि निम्न मध्यम वर्गीय नै रहेको बताउँछन् ।

## २.८ रुचि तथा स्वभाव

राजन मुकारुङको रुचि विशेष गरी साहित्य साधनामा छ । उनी साहित्य रचना गर्न पाउँदा आनन्द मान्दछन् । उनलाई साथीभाइसँग बसेर साहित्य सम्बन्धि भलाकुसारी गर्न मन पर्छ । उनलाई भाषण सुन्न मन पर्छ । परिआए दह्रो तर्कका साथ भाषण पनि गर्दछन् । मुकारुङ गीतकार पनि हुन् । उनका धेरैवटा गीतहरू रेकर्ड पनि भएका छन् । उनी गीत लेख्दा क्रान्तिकारी गीत लेख्छन् र सुन्नु पर्दा जीवनवादी गीतहरू सुन्ने गर्दछन् । लोक साहित्य र आफ्नो संस्कृतिप्रति उनी जिम्वेवार छन् । लोक जीवनप्रति उनको आकर्षणले विभिन्न जन जातिका सन्निकट पुऱ्याएको उनको स्वीकारोक्ति छ । सादा जीवन विताउनमा नै सन्तुष्ट रहने मुकारुङ नेपाली खाना र मासु असाध्यै मन पराउँछन् । सामान्य पहिरनमा रहन रुचाउने मुकारुङ बाह्य आकर्षण र तडकभडक प्रति कुनै रुचि राख्दैनन् । कर्ममा विश्वास गर्ने उनी कर्तव्य र जीम्वेवारी पुरा गर्न सधैं क्रियाशील रहन्छन् । आफूले जीम्मा लिएको काममा जस्तोसुकै समस्याहरू आइपरे पनि उनी कहिल्यै विचलित हुदैनन् । मर्यादित पारिवारिक जीवनप्रति विश्वास गर्दछन् । पारिवारिक समस्या र आवश्यकतामा संवेदनशील रहने मुकारुङ परिवारका सदस्यहरूलाई असाध्यै प्यारो गर्दछन् । उनी सबैसँग हँसिलो भएर बोल्छन् । आफ्नो कुरा सुनाउन पाइयोस्, तर्क गर्न पाइयोस् भन्ने उनको स्वभाव छ । चिनजान हुनासाथ जो कोहीसँग पनि विश्वास गर्ने निस्वार्थ, सरल र गम्भिर स्वभावका छन् । मुकारुङले अबका दिनहरूमा विक्री हुने खालका राम्रा किताबहरू निकाल्ने सोच राखेका छन् । उनी आफ्नो लेखाईमा

सन्तुष्ट छन् । सरल र सामान्य रूपमा नै जीवन यापन मन पराउने मुकारुङमा कुनै ठूलो महत्त्वकांक्षा छैन ।

## २.९ पेसा र कार्यक्षेत्र

राजन मुकारुङले एस.एल.सी. पास गर्ने बित्तिकै देखि आय आर्जनका काम थालेका थिए । वि.सं. २०५० सालमा एस.एल.सी. पास गरेका मुकारुङ २०५१ देखि देखि नै आफूले अक्षराम्भ गरेको खोटाङको निर्मलीडाँडा स्थित मनकामना जनकल्याण मा. वि. मा अध्यापन गराउन थालेका हुन् । यो नै मुकारुङको जागिरे जीवनको पहिलो अनुभव भएको उनी बताउँछन् । वि.सं. २०५४ सम्म अध्यापन गराई तीन वर्षको अनुभव लिएर अध्यापन पेसा छोडी राजधानी भित्रिए । वि.सं. २०५४ मा काठमाडौं भित्रिएर चारवर्ष जति गोर्खा सैनिक आवाज मासिक पत्रिकाको सम्पादकको रूपमा काम गरे ।

## २.१० संस्थागत संलग्नता

राजन मुकारुङले विभिन्न सामाजिक तथा साहित्यिक संघ संस्थसँग आवद्ध भएर कार्य गरेका छन् । किराँत लेखक सङ्घका संस्थापक(संयोजक), किराँत राइ लेखक सङ्घका अध्यक्ष, किराँत राई यायोख्खाका काठमाडौं जिल्ला अध्यक्ष जस्ता विभिन्न सङ्घ संस्थाहरूमा उनको संलग्नता रहेको छ । नेपाल रेडक्रस सोसाइटी र किराँत राई यायोख्याको आजीवन सदस्य पनि रहेका छन् ।

यसैगरी 'गोर्खा सैनिक आवाज' मासिक, 'साहित्य समन्वय' द्वैमासिक, 'किराँत मिसन' मासिक, 'गोर्खाली' मासिक, 'जापानको चक्कर', 'वाइस जङ्घार तरेपछि', 'निप्सुङ, विशेषाङ्क 'बिर्सिएका अनुहारहरू' संस्मरण, 'रिदुम मुन्दुम', 'अन्नपूर्ण स्वर्ण जयन्ति' स्मारिका, 'किराँत राई यायोख्खा' समकालीन साप्ताहिक जस्ता पत्रपत्रिकाहरूमा  सम्पादनको रूपमा आफ्नो संलग्नता देखाएका छन् । मुकारुङको आफ्नै सक्रियतामा वि.सं. २०६१ म 'आदिवासी साहित्य सम्मेलन' नामक दुई दिने साहित्यिक गोष्ठी भएको थियो ।

## २.११ भ्रमण

राजन मुकारुङ साहित्यकारका रूपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलनमा सहभागी भएका छन् । नेपालमा प्रायः सबै जिल्लामा पुगेका मुकारुङ विदेशमा हङकङ पुगेका छन् । वि.सं.२०६९ को मदन पुरष्कार पाउन सफल उपन्यास **दमिनी भीर**को विश्लेषणका सिलसिलामा औपचारिक भ्रमणको रूपमा हङकङ पुगेका हुन् ।

## २.१२ सम्मान तथा पुरष्कार

राजन मुकारुङले दुई दशक भन्दा बढी समयदेखि साहित्य साधना गर्दै आएका हुन् । उनको लेखन साहित्यका विभिन्न विधाहरूमा क्रियाशिल रहेको छ । उनको योगदानको कदर स्वरूप उनलाई विभिन्न सङ्घ संस्थाहरूले मान सम्मान तथा पुरष्कार प्रदान गरेका हुन् ।

उनले पाएका सम्मान तथा पुरष्कारहरू :

किरात राई साहित्य सम्मान-२०५८ ‘प्रारम्भ प्रक्षेपण’
मदनश्वरी स्मृति सम्मान-२०५४ ‘किराँत संस्कार’
किराँत स्वायत्त राज्य संस्कृति सम्मान -२०६६
मदन पुरस्कार -२०६९ ‘दमिनी भीर’
कलरप नेपाल - धरान
फ्यान क्लब अफ रमेश क्षितिज-धरान
सामुदायिक वन उपभोक्ता युवा महासंघ-झापा
अन्नपूर्ण उ.मा.वि.-भोजपुर
अन्नपूर्ण गा.वि.सं.- भोजपुर
पूर्वाञ्चल साहित्य सङ्गीत प्रतिष्ठान, नेपाल-भोजपुर
सरस्वती महिला वचत समूह -भोजपुर
उपस्वास्थ्य चौकी - भोजपुर
मनकामना जनकल्याण मा.वि.-खोटाङ
किराँत राई यायोख्खा केन्द्रीय सभा-गाइघाट
रौतहट साहित्य सञ्जाल
किराँत, राई, वान्तावा, मुकारुङ, चेली सङ्घ-काठमाडौं

## २.१३ सुख दु:खका क्षणहरू

जीवनमा घट्ने विविध घटनाहरू कुनै कुनै घटना अविष्मरणीय हुन्छन् जसले जीवनको मोड नै परिवर्तन गरी दिन्छन् । यस्तै घटना राजन मुकारुङको जीवनमा पनि घटेका छन् । कक्षा नौ मा जिल्ला स्तरीय कविता वाचन प्रतियोगितामा प्रथम हुँदा उनी ज्यादै खुशी भए । एस.एल.सी. पास हुँदाको क्षण पनि उनी निकै खुशी भए । विदेश भ्रमण गर्दाको समय पनि सुखद नै भयो । उनी सबैभन्दा खुशी भएको क्षण भनेको वि.सं. २०६९ को मदन पुरष्कार विजेता बने त्यो क्षण उनको जीवनमा नै अविस्मरणीय क्षण बनेको छ । उनका रचनाहरू प्रकाशित हुँदाका क्षण, ती सिर्जनाहरूले पुरष्कार पाएको क्षण पनि रमाइला नै थिए ।

राजन मुकारुङ कक्षा आठमा पढ्दै गर्दा गौतम थर भएकी केटीलाई मन पराउन थालेका थिए । ती केटीको अचानक अन्तै विवाह भयो । आफुले माया गरेको मान्छेलाई अर्कैले लगेपछि राजनले आफ्नो पढाइ नै छाडिदिए । दुई वर्ष पछि उनी पुन: विद्यालय जान थाले । यसरी दुई वर्ष

पढाई छुटेकोमा राजनलाई दुःख लागेको बताउँछन् । आफुले कुनै राम्रो काम गर्दा आमाले सँधै स्याबासी दिनु हुन्छ । तर बुबाले कहिल्यै पनि राम्रो नराम्रो, क्रिया-प्रतिक्रिया केही नगरेकोमा उनलाई धेरै नरमाइलो लाग्ने गर्दछ । उनको जीवनको सबैभन्दा दुःखद अविस्मरणीय क्षण भनेको जब श्रीमती कोरिया जान भनेर घरबाट निस्कन लागिन् त्यो क्षण निकै दर्दनाक बन्यो । त्यो क्षण सम्झँदा अहिले पनि नरमाइलो लाग्ने गरेको बताँउछन् (शोधनायकबाट प्राप्त जानकारी) । विगत जे जस्तो भए पनि हाल राजनले पारिवारिक वातावरणमा सफल जीवन यापन गरेको अनुभुति गरेको बताउँछन् ।

## २.१४ लेखनमा प्रेरणा र प्रभाव

राजन मुकारुङले सानैमा आमाबाट रामायणका श्लोकहरू सुनेका थिए । किराँत राई परिवारमा हुर्किए पनि मुकारुङकी आमा विष्णुरेखा राईलाई हिन्दू संस्कारको गहिरो प्रभाव परेको थियो । ब्राह्मण क्षत्रीहरू सँगसँगै बसोबास भएको कारण हुन सक्छ विष्णुरेखालाई रामायण र गुणरत्न कण्ठस्थ थियो (नेपाल राट्रिय साप्ताहिक २०७० कार्तिक) । कतिपय हिन्दू संस्कारका चाडपर्वहरू पनि मनाउने गर्दथे । पहिलो प्रभाव मुकारुङलाई आफ्नी आमाको र त्यसपछि परिवारको परेको थियो । राजनका बुवा घरश्याम किराँत आँशु कवि थिए । उनी तुरुन्तै कविता रच्न सक्थे । राजनका काका बुलु मुकारुङ बरिष्ठ सङ्गीत कर्मी हुन् । राजनका जेठा दाई श्रवण मुकारुङ पनि गीत सङ्गीतको क्षेत्रमा सफल व्यक्तित्व हुन् । यसरी राजन मुकारुङलाई पनि केही न केही गरेर नाम कमाउनु पर्छ भन्ने प्रभाव आफ्नै परिवारका अग्रज सदस्यहरूबाट परेको बताउँछन् ।

सानैदेखि जिज्ञासु स्वभावका मुकारुङले कक्षा ४ मा पढ्दा 'चम्किलो रातो तारा' नामक उपन्यास भेटे । पाठ्यपुस्तक बाहेक अन्य पुस्तकहरू पढ्न नपाइने समयमा उनले उक्त उपन्यास दिल खोलेर पढ्ने अवसर पाए । उपन्यास पढि सकेपछि उनलाई पनि उपन्यासको नायक जस्तै बन्ने प्रेरणा जाग्यो । नायक बन्न नसके पनि यस्तै किताव लेख्छु भन्ने प्रेरणा जागेको थियो ।

राजन मुकारुङलाई वैरागी काइँलाको 'सावातको वैला उत्सव' कविताले ठूलो प्रभाव पारेको छ । त्यस कविताको बिम्ब, मिथक, कवितामा प्रयोग भएको लय, फेदाङ्वाको लय उनलाई असाध्यै मन परेको थियो । आफ्नो संस्कृति सम्बन्धी कुरालाई उनले यसै कविताबाट प्रभावित भएर लेखेका हुन् । उनलाई भारतीय लेखिका महाश्वेतादेवीको उपन्यासमा उठेका मुद्दाहरूबाट पनि प्रभाव परेको बताउँछन् ।

राजन मुकारुङको भोजपुर साप्ताहिक पत्रिकामा 'बन्दना तिमी बाँच्नु पर्छ' शीर्षकको कविता वि.सं.२०४९ मा प्रकाशित भएपछि सार्वजनिक साहित्य यात्रा सुरु भएको हो । उक्त कविता मुकारुङको कविता वाचन प्रतियोगितामा प्रथम भएको कविता पनि हो । काठमाडौंबाट प्रकाशित पहिलो कविता नेपाल समाचार पत्रमा वि.सं.२०५२ मा प्रकाशित 'परिवर्तन' शीर्षकको कविता हो ।

## २.१५ जीवन र साहित्य सम्बन्धी धारणा

कुनै पनि साहित्यकारको वास्तविक मूल्य निर्धारणका लागि उसको जीवन जगत प्रतिको दृष्टिकोण र साहित्यिक दृष्टिकोणलाई बुझ्नु आवश्यक हुन्छ । साहित्यकारमा विद्यमान जीवन दृष्टिले उसको आफ्नोपनको निर्धारण गर्दछ । यही पन नै साहित्यकारको परिचय हो । राजन मुकारुङ साहित्यलाई जीवन र जगतको रागात्मक अभिव्यक्ति मान्दछन् । उनी साहित्यमा कल्पना भन्दा यथार्थ बढी हुनु पर्दछ भन्दछन् । मानव समाजको सचेत नागरिक हुनाले समाजलाई रूपान्तरण गर्नको लागि साँस्कृतिक रूपमा परिवर्तन हुनु जरुरी ठान्दछन् । उनी साँस्कृतिक रूपमा परिवर्तन नभई रानजीतिक रूपमा परिवर्तन हुदैन, त्यसैले समाज परिवर्तनको लागि स्रष्टामा सचेतनाको अति आवश्यक छ भन्दछन् । मुकारुङको धारणा छ : साहित्य उत्पीडित, उपेक्षित जाति, वर्ग, क्षेत्र वा लैङगीक यी सबैको पहिचान स्थापित गराउने खालको हुनु पर्दछ । जीवन सुख दुःखको समिश्रण हो । साहित्य जीवनको भोगाई हो । उनी भन्दछन्- जीवन सङ्घर्षको अर्को नाम हो । त्यसैले जीवन पर्यन्त सङ्घर्ष निरन्तर गर्नुपर्छ । एकपटक पाइने जीवन गतिशील हुनुपर्दछ । हरेस नखाई सङर्ष गर्दै जानु पर्दछ एक दिन पक्कै सफल भइन्छ । कसैलाई ढिलो कसैलाई चाँडो कर्मको फल मिल्दछ, त्यसैले जीवनमा आशावादी हुनुपर्दछ । कहिलेकाँही सफलता हात नलाग्न पनि सक्छ, जसलाई हामी दुःख भन्ने गर्दछौं । त्यही सुख र दुःखको सङ्गम नै जीवन हो । अर्थात सफलता र असफलताको मिलन हो जीवन । साहित्य पनि जीवन कै कुनै पक्षको प्रस्तुती भएकोले यसमा पनि सुख र दुःख मिश्रित रूपमा आएको हुनुपर्दछ । मुकारुङ साहित्य र जीवन दुवैलाई सुख र दुःखको सङ्गम ठान्दछन् ।

## २.१६ निष्कर्ष

राजन मुकारुङको जन्म पिता घनश्याम किराँत र माता विष्णुरेखा राईको कोखबाट वि.सं. २०३१ फागुन १३ गते भोजपुर जिल्लाको नागी गा.वि.सं. को वडा नं. २ मा भएको हो । मुकारुङको बाल्यकाल भोजपुर र खोटाङमा वितेको थियो । वि.सं. २०५१ देखि शिक्षण क्षेत्रमा प्रवेश गरेका मुकारुङले स्नातक सम्मको अध्ययन गरेका छन् । निम्न मध्यम वर्गीय परिवारमा हुर्केका मुकारुङको

विवाह वि.सं. २०४८ मा प्रगति राईसँग भएको हो । वि.सं.२०४९ मा 'वन्दना तिमी बाँच्नुपर्छ' शीर्षकको कविता छपाएर मुकारुङ साहित्यमा प्रवेश गरेका हुन् । सामाजिक र साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएवापत 'नव प्रतिभा पुरष्कार' मदनश्वरी पुरष्कार, 'अन्तराष्ट्रिय चेली सम्मान', 'मदन पुरष्कार' जस्ता विभिन्न पुरष्कारहरूले सम्मानित मुकारुङका सातवटा पुस्तकारकार कृतिहरू प्रकाशित भएका छन् । सुरुमा कविका रूपमा परिचित मुकारुङ पछि उपन्यासकारका रूपमा चर्चित छन् । हालसम्म उनको कलम साहित्य सिर्जनामा निरन्तर रहेको छ ।

# तेस्रो परिच्छेद

# राजन मुकारुङको व्यक्तित्व

## ३.१ विषय परिचय

जीवनमा विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुशी तथा क्रिया प्रतिक्रियाबाट मानिसको व्यक्तित्व निर्माण भएको हुन्छ । मानिसको व्यक्तित्व निर्माणका पछाडि पारिविारिक, सामाजिक साँस्कृतिक, शैक्षिक, राजनीतिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मानवीय घटना परिघटनाले नै मानिसको प्रवृत्ति निर्माण गरेको हुन्छ । यस बाहेक रुचि, क्षमता, पेसा, सङ्गत र जीवनप्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेख्य भूमिका खेलेको हुन्छ ।

राजन मुकारुङको पनि उपयुक्त प्रक्रियाबाट व्यक्तित्व निर्माण भएको देखिन्छ । मुकारुङले नेपाली भाषा, साहित्य, शिक्षा, समाज र राष्ट्र हितका लागि अथक परिश्रम गरेका छन् । मुकारुङले नेपाल लगायत हङकङको भ्रमण गरी अनुभव बटुलेका छन् । उनी नैरागी काँइलाको 'सावताको वैला उत्सव' कविताबाट, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** उपन्यासबाट र लक्ष्मीप्रसाद देवकोटाको **के नेपाल सानो छ** निबन्धबाट प्रभाव र प्रेरणा ग्रहण गरेको बताउँछन् । यी नै प्रेरणा र प्रभावबाट निर्मित मुकारुङको साहित्यिक व्यक्तित्व निर्माण भएको देखिन्छ ।

शारीरिक व्यक्तित्व स्वरूप पहिचानको प्रमुख आधार हो । शारीरिक व्यक्तित्वलाई बाह्य व्यक्तित्व पनि भन्न सकिन्छ । मुकारुङको बाह्य व्यक्तित्व हेर्दा गारो वर्णका मङ्गोलियन अनुहार, मिलेका दाँतका लहर, रसिला र पुष्ट गाला, ठूलो निधार, ठिक्कको नाक, कान, गाला, आँखा र कालो कपाल भएका छन् । उनको शारीरिक स्वरूप मोटोघाटो र हट्टाकट्टा देखिन्छन् । करिब ६७ के.जी. तौल र ६ फिट ६ इन्च अग्लाइ भएका मुकारुङ आकर्षक व्यक्तित्वका धनी छन् । शान्त र सौम्य प्रकृति अल्पाभाषी तथा मधुर बोली भएका मुकारुङ नम्र स्वभावका हँसिला र भावुक देखिन्छन् । सामान्यतया साधारण भेषभुषमा रुचि राख्ने मुकारुङ मित्रहरू र समाजका सबै वर्ग सीत सौहाद्रपूर्ण व्यवहार गर्दछन् ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

जीवनका विभिन्न आरोह- अवरोह, क्रिया-प्रतिक्रिया र त्यसका भोगाइमा नै उसको समग्र व्यक्तित्व निर्भर रहने गर्दछ । व्यक्तिको समष्टि व्यक्तित्व निर्माणमा उसको आर्थिक, सामाजिक, साँस्कृतिक, पारिवारिक पृष्ठमूमि र परिवेश, शिक्षा, दीक्षा, खानपान रुचि पेसा र जीवनदृष्टि आदिले

महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस आधारमा राजन मुकारुङको समष्टि व्यक्तित्वलाई केलाएर हेर्दा उनको बहुमुखी व्यक्तित्व रहेको पाइन्छ । उनको व्यक्तित्वका पक्षहरूलाई साहित्यिक र साहित्यइतर गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ :

### ३.२.१ साहित्यकार व्यक्तित्व

राजन मुकारुङका विविध साहित्यिक व्यक्तित्व देखिन्छन् । उनका साहित्यिक व्यक्तित्व निम्न अनुसार छन् ।

#### ३.२.१.१ कवि व्यक्तित्व

राजन मुकारुङको साहित्य यात्रा कविता विधाबाट आरम्भ भएको हो । कलिलै उममेरमा कविता लेखेर वाचन गरी प्रथम स्थान हासिल गर्न उनी सफल भएका थिए । 'बन्धना तिमी बाच्नुपर्छ' शीर्षकको कविताबाट यस क्षेत्रमा सार्वजनिक भएका मुकारुङका चारवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनले कवितामा साँस्कृतिक चेत, वर्गीय मुक्ति, सिर्जनशील अराजकता र शालिन विद्रोहको आवाज उठाएका छन् । त्यही अराजकतालाई सिर्जनशील बनाउनु सिर्जनशील अराजकता हो । उनले कविताहरूमा परम्परा र संस्कारलाई चुनौती दिएर लेखेका छन् । साथै उत्पीडित, उपेक्षित, जाति वर्ग क्षेत्र वा लैङ्गिक यी सबैको पहिचान स्थापित गराउन खोज्नु उनका कविताको मूल मर्म रहेको छ । उनका कवितामा सामाजिक सुधार, साँस्कृतिक परिवर्तन र जागरणका स्वरहरू रहेको पाइन्छ । सामाजिक शोषण र अत्याचारप्रतिको व्यङग्य, आक्रोश र असन्तुष्टि अभिव्यक्त भएको पाइन्छ । उनका कवितामा पाइने विद्रोहको स्वर उनको काव्यिक पहिचान हो । उनका कविताहरू गद्य भाषा शैलीमा छन् ।

#### ३.२.१.२ उपन्यासकार व्यक्तित्व

राजन मुकारुङलाई चर्चित गराउने विधा भनेकै उपन्यास विधा हो । उनी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका हालसम्म दुइवटा उपन्यासहरू प्रकाशित भएका छन् । **हेत्छाकुप्पा** (२०६५) र **दमिनी भीर** (२०६९) रहेका छन् । **हेत्छाकुप्पा** किराँती संस्कृतिमा प्रचलित मिथक हो । **हेत्छाकुप्पा** उपन्यासमा जातीय मुक्ति र नश्ल चेतलाई आकार दिन तथा सत्ता इतरको आवाज उठाउन खोजिएको छ । यस उपन्यासमा मुकारुङले वदलिदो नेपाली समाजका विभिन्न पक्षहरूको चित्रण गरेका छन् ।

**दमिनी भीर** उपन्यास चर्चित उपन्यास बन्न पुगेको छ । यही उपन्यास मार्फत राजन मुकारुङले 'मदन पुरस्कार' हात पार्न सफल भएका छन् । **दमिनी भीर** उपन्यासमा सामाजिक

विभेदका विषयवस्तुलाई सजिव तरिकाले उठाएका छन् । सामाजिक परिवेशका कुरालाई राजनीतिक कालखण्डसँग जोडेर लेखिएको उपन्यासमा पूर्वी पहाडी ग्रामीण समुदायका झर्रा शब्दलाई जस्ताको तस्तै उतारेका छन् । उपन्यासको पृष्ठभूमी दशवर्षे द्वन्द्वकाल रहेको छ । समाजको सम्वेदनशील विषयलाई लिएर सामाजिक मूल्य र मान्यताप्रतिको सद्भाव, परिवर्तनको आकाङ्क्षा, कुरीति र कुसंस्कारको विरोध, सामाजिक आर्थिक विषमताको उद्घाटन, शोषित र पीडित वर्गप्रति सहानुभुति मुकारुङका औपन्यासिक पहिचानगत प्रवृत्ति हुन् । यी नै उपन्यास र यिनीहरूमा निहित विशेषताले मुकारुङ नेपाली साहित्यमा उपन्यासकारका रूपमा स्थापित भएका छन् ।

### ३.२.१.३ निबन्धकार व्यक्तित्व

राजन मुकारुङ निबन्धकार पनि हुन् । उनको निबन्धको पुस्तकाकार कृतिको रूपमा प्रकाशित नभएता पनि फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा निबन्धहरू प्रकाशित भएका छन् । उनको पहिलो निबन्ध वि.स. २०७० सालमा प्रकाशित 'साहित्यमा फेरिदैं गरेको सौन्दर्य' शीर्षकको निबन्ध हो । उक्त निबन्ध कान्तिपुर कोसेली पत्रिकामा असारको अङ्कमा छापिएको थियो । त्यसपछि मुकारुङका 'पहिचानको दाबीमा कविता', 'होलटाइमरको बयान', 'तमोरको हरियो विम्बमा' जस्ता निबन्धहरू कान्तिपुर, नागरिक र नेपाल समाचार पत्रमा प्रकाशित भएका छन् ।

राजन मुकारुङ लक्ष्मीप्रसाद देवकोटाको 'के नेपाल सानो छ' निबन्धबाट प्रभावित भएर निबन्ध लेखन तर्फ लागेको बताउँछन् । हिजो आजको निबन्धमा चिन्तन कम भएको, निजात्मक हुँदै गइरहेको र व्यक्तिगत कुण्ठाहरू वढी पोखिन थालेकोले आफुले ती कुराहरू भन्दा फरक धारमा रहेर निबन्ध लेख्न थालेको मुकारुङको भनाई छ ।

### ३.२.१.४ गीतकार व्यक्तित्व

राजन मुकारुङ गीतकार पनि हुन् । उनी गीत लेख्नु पर्दा क्रान्तिकारी गीत लेख्छन् र सुन्नु पर्दा जीवनवादी गीतहरू सुन्ने गर्दछन् । उनका रेकर्ड भएका गीतहरू निम्नानुसार छन् :

आदिवासी किराँतहरू

कर्णाली खत्पड र जडान सुनकोशी किराँत लिम्बुवान, जुरुक्कै उठ्छौ एक भै यही हो हाम्रो पहिचान

स्याबारे

राजन मुकारुङले आफ्नै परिवेश, जाति र संस्कृति सम्बन्धी गीतहरू लेखेका छन् । उनको गीतकार व्यक्तित्व पनि सक्रिय रहेको देखिन्छ ।

### ३.२.१.५ सम्पादक व्यक्तित्व

राजन मुकारुङले साहित्य लेखनका अतिररिक्त सम्पादन तथा सङ्कलनको कार्य पनि गरेका छन् । उनले 'गोर्खा सैनिक आवाज' मासिक पत्रिकाबाट सम्पादन कार्य सुरु गरेका हुन् । उनले सम्पादन गरेका पत्र पत्रिकाहरू निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| गोर्खा सैनिक आवाज | वि.स.२०५६–२०५९ |
| जापानको चक्कर | वि.स.२०५६ |
| बाइस जङ्घार तरेपछि | वि.स. २०५७ |
| नित्सुङ विशेषाङ्क | वि.स.२०५८ |
| गोर्खाली साप्ताहिक | वि.स.२०५९ |
| विर्सिएका अनुहारहरू | वि.स. २०५९ |
| साहित्य समन्वय | वि.स २०५८–२०६३ |
| किराँती मिसन | वि.स. २०६३–२०६४ |
| रिदुम मुन्दुम | वि.स. २०६२ |
| अन्नपूर्ण स्वर्ण जयन्ती स्मारिका | वि.स. २०६३ |
| किराँत राई यायोख्खा | वि.स.२०६६ |

यसरी विभिन्न पत्रिकाको सम्पादन गरी नेपाली साहित्यिक पत्रिकाको विकासमा योगदान दिने मुकारुङको सम्पादक व्यक्तित्व पनि उनको पहिचानको एक पाटो हो ।

### ३.२.२ साहित्य इतर व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । उसले समाजमा ज्ञात अज्ञात रूपमा केही न केही काम गरिरहेको हुन्छ । मानिस समाजमा बसोवास गर्ने भएकोले उसले समाज अनुसार विभिन्न काम गर्नुपर्ने हुन्छ । समाजमा वसेपछि साहित्य सिर्जना मात्र गरेर पुग्दैन त्यसैले राजन मुकारुङ साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्य इतर व्यक्तित्वका रूपमा पनि अत्यन्त प्रभावशाली देखिन्छन् । उनको साहित्यइतर व्यक्तित्वलाई निम्न लिखित शीर्षकमा राखेर अध्ययन गरिन्छ ।

### ३.२.२.१ लेखक व्यक्तित्व

साहित्यकार राजन मुकारुङले साहित्यिक विधाका साथै साहित्यइतर विषयमा पनि सक्रियताका साथ कलम चलाएका छन् । उनले वि.स. २०६१ मा **किराँत संस्कार** शीर्षकको कृति प्रकाशित गरेका छन् । 'किरात संस्कार' कृतिमा किराँत राई जातिको संस्कार बारे चर्चा गरिएको छ

। उनले उक्त कृतिमा किराँत राई मध्ये पनि वान्तवा भित्र जन्मदेखि मृत्यु पर्यन्तको सम्पूर्ण संस्कार उल्लेख गरेका छन् ।

### ३.२.२.२ शिक्षक व्यक्तित्व

राजन मुकारुङ शिक्षक व्यक्तित्व पनि हुन् । उनी एस. एल.सी. पास गर्ने वित्तिकै शिक्षक भएका थिए । वि.स. २०५१ देखि आफैले शिक्षाराम्भ गरेको खोटाङ निर्मलीडाडाँको मनकामना जनकल्याण मा.वि. मा वि.स. २०५४ सम्म अस्थायी शिक्षकका रूपमा कार्य गरे । यो नै उनको जागिरे जीवनको पहिलो अनुभव पनि हो । उनको साहित्य प्रतिको लगाव देखेर नै भर्खर एस. एल.सी. गरेका मुकारुङलाई मा.वि. को नेपाली विषय पढाउन दिइएको थियो । छोटो समयका लागि अध्यापनमा संलग्न मुकारुङको पहिचानको पाटो शिक्षक व्यक्तित्व पनि हो ।

### ३.२.२.३ राजनीतिक व्यक्तित्व

राजन मुकारुङ लेखनका साथसाथै  नेपथ्यमा रहेर राजनीतितर्फ पनि संलग्न थिए । उनलाई अरूले खोलेको सङ्गठन मन पर्दैनथ्यो । आफैले सङ्गठन खोलेर साथीभाई जमघट गरेर आफ्ना तर्कहरू राख्ने उनको स्वभाव थियो (शोधनायकबाट प्राप्त जानकारी) । वि.सं. २०५८ देखि २०६५ सम्म माओवादीको सङ्गठित सदस्यता लिएर विभिन्न कमिटी र मोर्चाहरूमा बसेर काम गरेका मुकारुङ वि.सं. २०६५ पछि बुर्जुवा पार्टीले आफ्नो धरातल छोड्यो भनेर पार्टी परित्याग गरी पहिचान सहितको सङ्घीयताका पक्षधर भएर कार्य गरेका छन् । पहिलो जन आन्दोलनमा जेल परेर धेरै पिटाइ पनि खाएका थिए । हाल उनी सङ्घीय साँस्कृतिक महासङ्घका उपाध्यक्ष भएर कार्य गरिरहेका छन् ।

## ३.३ निष्कर्ष

राजन मुकारुङको जीवनमा घटित विभिन्न घटना र परिघटनाले यिनको व्यक्तित्वमा निकै प्रभाव पारेको देखिन्छ । समग्र जीवनका पक्षहरू महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उच्च व्यक्तित्वले साहित्यमा प्रभाव पार्नु स्वभाविक नै हो । नेपाली साहित्यका विविध  विधामा कलम चलाएर बनेको मुकारुङको साहित्यिक व्यक्तित्वले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । मुकारुङले कार्य क्षेत्रमा अङ्गालेका शिक्षक, राजनीतिक व्यक्तित्वले साहित्य लेखनमा सहयोग पुऱ्याएको छ । अत्यन्त परिश्रमी, लगनशील र गहन विचारले मुकारुङको व्यक्तित्वलाई उच्च विन्दुमा पुऱ्याएको छ । यिनको साहित्यिक व्यक्तित्व मध्ये कवि व्यक्तित्व, उपन्यासकार व्यक्तित्व र साहित्यत्तेर व्यक्तित्व मध्ये शिक्षक र राजनीतिक व्यक्तित्व नै प्रमुख देखिन्छ

। नेपाली साहित्य जगतमा उल्लेख्य योगदान दिन पुगेका मुकारुङ वि.सं. २०६० देखि पुरै समय लेखक भएर नेपाली साहित्यको भण्डारमा सक्रियताका साथ लागि परेका छन् ।

# चौथो परिच्छेद

# राजन मुकारुङको साहित्यिक यात्रा र प्रवृत्ति

## ४.१ विषय परिचय

साहित्यकार राजन मुकारुङको साहित्यिक यात्रा वि.सं. २०४९ देखि औपचारिक रूपमा प्रारम्भ भएको हो । उनले ६/७ कक्षा पढ्दादेखि नै कविता लेख्न थालेका हुन् । सुरु-सुरुका कविताहरू सार्वजनिक गरेनन् । अलि पछि मात्र साथीहरूलाई देखाउन थाले । उनको पहिलो प्रकाशित रचना 'वन्दना तिमी बाँच्नुपर्छ' शीर्षकको कविता हो । उक्त कविता भोजपुर साप्ताहिक पत्रिकामा वि.सं. २०४९ मा प्रकाशित भएको थियो । यो कविता मुकारुङको कविताවाचन प्रतियोगितामा जिल्ला प्रथम हुन सफल कविता पनि हो (सोधनायकबाट जानकारी) । सुरुसुरुमा गरिएका रचनाहरूलाई मुकारुङको साहित्यिक यात्राको पृष्ठभूमि वा आभ्यासिक काल पनि मान्न सकिन्छ । पृष्ठभूमि कालका रचनाहरू मध्ये 'बन्धना तिमी बाँच्नुपर्छ' भोजपुरबाट प्रकाशित पहिलो रचना हो भने काठमाडौंबाट प्रकाशित पहिलो कविता 'परिवर्तन' शीर्षकको कविता हो । 'परिवर्तन' शीर्षकको कविता वि.सं. २०५२ मा नेपाल समाचार पत्रमा प्रकाशित भएको थियो । यसरी वि.सं. २०४९ देखि प्रकाशन सुरु भएको उनको साहित्यिक यात्राको क्रममा हालसम्म विभिन्न विधाका सातवटा पुस्तककार कृतिहरू प्रकाशित भइसकेका छन् । कविता विधाबाट सार्वजनिक साहित्य यात्रा थालेका मुकारुङले वि.सं. २०६५ मा **हेत्छाकुप्पा** उपन्यास प्रकाशन गरी आख्यान क्षेत्रमा प्रवेश गरेका हुन् ।

राजन मुकारुङको पुस्तककार कृतिका रूपमा हेर्दा प्रथम प्रकाशित पुस्तककार कृति **सेतो आरोहण** कविता सङ्ग्रह हो । त्यसपछि मुकारुङका अरू तीनवटा कविता सङ्ग्रहहरू र दुईवटा उपन्यासहरू प्रकाशित भएका छन् । उनको एउटा **किराँत संस्कार** शीर्षकको संस्कृति सम्बन्धी पुस्तक पनि प्रकाशित भएको छ । **किराँत संस्कार** वि.सं. २०६१ मा प्रकाशित भएको हो । उनका कृतिहरू वि.सं. २०५६ देखि सघन रूपमा प्रकाशन हुन थालेका हुन् ।

## ४.२ राजन मुकारुङका साहित्यिक कृतिहरूको परिचय

### ४.२.१ कविता कृति

साहित्यकार राजन मुकारुङको साहित्यिक यात्रा वि.सं. २०४९ मा 'वन्दना तिमी बाँच्नुपर्छ' शीर्षकको कविता प्रकाशन भएपछि सुरु भएको हो । **सेतो आरोहण** (२०५६) कविता सङ्ग्रह मुकारुङको पहिलो पुस्तकाकार कृति हो । यस पछि उनका अरू तीनवटा कविता सङ्ग्रह र दुईवटा उपन्यासहरू प्रकाशित भएका छन् । उनको एउटा **किरात संस्कार** शीर्षकको राई किरातहरूको संस्कृति सम्बन्धी पुस्तक पनि प्रकाशित भएको छ । साहित्यका विभिन्न विधामा कलम चलाएका बहु प्रतिभाका धनी राजन मुकारुङका हालसम्मका प्रकाशित साहित्यिक कृतिहरू निम्न लिखित छन् :

उनको पहिलो प्रकाशित कविता सङ्ग्रह **सेतो आरोहण** (२०५६) का कविताहरू :

१) कोलम्बस, २) भरी पर्दा, ३) निशब्द पीडा, ४) बाँचेको छु, ५) निषेध ६) सम्झनामा, ७) आधुनिक कविता, ८) सडक पीडा, ९) नीलो पीडा, १०) यो जाडोमा, ११) प्रिय झण्डा, १२) पर्खेर बसेको छु, १३) छोरी हराएपछि, १४) बन्दुकको कविता, १५) रातो भयावह, १६) पराजय, १७) शताब्दी शिविरछेउ, १८) घाउहरू, १९) पानीपराक्रम, २०) द्विग्विजय, २१) प्रेमको वाढी, २२) सेतो आरोहण, २३) माग्नेहरूलाई, २४) शब्द शिविरबाट, २५) लोकफूल, २६) श्वेत पीडा, २७) खोसिएको आकास, २८) ऐनाअघि उभिएर, २९) जाडो आतङ्क, ३०) बाजी, ३१) रानीपोखरीलाई हेरेर, ३२) प्रेमपीडा-१, ३३) प्रेमपीडा-२, ३४) प्रेमपीडा-३, ३५) प्रेमपीडा-४, ३६) राजीनामा, ३७) अग्निभ्रम, ३८) बेनाम कविताहरू, ३९) अफाप बैंसको घोषणा, ४०) बसको यात्रामा, ४१) सम्झौता, ४२) म भित्रको अर्को मान्छे, ४३) नीलो आतङ्क, ४४) अर्को बुद्ध र ४५) शताब्दीको रङ्मञ्चमा ।

राजन मुकारुङको दोस्रो कविता सङ्ग्रह **प्रारम्भ प्रक्षेपण** (२०५८) भित्रका कविताहरू :

१) जीवनको जिकिर-१, २) जङ्गलमा मेरो गीत, ३) कविता-तरङ्गहरू, ४) कशोरी नदीसीत, ५) शब्द-द्रोह, ६) उपहार, ७) क्याविनमा, ८) प्रेमपेक्षा, ९) समग्रहरूको मान्छे, १०) पहेलो पूल, ११) द्रोह-विद्रोह, १२) समय-मोह, १३) जिन्दगीको फ्रेमभित्र, १४) चौथो पीडा, १५) चार-४, १६) हरियो वार्ता, १७) जीवन द्रोह, १८) गीतको जहाज, १९) सपनाको धुन, २०) बाढी-२, २१) अविराम युद्ध, २२) नकाब-१, २३) नकाब-२, २४) नकाब-३, २५) शून्य अवतरण, २६) शीतका थोपाहरू, २७) सीमा अनुराग, २८) सम्मोहनको राग, २९) प्रेमपीडा-५, ३०) घामको मोह, ३१) रातो विहानी मुनी, ३२) आन्दोलन, ३३) कङ्काल आतङ्क, ३४) नयाँ स्पर्स, ३५) जीवनको ह्याङ ओभर,

३६) फाँसी, ३७) संहार, ३८) नकाब-४, ३९) मूक विद्रोह, ४०) रातो छाँया, ४१) म जस्तै अर्को म-हरू र ४२) वारहरूको पटाङ्गिनी ।

मुकारुङको तेस्रो कविता सङ्ग्रह **जिकिरको गद्दी** (२०५९) का कविताहरू :

१) बाटोमा, २) आदिवासी तस्वीर, ३) आतङ्ककारी, ४) ईःमेलको सर्तबोध, ५) प्रेमकिाको मृत्युमा, ६) जङ्गबहादुरको रूपान्तरण, ७) अध्यारोको उज्यालो, ८) अनिदमा, ९) पुनरागमनको लिखत, १०) प्रेमपीडा-६, ११) गन्तव्यको आलेख, १२) मृत्यु समारोह, १३) खतरनाक, १४) कि–अब, १५) झण्डै दुर्घटना, १६) आफ्नै जन्मोत्सवमा, १७) बुख्याचाहरूको जुलुस, १८) हारजित, १९) गिलो अनुमति, २०) मार्रा, २१) आँधी, २२) १४ फेब्रुअरीमा, २३) रुमालको गीत, २४) जिकिरको गद्दी र २५) कालो सालिकसित ।

कवि मुकारुङको अन्तिम तथा चौथो कविता सङ्ग्रह **मिथक माया** (२०६१) का कविताहरू :

१) खोला, २) बाँच्नुको आहान, ३) भट्टिपसलमा, ४) रमिता, ५) हुर्र हुर्र...हुर्र, ६) परम् मान्छे, ७) नयाँ घोषणा, ८) म मुन्दुम गर्दैछु, ९) रङ्गमञ्चबाट र १०) मिथक माया ।

### ४.२.२ औपन्यासिक कृतिहरू

कवि व्यक्तित्वमा नेपाली साहित्यमा उदाएका साहित्यकार राजन मुकारुङ पछिल्लो समयमा उपन्यासकार व्यक्तित्वमा बढी चर्चित भएका छन् । उनको पहिलो उपन्यास 'हेप्छाकुप्पा' हो । हालसम्म उनका दुइवटा उपन्यासहरू प्रकाशित भएका छन् । ती उपन्यासहरूको सूची निम्नानुसार रहेका छन् : १) **हेत्छाकुप्पा** (२०६५) र (२) **दमिनी भीर** (२०६९) ।

### ४.२.३ निबन्धहरू

कविता आख्यान हुँदै सत्तरीको दशकमा प्रवेश गरेपछि साहित्यकार राजन मुकारुङको मन निबन्धतिर मोडिएको छ । पुस्तककार कृतिको रूपमा प्रकाशित नभए पनि फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा उनका निबन्धहरू प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित निबन्ध 'साहित्यमा फेरिंदै गरेको सौन्दर्य' शीर्षकको निबन्ध हो । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित निबन्धहरूको सूची निम्नानुसार छन् :

(१) 'साहित्यमा फेरिदैं गरेको सौन्दर्य' (कान्तिपुर कोसेली, २०७०)

(२) 'पहिचानको दाबीमा कविता' (कान्तिपुर कोसेली, २०७० असार १५)

(३) 'होलटाइमरको बयान' (कान्तिपुर कोसेली, २०७०)

(४) 'तमोरको हरियो विम्बमा' (कान्तिपुर कोसेली, २०७० जेठ ४)

## ४.३ राजन मुकारुङको साहित्य इतर कृति

राजन मुकारुङले साहित्यक विधाका साथै साहित्यइतर विषयमा पनि सक्रियताका साथ कलम चलाएका छन् । किरात राई जातिको संस्कारबारे चर्चा गरिएको पुस्तक प्रकाशन गरेका छन् । यिनको **किराँत संस्कार** वि.सं. २०६१ मा प्रकाशित भएको थियो ।

## ४.४ राजन मुकारुङको साहित्यिक यात्रा

साहित्यकार राजन मुकारुङको  साहित्यिक यात्रालाई उनको विधागत वैशिष्ट्यका आधारमा विभिन्न चरणमा वर्गीकरण गरी अध्ययन गरिन्छ । मुकारुङलाई कविता, उपन्यास, निबन्ध जस्ता विधामा अध्ययन गर्न सकिन्छ । उनको प्रारम्भिक चरणको मूल विधा उपन्यास हो । राजन मुकारुङलाई साहित्य यात्रामा परिचय गराउने विधा कविता हो । उनको विधागत प्रवृत्ति विषय छनौट परिवेशको बुनाई, यथार्थ र तथ्यपरक टिपाई एवम् प्रस्तुतिकरण कौशलताको आधारमा लेखिए अनुसार साहित्यिक विकासक्रमलाई वर्गीकरण गरिन्छ । उनको हालसम्मको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गरिन्छ । ती दुई चरणहरू निम्नानुसार छन् :

(१) प्रथम चरण : वि.सं. २०४९ देखि २०६१ सम्म

(२) दोस्रो चरण : वि.सं. २०६५ देखि हालसम्म

### ४.४.१ प्रथम चरणका प्रवृत्ति

साहित्यकार राजन मुकारुङको साहित्यिक यात्राको प्रथम चरण वि.सं. २०४९ देखि प्रारम्भ हुन्छ । यसको उठान 'बन्धना तिमी बाँच्नुपर्छ' शीर्षकको कविताबाट भएको हो । यस चरणमा उनका चारवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । पहिलो चरणका उनका प्रकाशित कविता सङ्ग्रहरूमा **सेतो आरोहण** (२०५६), **प्रारम्भ प्रक्षेपण** (२०५८), **जिकीरको गद्दी** (२०५९), **मिथक माया** (२०६१) रहेका छन् । कविताका क्षेत्रमा ख्याति कमाएका मुकारुङको राई किरातहरूको संस्कारसँग सम्बन्धित **किराँत संस्कार** (२०६१) शीर्षकको संस्कृति सम्बन्धी कृति पनि प्रकाशित भएको छ । यसरी लेखन र प्रकाशनका दृष्टिले प्रथम चरण मुकारुङको उर्वर समय मान्न सकिन्छ ।

साहित्यकार मुकारुङको प्रथम चरणको पहिलो कविता सङ्ग्रह **सतो आरोहण** (२०५६) हो । यस कवितामा ४५ वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रह भित्रका कविताहरूमा मुकारुङले परम्परा र संस्कारलाई चुनौती दिएरर लेखेका छन् साथै सिर्जनशील

अराजकता र शालीन विद्रोहको आवाज उठाएका छन् । उनको दोस्रो कविता सङ्ग्रह **प्रारम्भ प्रक्षेपण** (२०५८) । यस कविता सङ्ग्रहमा ४२ वटा कविताहरू सङ्ग्रहित छन् । यस सङ्ग्रह भित्रका कविताहरूमा उनले समाजमा देखिएका दृश्य माथि एउटा बौद्धिक मान्छेको आँखाले देखेको दृश्यलाई चेतनाका अङ्ग प्रत्यङ्गले सबै तिर सबै दुखेको देखाउन खोजेका छन् । सिर्जनशील अराजकताको मूल नारा सहित एउटा आन्दोलन अगाडि बढाएका छन् । मुकारुङको तेस्रो कविता सङ्ग्रह **जिकिरको गद्‌दी** (२०५९) हो यस सङग्रहमा २५ वटा कविताहरू सङ्ग्रहित छन् । यस सङ्ग्रह भित्रका कविताहरूमा मुकारुङले साहित्य समाज सम्बन्धी चिन्ता व्यक्त गरेका छन् । उनी कविता मार्फत साहित्य भनेको विद्रोही हुनुपर्छ भन्ने जिकीर गर्छन् । मुकारुङको चौथो कविता सङ्ग्रह **मिथक माया** (२०६१) हो । यस सङ्ग्रहमा १० वटा कविताहरू सङ्ग्रहित छन् । यस कृतिमा किरात जातिको सांस्कृतिक सभ्यता र विशिष्टतालाई शक्ति र स्रोतका रूपमा लिइएको छ । मिथकले कुनै पनि जाति देश एवम् सिङ्गो मानव समूदायको सभ्यता क्रम, सांस्कृतिक विशिष्टता र दार्शनिक सत्यलाई स्वीकार्छ भन्ने भाव यस सङ्ग्रहका कविताहरूले देखाउन खोजेका छन् । मुकारुङको पाँचौ कृतिका रूपमा **किराँत संस्कार** (२०६१) रहेको छ । यस कृतिमा राई किरात जातिको संस्कारको चर्चा गरिएको छ । मुकारुङले माथि उल्लेखित कविता सङ्ग्रह्ह मार्फत सिर्जनशील अराजकताको मूल नारा सहित एउटा आन्दोलन अगाडि बढाएका छन् । समाजको हरेक क्षेत्रमा अराजकताको मनोमानी छ । त्यही अराजकतालाई सिर्जनशील बनाउनु सिर्जनशील अराजकताको उद्देश्य हो । उनले आफ्ना कविताहरूमा परम्परा र संस्कारलाई चुनौती दिदै नवीन परिवर्तन चाहेको कुरा प्रष्ट पारेका छन् ।

राजन मुकारुङका साहित्य यात्राको प्रथम चरणमा त्याग र समर्पणको सङ्कल्प, जातिय पहिचान, मानवतावादी चिन्तन, आतङ्कको विरोध, सांस्कृतिक जागरण, देशभक्तिको भावना जस्ता प्रवृत्तिहरू रहेका छन् । यी प्रवृत्तिहरूको उदाहरण सहित छुट्टाछुट्टै व्याख्या गरिएको छ ।

### ४.४.१.१ त्याग र समर्पणको सङ्कल्प

राजन मुकारुङ एक सरल र आदर्श जीवन शैली भएका व्यक्तित्व हुन् । सामाजिक सेवा र आफ्नो संस्कृतिमा रमाउन चाहने मुकारुङका कविताहरूमा सोही अनुसारको दर्शन पाउन सकिन्छ । देश र पछि परेका जनताहरूलाई परिवर्तन गर्न सके जीवनको सार्थकता हुने उनी ठान्दछन् । देश र जनताको उन्नतीको बाधक उनी राजसंस्थालाई मान्दछन् । राजसंस्था उखेली सदाको लागि फाल्न चाहन्छन् । त्यसैले क्रान्ति मार्गमा सबैले दृढ भएर लाग्नुपर्ने विचार व्यक्त गर्दछन् ।

ती राजाहरूको कहाली लाग्दो प्रेम विहीन अनुहारमा
रानी झ्यालको तप्कदो आँसु

राजकुमारी आँखाको स्वप्न देह
राजकुमार अहम्‌को दुर्व्यसनी दुःख
सविस्तार पढिरहेको हुनेछु र
मेरो जिकिरको गद्‌दी मुनी ननिको नसियत भोगेर
ती खुनी राजाहरू यस बखत
उहिल्यै खरानी भइसकेका हुनेछन् ।

(जिकिरको गद्‌दी, पृ. ५३)

माथीका हरफहरूमा कवि मुकारुङले देश हाक्नेहरू आफै प्रेम विहिन, कहाली लाग्दा र दुर्व्यसनले ग्रस्त छन् भन्दै सत्ताधारीहरूको दुर्वलताको उद्‌घाटन गरेका छन् । यिनीहरू आफै यस्ता ग्रसित र पीडित छन् । यिनीहरूले जनता र देशका लागि के गर्न सक्छन् त्यसैले यस्ता पीडाग्रस्त राजाहरूलाई हटाउनुपर्छ वा खरानी बनाउनु पर्छ । यस्ता विवेकहीन राजाको पतन नभएसम्म जनताले चाहेको जस्तो व्यवस्था हुन सक्दैन भन्दै उनी देश र जनताको लागि पुरानो सोच फाल्नु पर्ने समर्पणको भाव व्यक्त गर्दछन् ।

**४.४.१.२ जातीय पहिचान**

राजन मुकारुङले आफ्ना कविताहरूमा नेपाली समाजमा चल्दै आएको जातीय विभेदको कुरा उठाएका छन् । वास्तवमा जातीय विभेद हुनु भनेको प्रगतिको बाधक हो । उ भन्दा म ठूलो भन्ने अहम्‌ले मानिसहरूलाई घमण्डी बनाएको छ । मानिस अरुभन्दा आफू ठुलो हुन पाएकोमा सधै हैकमवादी भएर सानाहरूलाई दवाउने, अवसरबाट वञ्चित गर्ने जस्ता प्रवृत्तिहरू दोहोऱ्याइरहन्छ । जसले गर्दा जातीयताको खाडल ठूलो हुदै गइरहेको छ भन्दै कवि चिन्तित भएका छन् । उनी यस्तो खाडल जातजातिको घेरा भन्दामाथि उठेर सबै एकजुट भएर पुर्नुपर्छ भन्ने भावना व्यक्त गर्दछन् ।

म भन्छु
नयाँ विरासतमा इतिहास उभिनुको
एकदम अग्लो
एकदम स्वीकार्य आदिवासी तस्वीर हो त्यो

(आदिवासी तस्वीर, पृ. ४)

प्रस्तुत हरफहरूमा कवि मुकारुङले आदिवासी जनजातिहरूको पनि राज्यमा समान पहुँच हुनुपर्छ भन्ने प्रसङ्‌ग उठाएका छन् । पहिलादेखि नै इतिहासमा ठूला वडाहरूको मात्र गुणगान गाउने, उनीहरू नै सत्तामा पुग्ने प्रचलन बढ्दै आएको छ । अब भने त्यस्तो प्रवृत्ति फेरिनु पर्छ, राज्यमा सबैको समान पहुँच हुनुपर्छ र सबैलाईं स्वीकार्नुपर्छ भन्ने भाव उनका कवितामा व्यक्त भएका छन् ।

#### ४.४.१.३ मानवतावादी चिन्तन

राजन मुकारुङका कवितामा मानवतावादी चिन्तन पाइन्छ । उनको धारणा छ आफ्ना लागि त जनावर पनि बाँचेको हुन्छ । मानिस चेतनशील प्राणी हुनाले अरूको लागि पनि बाँच्नु पर्छ । मानिसको जीवन परोपकारका लागि हो भन्दै उनी सबै मानिसमा हामी समान हौं भन्ने भावना हुनुपर्दछ भन्ने धारणा व्यक्त गर्छन । मानिसले मानिसलाई मार्नु, हेप्नु, थिच्नु हुदैन । स्वतन्त्र भएर बाँच्ने अधिकार सबैको बराबर छ भन्दै उनी कविता मार्फत यसो भन्छन् ।

बाँच बाँच
जीवन भव्य छ रे
कतै नदेखेर अध्याँरो भविष्य
आजै उफ्रूँ जस्तो
आजै नाँचु जस्तो
जीवन अग्लो छ रे !
जीवन भव्य छ रे !

(बाँच्नुको आह्वान, पृ. ६, मिथक माया)

माथिका हरफहरूमा कविले जीवनवादी सोच व्यक्त गरेका छन् । कर्तव्यशील जीवन जीउन सकेमात्र बाँच्नुको सार्थकता रहन्छ भन्ने उनको दृष्टिकोण छ । प्राणीमा सर्वश्रेष्ठ भएर यस धर्तीमा जन्म लिएपछि निराशाले भरिएको जिन्दगी होइन आशावादी भएर, सकारात्मक सोचका साथ बाँच्नुपर्छ तवमात्र जिन्दगी भव्य हुन्छ भन्ने धारणा उनले व्यक्त गरेका छन् ।

#### ४.४.१.४ आतङ्कको विरोध

कवि मुकारुङले कवितामा आतङ्कले मानवीय जीवन कष्टकर बन्दै गएको प्रसङ्ग उठाएका छन् । दशवर्षे सशस्त्र युद्धका बेला मच्चीएको आतङ्कले कसैलाई पनि राम्रो गरेको छैन । बरु भएका ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक, मानव निर्मित सबै संरचनाहरू ध्वस्त भएका छन् । सरकार चलाउनेहरूले नै आतङ्क फैलाएका छन् भन्दै उनी आतङ्क विरोधी भाव यसरी व्यक्त गर्दछन् ।

उठेछ मोले गर्नु टाउकाको
उठेछ झेल गर्नु अनुहारसित
कस्तो परिभाषा हो आतङ्ककारी
कञ्चकटमा आफैंले ताकेर शासकीय बन्दुक
नाटक यो भएछ वियोगान्त

(मिथक माया, पृ. ५२, मिथक माया)

माथिका हरफहरूमा कविले वि.सं. २०६२/२०६३ को जन आन्दोलनका वेला सरकार पक्षले आन्दोलनकारीहरूलाई गरेको नराम्रो व्यवहारको प्रसङ्ग उठाएका छन् । शासकहरूले आन्दोलनमा लागेका जनताहरूलाई आतङ्ककारी भनेर घोषणा गर्छन र उनीहरूमाथि नै बन्दुक तेर्स्याउँछन् उनीहरूकै टाउको काट्न आदेश दिन्छन् । अनुहार उस्तै देखियो भनेर निर्दोष जनताहरूलाई आतङ्ककारी भन्दै यातना दिन्छन् । यस्तो खेल अब बन्द हुनुपर्छ र सबैले शान्तिसँग बाँच्न पाउनुपर्छ भन्दै उनी आतङ्क विरोधी भाव व्यक्त गर्दछन् ।

### ४.४.१.५ साँस्कृतिक जागरण

कवि राजन मुकारुङ राई किरात संस्कृतिमा हुर्किएका व्यक्तिव्व हुन् । उनी आफ्नो संस्कृतिलाई असाध्यै माया गर्दछन् । कुनै पनि जाति र संस्कृतिको आधारमा कसैलाई पनि भेदभाव गर्न मिल्दैन भन्ने उनको धारणा छ । राज्य पक्षले संस्कृतिकै आधारमा आफूहरूलाई पछि पारेको छ भन्ने उनको गुनासो छ । आदिवासी, जनजाति, सीमान्तकृतहरूलाई राज्यले दोस्रो दर्जाको नागरिकको व्यवहार गऱ्यो, दबाउन खोज्यो भन्दै उनी कविता मार्फत यसो भन्छन् ।

थर्काउँदै आज यी भयहरूलाई
आकाश पातालमा
गाउँ सहरमा
ओढारमा, गुफामा, जङ्गलमा
थर्काउँदै बज ढोलहरू
ताल मिलेर बज थालहरू
म आख्यान गाउँदै छु
म मुन्दुम गर्दैछु ।

(म मुन्दुम गर्दै छु, पृ. ३५, मिथक माया)

मुकारुङले माथिका हरफहरूमा पुराना सोच भएकाहरूलाई आफ्नो संस्कृति मार्फत विधि अनुसार परिवर्तन गर्छु भनेर लागका छन् । ठूलाबडाहरूले समाजमा डर, त्रास र भय फैलाइरहेका हुन्छन् । हरेक ठाउँमा आफू ठूलो हुनुको हुंकार गर्दै अरुहरूलाई पेलिरहेका छन् । अब यस्तो प्रथा ढोल बजाएर, थाल ठटाएर हटाउनुपर्छ भन्दै उनी आफ्नो रीत अनुसार आख्यान गाउँदै मुन्दुम गर्दै हटाउछु भनेर लागि परेका छन् ।

### ४.४.१.६ देशभक्तिको भावना

राजन मुकारुङका कवितामा स्वदेशप्रतिको गहिरो प्रेम देखिन्छ । आफ्नो देशलाई स्वर्ग जस्तै प्यारो ठान्छन् । उनी आफू देश छोडेर विदेशी भूमिमा जाने कल्पना कहिल्यै गर्दैनन् । विदेश

जानेहरूलाई पनि उनी तुरुन्त आफ्नो देश फर्क, आफ्नो रगत पसिना अरूको भूमिमा नबगाउ भन्ने सन्देश दिन्छन् । फर्कने बाचा सहित देश छोडेर जाने अनि फर्कन विर्सनेहरू प्रति उनको ठूलो गुनासो रहेको छ । विभिन्न बहानामा आफ्नो देशको सीमा मिचिएको छ । यसप्रति चासो नदेखाउने राजनीतिज्ञहरूप्रति पनि उनी दुखेसो व्यक्त गर्दछन् । सिमानामा मिचिएका जमिनहरू नेपालको हो तुरुन्त फिर्ता गर भन्दै विदेशीहरूसँग कविता मार्फत यसो भन्छन् :

मेची महाकाली हाम्रो आकाश
टनकपुर कालापानी हाम्रो आकाश
ए अब त
राजनैतिक भएर फिर्ता देऊ
फिर्ता देऊ

(खोसिएको आकाश, पृ. ४८, सेतो आरोहण)

कविले माथिका हरफहरूमा सीमानामा मिचिएको नेपालको भू भाग नेपाललाई नै इमान्दारी भएर फिर्ता गर भन्दै विदेशीहरूसँग नेपालको जमीन फर्काइदिन आह्वान गरेका छन् ।

**४.४.१.७ कलात्मकता**

कवि राजन मुकारुङका सबै कविताहरू गद्यलयमा लेखिएका छन् । सुरुमा पढ्दा उनका कविता दुर्वोध्य जस्ता लाग्छन् तर गहिरो अध्ययन पछि उनको गहनता भेट्न सकिन्छ । आफ्ना आवेग र सम्वेगलाई उनी फरक किसिमले कवितामा प्रस्तुत गर्दछन् । उनका कवितामा पाइने विम्ब, प्रतीक, अलङ्कार र शब्दचयन जस्ता शिल्पगत विशेषता उदाहरण सहित प्रस्तुत गरिएको छ :

**(क) विम्ब**

राजन मुकारुङका कवितामा प्रशस्तै विम्बहरू प्रयोग भएका छन् । यहाँ उनले प्रयोग गरेका विम्बहरूको उदाहरण दिइएको छ :

गंगालालको सालिक छेवैनिर
जपेर वेद पुराणका मन्त्रहरू
थापेर क्षोभहरूका नैवेद्यहरू नौवधहरू
कालो अभिप्राय अट्टहास आलो बलिरेहेछ
अनुभव गऱ्यौ ?

(द्रोह विद्रोह, पृ. २५, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा कवि मुकारुङले गंगालालको सालिक भनेर सम्पुर्ण सहीदहरू प्रति संकेत गर्दै ऐतिहासिक विम्ब प्रस्तुत गरेका छन् । सालिक भनेको निर्जिव वस्तु हो । त्यसका अगाडि वेद पुराणका मन्त्रहरू बेकार छन् पूजाआजामा नैवेद्य चढाए जस्तै मान्छेहरूको पनि सालिक अगाडि बध गरिदैछ भन्दै उनले सांस्कृतिक र ऐतिहासिक विम्ब प्रयोग गरेका छन् ।

**(ख) प्रतीक**

मुकारुङका कवितामा प्रतीकहरू प्रयोग भएका छन् । यहाँ उनले प्रयोग गरेका प्रतीकहरूको उदारहरण प्रस्तुत गरिएको छ :

जुनदिन
एककरोडको जीवनलाई जङ्गलमा छाड्यौ
अथवा
भोक सहने हिम्मत हाऱ्यौ
त्यही दिन
कुनै राजाको सालिक अघि सेरिएर
आत्महत्या गरेका छन् बलभद्रहरूले ।

(माग्नेहरूलाई, पृ. ३९, सेतो आरोहण)

माथिका हरफहरूमा कविले निरङ्कुसताको प्रतीकको रूपमा राजाको सालिक प्रयोग गरेका छन् । त्यस्तै अकालमा ज्यान गुमाउनेहरूको प्रतीकको रूपमा बलभद्रहरूको प्रयोग गरेका छन् ।

**(ग) अलङ्कार**

विभिन्न अङ्कारहरूको प्रयोगले गर्दा कवि मुकारुङका कविताहरू साङ्गितिक बनेका छन् । यहाँ उनका विभिन्न अलङ्कारहरू प्रयोग भएका उदाहरण प्रस्तुत गरिएको छ :

इतिहासमा म
कहिल्यै थाकेको छैन
निम्छुरो भएको छैन
र हारेको छैन म ।

(कालो सालिकसित, पृ. ५६, जिकिरको गद्दी)

माथिका हरफहरूमा कविले वृत्यानुप्रास अलङ्कारको प्रयोग गरेका छन् ।

आधा हिसाव
ती गरीबहरूको माग हुनेछ
आधा गणित
ती धनीहरूको भाग हुनेछ ।

(जिकिरको गद्दी, पृ. ५३, जिकिरको गद्दी)

माथिका हरफहरूमा माग, भाग जस्ता अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

आँधि आयो
चारैकिल्ला भाँचेको झैं गरेर
दशै दिशामा भत्काएको झैं गरेर ।

(आँधी, पृ. ४४, जिकिरको गद्दी)

माथिका हरफहरूमा झैं शब्दले उपमा अलङ्कारको प्रयोग भएको छ ।

**(घ) शब्द चयन**

कवि मुकारुङले आफ्ना कवितामा आगन्तुक शब्द, तत्सम शब्द र स्थानीय राई भाषाका शब्दहरू प्रयोग गरेका छन् । यहाँ कवितामा प्रयोग भएका आगन्तुक शब्द, तत्सम शब्द र स्थानीय राई भाषाका शब्दहरूको उदाहरण सहित प्रस्तुत गरिएको छ :

दियाले खोज्नेहरूको हुलमाथि धावा छ
उज्यालो रोज्नेहरूको समूह माथि कालो धव्वा छ
ग्रिनेडले चिराचिरा पारेको जस्तो
मुखभरी बाँधेर पोलेथिनको झोला जस्तो ।

(नकाव-२, पृ. ५४, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा ग्रिनेड, पोलेथिन जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ ।

तिमीलाई दिग्दारी दिन चाहन्छु
आह उठ द्रौपती
यो योजनावद्ध दुर्घटनामा
तिम्रो लागि विसर्जन गरेको
अन्तिम पृष्ठ पनि हो ।

(हुर्र...हुर्र..., पृ. ३२, मिथक माया)

माथिका हरफहरूमा द्रौपती, विसर्जन जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ ।

कि उसले
चुल्ठोभरी लिम्चीङवुङ खिलेर
यस वर्षको साकेवा नाचेकी छैन
किराती भाका गाएकी छैन्
गाएकी छैन हियारी

(रमिता, पृ. १७, मिथक माया)

कविले माथिका हरफहरूमा लिम्चिङवुङ, साकेवा, हियारी जस्ता स्थानीय भाषाका किराती शब्दहरू प्रयोग गरेका छन् ।

**(ङ) गद्य लयात्मकता**

कवि राजन मुकारुङका सबै कविताहरू गद्य लयमा लेखिएका छन् । गद्यलयमा लेखिएका भए तापनि विभिन्न अलङ्कारहरूको प्रयोगले लय सिर्जना गरेका छन् :

तिमीले लेखेका पत्रहरू पनि छन् मसँग
ती जो आँसुसरि भएको हेर्न सकिन्छ
अर्कै खालको
यौटा जिउने क्रम पनि छ मसँग
यो जो पिउन सकिन्छ ।

(१४ फेब्रुअरी, पृ. ४८, जिकिरका गद्दी)

माथिका हरफहरूमा कविले अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरी लय सिर्जना गरेका छन् ।

यसरी राजन मुकारुङका पहिलो चरणका प्रवृत्तिहरूमा उनले नेपाली मनको भावलाई समेट्ने प्रयास गरेका छन् । उनका कविताहरूमा बाटो विराएका शासकहरूप्रति क्रोध छ । दलित, जनजाति र आदिवासीहरू प्रति सहाभुति छ । देश द्रोह प्रति विद्रोह छ । आफ्नो जन्मभुमि र संस्कृतिप्रति अगाध प्रेम छ । हत्या, हिंशा र आतङ्कको विरोध छ । समग्रमा वर्गीय, जातिय, आधारमा नभई नेपालीको आधारमा सबै समान हुनुपर्छ भन्ने जागरणको सन्देश पनि छ ।

### ४.४.२ द्वितीय चरणका प्रवृत्ति

साहित्यकार राजन मुकारुङको साहित्यिक यात्राको दोस्रो चरण वि.सं. २०६५ बाट प्रारम्भ भएको हो । कवि व्यक्तित्वबाट परिचित हुँदै आएका मुकारुङको ध्यान वि.सं. २०६५ पछि आख्यान तर्फ मोडिएको पाइन्छ । वि.सं. २०६५ मा **हेत्छाकुप्पा** शीर्षकको उपन्यास प्रकाशन भएपछि मुकारुङको साहित्य यात्राको दोस्रो चरण सुरु हुन्छ । मुकारुङको अर्को उपन्यास **दमिनी भीर** हो । **दमिनी भीर** वि.सं. २०६९ मा प्रकाशित उपन्यास हो । यस उपन्यासले वि.सं. २०६९ सालको 'मदन पुरष्कार' पाउन सफल औपन्यासिक कृति हो । दोस्रो चरणमा मुकारुङका यीनै दुईवटा उपन्यासहरू र फुकर रूपमा निबन्धहरू प्रकाशित भएका छन् ।

साहित्यकार राजन मुकारुङको दोस्रो चरणको पहिलो कृति **हेत्छाकुप्पा** (२०६५) उपन्यास हो । **हेत्छाकुप्पा** किराती समुदायमा प्रचलित मिथक र किराती लोक कथा पनि हो । यस उपन्यासमा मुकारुङले जातीय मुक्ति र नश्ल चेतलाई आकार दिदै सत्ताइतरको आवाज उठाएका छन् । उनले

उपन्यास मार्फत समाजलाई परिवर्तनको बाटोमा लैजाने प्रयास गरेका छन् । मुकारुङको दोस्रो चरणको दोस्रो उपन्यास **दमिनी भीर** हो । **दमिनी भीर** उपन्यासको पृष्भभूमि पनि द्वन्द्वकाल (वि.सं. २०५८-२०६८ सम्म) रहेको छ । मुकारुङले उपन्यासमा सामाजिक परिवेशका कुरालाई राजनीतिक कालखण्डसँग जोडेर लेखेका छन् । उनले उपन्यास मार्फत सीमान्तकृतहरूको आवाजलाई बुलन्द पार्ने अभियानलाई निरन्तरता दिएका छन् ।

कवि व्यक्तित्वबाट नेपाली साहित्यमा उदाएका साहित्यकार राजन मुकारुङ आख्यान हुँदै सत्तरीको दशकबाट निबन्ध तर्फ मोडिएका छन् । पुस्तकाकार कृतिको रूपमा नभए पनि फुटकर रूपमा उनका निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित निवन्ध 'साहित्यमा फेंरिदै गरेको सौन्दर्य' हो ।

राजन मुकारुङको साहित्य यात्राको दोस्रो चरणमा २ वटा उपन्यासहरू र ४ वटा निवन्धहरू प्रकाशित भएका छन् । यस चरणमा उनका जातीय जागरण, दलित चेतना प्रगतीशीलता, राष्ट्रप्रतिको गौरवगान, मानवता, सांस्कृतिक सचेतता जस्ता प्रवृत्तिहरू रहेका छन् । यी नै प्रवृत्तिहरूको छुट्टाछुट्टै व्याख्या प्रस्तुत गरिएको छ :

### ४.४.२.१ जातीय जागरण

साहित्यकार राजन मुकारुङले आफ्ना उपन्यासहरूमा आदिवासी जनजातिहरूको आवाजलाई वुलन्द पार्ने प्रयत्न गरेका छन् । उनले आदिवासी जनजातिहरूको राजनीतिक, सामाजिक तथा सांस्कृतिक मुद्दाहरूलाई उपन्यासको विषयवस्तु बनाएर लेखेका छन् । जातकै आधारमा कसैले पनि अपहेलित र वञ्चित हुन नपरोस् भन्ने उनको मुख्य भाव रहेको छ । उनले समाजमा चलि आएको जातीय विभेदको अन्त्य गर्दै नयाँ मान्यता ल्याउनु पर्ने वा समाज परिवर्तन गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । राज्यको पहुँचदेखि टाढा रहेका नेपालका सीमान्तकृत तथा उत्पीडित जाति वर्ग र समुदायको पक्षमा उनले वकालत गरेका छन् ।

### ४.४.२.२ दलित चेतना

राजन मुकारुङले आफ्नो उपन्यासको नाम नै दलितहरूलाई सङ्केत गरेर **दमिनी भीर** राखेका छन् । **दमिनी भीर** सम्पूर्ण दलितहरूको प्रतिनिधि भीर हो । दमिनी भीर भनेर दमाई जातिलाई मात्र नभनी उनले सम्पूर्ण दलितहरूलाई सम्बोधन गरेका छन् । नेपाली समाजमा परम्परा देखि चल्दै आएको छुत र अछुत बीचको भेदभावको अन्त्य गर्नु पर्छ भन्ने सोचले उनले उपन्यासको शीर्षक नै **दमिनी भीर** राखेका हुन् । गाउँ समाजमा काजी जस्ता राम्री आइमाई मन

पराउने तर उसको जात मन नपराउनेहरू धेरै छन् । यी नै काजी जस्ता साँगुरो सोच भएका मानिसहरूले गर्दा नै सुके दमाईकी स्वास्नी जस्ता निर्दोष महिलाहरूले अकालमा ज्यान फाल्नु परिरहेको छ । यस्तो अमानवीय व्यवहारको अन्त्य तुरुन्तै हुनु पर्ने धारणा मुकारुङले व्यक्त गरेका छन् । जातले कोही पनि सानो र ठुलो हुदैन । यस्तो सानो ठूलो र छुत अछुतको भेदभाव रहुन्जेल हामी कलिल्यै अगाडि बढ्न सक्दैनौ । त्यसैले भेदभावको अन्त्य तत्काले हुनुपर्छ भन्दै उनी विभेद रहित समाजमा समान भएर बाँच्ने अवसर सबैलाई हुनुपर्छ भन्ने सन्देश दिन्छन् । **दमिनी भीर** उपन्यासकी नारी पात्र लच्छीको तर्फबाट उनले ब्राह्मणको छोरा चेतनलाई भनेका छन् 'मेरो शरीर मन पराउने तर जात मन नपराउनले हारेको छ ।' यसरी मुकारुङले ठूलो जात गिरेको र सानो जात आफ्नो इमानमा रहेको भाव व्यक्त गरेका छन् ।

### ४.४.२.३ प्रगतिशीलता

राजन मुकारुङ प्रगतिशील लेखक पनि हुन् । उनको दोस्रो चरणका उपन्यासहरूमा उनले दलिन, आदिवासी, जनजाति, सीमान्तकृत, पिछडीएका, उत्पीडित जाति, वर्ग र समुदायको पक्षमा आवाज उठाएका छन् । उनी प्रगती पथमा बाधक नै समाजमा चलिआएका पुराना सोच र खराब मान्यताहरूलाई देख्दछन् । ठूलो-सानो, धनी-गरिब भनेर मानिसहरू एकले अर्कोलाई होच्याउने र दवाउने व्यवहार रहुन्जेल केही हुन सक्दैन । त्यसैले यस्तो परम्परावादी हैकमवादी सोचको तुरुन्तै निर्मुल गर्नुपर्ने दृष्टिकोण मुकारुङको रहेको छ । उनी 'हेत्छाकुप्पा' उपन्यासमा साङगेन र सावित्राको अन्तरजातिय विवाह गराइदिन्छन् । **दमिनी भीर** उपन्यासमा ठूलो जातका चेतनले सानो जातकी लच्छीको इज्जत लुटेर वेपत्ता भएको तर सानो जातकी लच्छीले इमान्दार भएर उसको नासो हुर्काएर गाउँमै बसेको जस्ता प्रसङ्गहरूले मुकारुङ प्रगतिवादी सोच भएका लेखक हुन् भन्न सकिन्छ ।

### ४.४.२.४ राष्ट्रप्रतिको गौरवगान

राजन मुकारुङले आफ्ना उपन्यासहरू मार्फत देश प्रतिको आफ्नो प्रेम व्यक्त गरेका छन् र आफ्नो जन्मभूमिको माया आफू रहेसम्म रहन्छ भनेर सम्बोधन गरेका छने । उनी आफूलाई भन्दा पनि बढी देशलाई माया गर्छन् । नेपालमा बसेर घर व्यवहार गाह्रो भयो त्यसैले धेरै पैसा कमाउन विदेश जान सल्लाह दिने साङ्गेनकी श्रीमती सावित्रीलाई सङ्गेनले भन्छ, 'विदेश जानु र मर्नु मेरा लागि बराबर हो ।' विदेश जानु भनेको अर्काको दास हुनु हो । त्यसैले आफ्नो रगत पसीना आफ्नै भूमिमा

पोख्नुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । यसरी मुकारुङले उपन्यासका माध्यमबाट विभिन्न पात्रहरूद्वारा देशप्रतिको आफ्नो माया व्यक्त गरेका छन् ।

**४.४.२.५ मानवता**

राजन मुकारुङका उपन्यासहरूमा मानवतावादी चिन्तन पाइन्छ । ठूलो सानोको भेदभाव नगरी मानवले सबैसँग मानवकै नाताले हेर्नुपर्छ । मानिसको जीवन भनेको परोपकारको लागि हो । आफ्ना लागि त जो पनि बाँचेको हुन्छ । हामी अरूको लाग पनि बाँच्न सक्नुपर्छ भन्ने मुकारुङको दृष्टिकोण रहेको छ । एउटै देशका नागरिक सबै एकै परिवार जस्तो मिलेर बस्नु पर्दछ । स्वतन्त्र रूपले बाँच्न पाउने अधिकार सबैको बराबर हुन्छ । त्यसैले सबैजना मिलेर आफ्नो कर्तव्य र अधिकारको सही उपयोग गर्दै सफल जिन्दगी जीउनु पर्छ भन्ने भावना उनले व्यक्त गरेका छन् ।

**४.४.२.६ संस्कृतिक सचेतता**

राजन मुकारुङ राई किरात संस्कृतिमा हुर्किएका व्यक्तित्व हुन् । उनी आफ्नो संस्कृतिलाई असाध्यै माया गर्छन् । उनका हरेक कृतिहरूमा संस्कृति सम्बन्धी कुराहरू उठेको पाइन्छ । उनले आफ्नो उपन्यासको शीर्षक नै किराती मिथकबाट राखेका छन् 'हेत्छाकुप्पा' । 'हेत्छाकुप्पा' किराती लोक कथाको एउटा संघर्षशील पात्र हो । उनले 'किरात संस्कार' शीर्षकको राई किरातहरूको संस्कृतिसम्बन्धी पुस्तक पनि प्रकाशित गरेका छन् । यस पुस्तकमा उनले राई किरातहरूको जन्मदेखि मृत्यु पर्यन्त गरिने सम्पूर्ण संस्कारहरूको उल्लेख गरेका छन् । उनका उपन्यासहरूमा पनि राई किरातहरूको विभिन्न समयमा गरिने संस्कारहरूको चर्चा गरिएको छ । उनी आफ्नो संस्कृतिको जागरणका लागि हरपल प्रयासरत छन् ।

**४.४.२.७ कलात्मकता**

राजन मुकारुङका उपन्यासहरू अरू उपन्यासहरू भन्दा फरक भएको कारण नै शिल्प शैली हो । उनका उपन्याहरूमा पात्र अनुसारको परिवेश र परिवेश अनुसारको ठेट भाषा प्रयोग भएको छ । उनले कतै पनि पात्र र परिवेशभन्दा भिन्न नसुहाउने बनावटी भाषा प्रयोग गरेका छैनन् । उपन्यासका पात्रहरूले गाउ घरमा छर छिमेकीसँग जस्तो बोल्छन् उपन्यासमा पनि त्यस्तै भाषा बोलेका छन् । उनले उपन्यासहरूमा स्थानीय राई भाषाका शब्दहरू पनि प्रयोग गरेका छन् । सिलि, सेखुवा, माङजस्ता स्थानीय राइ भाषाका शब्दहरू पनि प्रयोग गरेका छन् ।

मुकारुङका उपन्यास पढ्दा पाठकहरूलाई पात्रसँगै बजार गएको, मेलापात गएको र उनीहरूसँगै बसिरहेको महशुस हुन्छ । उनका उपन्यासहरूमा गाउँको परिवेशमा सोही अनुसारको

भाषाशैली र सहरी परिवेशमा सोही अनुसारको भाषाशैली र सहरी परिवेशमा सोही अनुसारको भाषा शैलिको प्रयोग भएको पाइन्छ । उनको उपन्यासका पात्रहरूले आफू सुहाउँदो भाषामा सम्वाद गरेका छन् । उनका उपन्यासहरूमा छोटा छोटा वाक्यहरू छन् साथै प्रशस्तै आगन्तुक र तत्सम शब्दहरूको प्रयोग भएका छन् ।

यसरी राजन मुकारुङका दोस्रो चरणका प्रवृत्तिहरूमा उनले नेपाली मनको त्यसमा पनि विशेष रूपमा दलित, जनजाति, आदिवासी र पिछडिएका मनको भावलाई समेटेका छन् । उनका उपन्यासहरूमा ठूलो जात (छुत) भनिनेहरूप्रति क्रोध छ । पिछडिएको वर्ग, जाति र समुदायप्रति सहानुभूती छ । आफ्नो संस्कृतिको जर्गेना गर्ने सांस्कृतिक भाव छ । उनको यस चरणको मुख्य प्रवृत्तिमा छुवाछुत र भेदभाव अन्त्य हुनु पर्छ भन्ने सन्देश छ ।

## ४.५ निष्कर्ष

साहित्यकार राजन मुकारुङको साहित्यि यात्रा वि.सं. २०४९ सालदेखि औपचारिक रूपमा प्रारम्भ भएको हो । उनको पहिलो प्रकाशित रचना 'बन्धना तिमी बाँच्नुपर्छ' शीर्षकको कविता हो । उनले कविता उपन्यास, निवन्ध जस्ता विधामा कलम चलाएका छन् । कविता विधाबाट सार्वजनिक साहित्ययात्रा थाले मुकारुङको हालसम्म चारवटा कविता सङ्ग्रहरू र दुईवटा उपन्यासहरू प्रकाशित छन् । एउटा संस्कृति सम्बन्धी पुस्तक पनि प्रकाशित छ ।

मुकाकरुङको साहित्ययात्रा दुई चरणमा बाँडिएको छ । पहिलो चरणमा उनका चारवटा कविता सङ्ग्रह रहेका छन् भने दोस्रो चरणमा उपन्यासहरू रहेका छन् । उनको साहित्ययात्राको पहिलो चरणमा त्याग र समर्पणको सङ्कल्प, जातीय पहिचान, मानवतावादी चिन्तन, आतङ्कको विरोध, सांस्कृतिक जागरण, देशभक्तिको भावना जस्ता प्रवृत्तिहरू रहेका छन् । उनको दोस्रो चरणका प्रवृत्तिहरूमा जातीय जागरण, दलित चेतना, प्रगतीशीलता, राष्ट्रप्रतिको गौरवगान, मानवता, संस्कृतिक सचेतता रहेका छन् । मुकारुङले कवितामा सिर्जनाशील अराजकता र शालीनता विद्रोहको आवाज उठाएका छन् भने उपन्यासहरूमा छुवाछुत र भेदभाव उन्मुलन हुनुपर्छ भन्ने आवाज उठाएका छन् ।

# पाँचौं परिच्छेद

# राजन मुकारुङका काव्य कृतिको विश्लेषण

## ५.१ विषय परिचय

साहित्यकार राजन मुकारुङ कवि व्यक्तित्वका रूपमा नेपाली साहित्यमा देखा परेका हुन् । उनले प्रथमतः वि.सं. २०४९ मा 'बन्धना तिमी बाँच्नुपर्छ' शीर्षकको कविता प्रकाशित गरी आफ्नो कविता सिर्जना यात्रा प्रारम्भ गरेका हुन् । यसरी वि.सं. २०४९ सालदेखि निरन्तर सिर्जना यात्रामा लागेका मुकारुङका हालसम्म चरावटा कविता सङ्ग्रहरू प्रकाशित भइसकेका छन् । मुकारुङको पहिलो प्रकाशित कविता सङ्ग्रह **सेतो आरोहण** (२०५६) हो । त्यसपछि उनका **प्रारम्भ प्रक्षेपण** (२०५८), **जिकिरको गद्दी** (२०५९), **मिथक माया** (२०६१) गरी चारवटा सङ्ग्रहहरू प्रकाशित छन् ।

राजन मुकारुङ देश, काल, परिवेश अनुरूप विविध सन्दर्भ र विषयलाई आफ्ना कविताको विषय बनाउने गर्दछन् । उनका कविताका अधिकांश विषय विकासका नाममा बढ्दै गएको विकृति, विसङ्गति र कुरीतिसँग सम्बद्ध छन् । देशको शासन व्यवस्था चलाउने ठूला मान्छेहरूले आफ्ना देशका सबै नागरिकहरू बराबर नठानी जातको आधारमा भेदभाव गरेको र अवसरबाट वञ्चित गरेको भन्दै उनी कविता मार्फत विद्रोह पनि गर्दछन् । उनले आफ्ना कविता मार्फत जातीय असमानता र छुवाछुत प्रथाको सशक्त रूपले विरोध गरेका छन् । कवि मुकारुङका कवितामा पाइने विषयवस्तु, शिल्पशैली र भावगत विशेषतालाई यहाँ भिन्न भिन्न शीर्षकमा विश्लेषण गरिएको छ ।

## ५.२ विषयगत विविधता

कवि मुकारुङले विविध विषयमा कविताहरू लेखेका छन् । उनले राष्ट्रप्रेम, प्रणयभाव, जातीय पहिचान, साँस्कृतिक जागरण, मानवतावादी चिन्तन, विकृति र विसङ्गतिप्रति विरोध, यान्त्रिकिकरणका वेफाइदाको चित्रण, आतङ्कको विरोध, व्यङ्ग्यात्मकता, परिवर्तनको चाहना जस्ता विविध विषयमा कविताहरू लेखेका छन् ।

### ५.२.१ राष्ट्रप्रेम

कवि मुकारुङका धेरैवटा कविताहरू राष्ट्रप्रतिको भक्तिभावले ओतप्रोत भएका छन् । उनी देशका युवा शक्तिहरूले देश छोड्न थाले पछि देश विदेशीहरूको अतिक्रमणमा परेको, आफ्नो संस्कृति भूलेर पश्चिमी संस्कृति भित्रदै गएको, मानिसहरू यन्त्रसमान हुदैं गइरहेको चिन्ता व्यक्त

गरेका छन् । देश छोडेर जानेहरूलाई माटो सम्झेर  तुरुन्त फर्कन आह्वान गर्दछन् । यहाँ उनका राष्ट्र भाव व्यक्त भएका कविताहरू प्रस्तुत गरिएको छ ।

(१) प्रिय झण्डा, (२) रानी पोखरीलाई हेरेर एकछिन, (३) खोसिएको आकाश, (४) शब्दशिविरबाट, (५) सीमा अनुराग, (६) सेतो आरोहण जस्ता कविताहरू रहेका छन् ।

उनीहरू जो
फर्कदा
झण्डा लिएर फर्किनु
त्यो झण्डा आधा पसिनाले भिजेको होस
आधा आँशुले पनि भिजेको होस
दुःख जस्तो, जीवन जस्तो ।

(प्रिय झण्डा, पृ. १४, सेतो आरोहण)

मुकारुङ आफ्नो देशप्रति आफ्नो राष्ट्रिय झण्डाप्रति निकै गर्व गर्दछन् । उनका अनुसार नेपालीहरूले जहाँ पुगे पनि झण्डा बिर्सन हुदैन, झण्डा भनेको देशको शान हो । त्यसैले त्यो झण्डा रगत, आँशु, पसिनासँग परिचित हुनुपर्दछ, झण्डा जीवन जस्तै हुनुपर्छ भन्ने उनको धारणा रहेको छ । यसले झण्डाबाट राष्ट्रप्रेम व्यक्त गरेको छ ।

मेची महाकाली हाम्रो आकाश
टनकपुर कालापानी हाम्रो आकाश
ए अब त राजनैतिक भएर फिर्ता देउ
फिर्ता देउ ।

(खोसिएको आकाश, पृ. ४७, सेतो आरोहण)

माथिका हरफहरूमा कविले देशको सीमा मिचिदै गएकोमा चिन्तित हुदै ती ठाउँहरू नेपालका हुन् । नेपाली भू-भाग नेपाललाई नै फिर्ता दिन  आग्रह गरेका छन् ।

जानेबेला–

भूइँको माटो टिपेर निधारमा टीका लगाई गएकाहरू
जानेबेला– एकमुठी माटो आकाशतिर उडाएर गएकाहरू
दुःख छ
यो पहाड छाडेर गएका कन्याङकुरुङहरूले
फर्कन बिर्से ।

(शब्द शिविरबाट, पृ. ४२, सेतो आरोहण)

प्रस्तुत हरफहरू मार्फत कविले आफ्नो देश छोडेर कामको खोजीमा विदेश जाने युवाहरूलाई सम्झाउन खोजेका छन् । उनीहरू जानेबेलामा माटोको कसम खाएर तुरुन्तै फर्कने

बाचा गरेर जान्छन् तर विदेशको रमझमले उतै हराउँछन्, फर्कन विर्सन्छन् । त्यसैले कवि व्याकुल बन्दै तिनीहरूलाई स्वदेश फर्कन आह्वान गर्दछन् ।

सीमावारिका बादलहरू देख्छौ तिमी
र तिम्रो वगर/किनार सबतिर म पनि
तातो वाफ हुनहुनाएर उड्दै गरेको देख्छु ।

(सीमा अनुराग, पृ. ६२, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा कविले नेपालको सीमान मिचिदै गएकोमा चिन्ता व्यक्त गरेका छन् । वादल, बाफ, घाम जस्ता प्राकृतिक चिजहरू सबैका साझा हुन्छन् र उस्तै हुन्छ । प्रकृतिले सबैलाई समान गरेजस्तै छिमेकीहरू पनि आपसमा मिल्नुपर्छ भन्ने भाव यहाँ व्यक्त भएको छ ।

सदियौं देखि
जसरी विचार अग्लिरहेछ सगरमाथा
जसरी मन्दिरका ढोका ढोकाबाट
घण्टहरू बजिरहेछन् शान्तिका
र फूलहरू फक्रिरहेछन् स्थापनाका
र फेरी
उत्साहित काजीहरू थपिदैछन् इतिहासमा
सलाम आङरिता
फेरी हिमाल चढ्ने हो की
सेतो आरोहण सगरमाथा

(सेतो आरोहण, पृ. ३८, सेतो आरोहण)

प्रस्तुत हरफहरूमा कवि मुकारुङले मन्दिरका घण्टहरूको आवाजले शान्तिको स्वर गुन्जाइरहेको, फूलहरू फक्रिरहेको, अग्लो सगरमाथामा पाइला राख्नेहरूको सङ्ख्या दिनानुदिन थपिदै गएको छ । सेतो हिमाल शान्तिको प्रतीक झन् अग्लो हुदैं गइरहेको छ भन्दै उनले विश्वकै अग्लो नेपालको गौरव सगरमाथाको वर्णन गरेका छन् । यसरी मुकारुङले आफ्ना कविताहरूमा देशका महत्त्वपूर्ण ऐतिहासिक ठाँउहरूको सम्झना र माया गाढा रहेको भाव पनि व्यक्त गरेका छन् ।

### ५.२.२ जातीय पहिचान

राजन मुकारुङका कविताहरूमा विशेषगरी जातीय पहिचानका कुराहरू उठेका छन् । उनका कविताका विषय मात्र नभई सम्पूर्ण लेखहरूको मुख्य विषय नै पहिचान सम्बन्धी रहेका छन् । उनका जातीय पहिचान सम्बन्धी कविताहरू निम्न रहेका छन् :

क) जीवनको जिकिर, ख) हुर्रहुर्र, ग) श्वेत पीडा, घ) आदिवासी तस्विर, ङ) नयाँ घोषणा, च) भट्टीपशल, छ) मार्रा, ज) जाडो आतङ्क ।

जङ्गली भयहरू बुद्धिको छप्परमाथि पछारेर
म मान्छे
आदिवासी आस्था माथि
अलिकता स्थापित अवश्य छु
अलिकति समाहित अवश्य छु
पहाड उभिएको छु

(जीवनको जिकिर, पृ. १, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङले माथिका हरफहरूमा राज्यले आफूलाई जातीय आधारमा सीमान्तकृत गराईए पनि आफ्नो पहिचान आफै राख्न सक्ने दावी गर्दछन् । उनले आफ्नो पहिचान राज्यमा स्थापित गराइ छाड्ने जिकिर कविता मार्फत गरेका छन् ।

धेरै पल्ट जितेको ठानेर
खुब उफारिएँछु
आज
एकछिलाई रोकिन्छु र थामिन्छु
हार्दिन
किनभने जित्नुसँगको मेरो वाजी हो
किनभने प्राप्तिसँगको मेरो दावी हो ।

(हुर्रहुर्र, पृ. २१, मिथक माया)

कवि मुकारुङले उक्त हरफहरूमा आफूलाई राज्यले थोरै चिजमा वा सानो कुरामा भूलाएर जिताए जस्तो गरिरहेको रहेछ, झुक्याएको रहेछ । अब हामी आदिवासी जनजाति आफ्नै देशमा दोस्रो दर्जाको नागरीक जस्तो हेपिएर पिल्सिएर बस्दैनौ भन्दै आफ्नो पहिचान कायम गराई छाड्छौ भन्ने दावी गर्दछन् ।

हिजो
यहींवाट
अदिवासीहरूको र्‍याली निस्क्यो
गोली चल्यो
ढुंगामुढा भयो
र कर्फ्यु पनि लाग्यो लागिरहेछ
को कति थुनिए
यी रगत लागेका पातहरू
भुईंभरि छरिएका छन्
थाहा छैन

किनभने अखवारले लेखेन आज ?

(श्वेत पीडा, पृ. ४५, सेतो आरोहण)

माथिका हरफहरूमा कविले आदिवासीहरूले आफ्नो लागि र्‍याली गर्दा सत्ता पक्षबाट गोली चलाइयो, ढुङ्गा मुढा भयो । कर्फ्यु पनि लगाइयो, कति मानिस मारिए, कति रगत बग्यो ।यस्तो अवस्था हुँदा पनि समाचारमा आएन । यसरी समाचारमा नआउनु भनेको आम सञ्चार सत्ता मुखी हुनु र आदिवासीहरूलाई सोझै दवाउन खोज्नु हो भन्ने भाव व्यक्त गरेका छन् ।

पहाड उभिएको हुन्छ
एक हिसाबले
खरीबोटको अद्भुत उचाइलाई पनि
म पहाड नै देख्छु
देख्छु आदिवासी तस्वीर

(आदिवासी तस्वीर, पृ. २, जिकिरको गद्दी)

माथिका हरफहरूमा कविले पहाडलाई, पहाडको उचाइलाई रुख विरुवाहरूको उचाईलाई पनि जनजाति आदिवासीहरूको तस्वीर जस्तै देखेको भाव व्यक्त गरेका छन् । आदिवासीहरूको पहिचानको भावलाई उनले प्रकृतिकरण गरेका छन् ।

ए आवाद वस्तीका वासिन्दाहरू
सत्व दगुरिरहेको छु म बाँच्नलाई
निद्रा बौरिएको छु म
अब माटो गर्जन्छु मेरो
तन्कदै तन्कदै
चालगति क्रमले
किराती राजाको यो बत्तीसौं इन्द्रीय गर्जन्छु

(नयाँ घोषणा, पृ. ३१, मिथक माया)

आवाद बस्तीका मानिसहरू भनेर कविले सीमान्तकृतहरूलाई लक्षित गरेका छन् । उनीहरू बाच्नका लागि सधैं सङ्घर्ष गरि रहन्छन् । सधैं जागा रहन्छन् । आफ्नो अस्तित्वको लागि गर्जन्छन् आफ्नो पहिचानका लागि सधै लागिरहन्छन् भन्ने भाव व्यक्त गरेका छन् ।

विलकुल चिम्सो चिम्सो मेरो आँखा
विलकुल थेप्चो थेप्चो मेरो नाक
विलकुल होचो होचो मेरो कद
विलकुल वेग्लै मेरो सुन्दरता
अहँ म भित्रको विद्रोह थामिदैन

म भित्रको दास अब दविदैन
यो जब्वर विचारलाई म च्यात्छु ।

(भट्टीपसलमा, पृ. १४, मिथक माया)

माथिका पङ्तिहरूमा कविले बाहिरी रूपमा हेर्दा देखिने शारीरिक बनावटका आधारमा ( आर्यन र मङ्गोलियन छुटिए जस्तै) राज्यले पनि उनीहरूमा भेदभावपूर्ण व्यवहार गरेका छ भन्ने भाव व्यक्त गरेका छन् । चिम्सो आँखा र थैप्चो नाक हुनेलाई राज्यले छुट्याउँदै आएकोमा कवि विद्रोह गर्दछन् । यस्तो पुरानो र परम्परावादी सोचलाई तुरुन्तै परिवर्तन गर्नुपर्छ भन्ने भाव मुकारुङका कवितामा पाइन्छ ।

मार्रा
म जित्छु छक्किनेहरूलाई खालमा
जित्छु प्रत्येक पल्टको मुड्की बजाईमा
जित्छु भूमि माथिको दावा गरेर

(मार्रा, पृ. ४३, जिकिरको गद्दी)

कवि मुकारुङ मीथका हरफहरू मार्फत आफ्नो पहिचानको लागि जस्तो सुकै बाधा विरोधहरू आए पनि आफू नछक्किने, जितेरै छाड्ने र आफ्नो पहिचान स्थापित गराइ छाड्ने अठोट व्यक्त गर्दछन् ।

यसरी नै
निन्याउरो दुःखले
कलेटी ओठ
भोकले छटपटिएको कोलाहल
आगो ताप्न समेत नपाएका हाम्रा नानीहरू
विछोडको अगेना भुतभुताउदै हुन्छन्
र असंयम् थर्थराउदै, काप्दै
मानौं
जर्जर कविताहरू
सम्पूर्ण भूगोलमा
रगत डढाउन चाहन्छन् वर्गीय रगत

(जाडो आतङ्क, पृ. ५२, सेतो आरोहण)

यसरी मुकारुङले माथिका हरफहरू मार्फत आदिवासी जनजातिहरूलाई दोस्रो वर्गमा वा दोस्रो दर्जाको नागरिक जस्तो गरेर नराम्रो व्यवहार गरेको भन्दै राज्य पक्षसँग विद्रोह गर्दै सम्पूर्ण पुराना थोत्रा विचारहरूलाई डढाउन चाहन्छन् ।

### ५.२.३ साँस्कृतिक जागरण

राजन मुकारुङ राई किराती संस्कृतिमा हुर्किएका व्यक्तित्व हुन् । उनी आफ्नो संस्कृतिलाई असाध्यै माया गर्ने साहित्यकार हुन् । हरेक संस्कृतिमा हुर्किने मानिसले आफ्नो संस्कृतिको जगेर्ना गरे जस्तै मुकारुङले पनि आफ्ना सिर्जनाहरू मार्फत आफ्नो संस्कृतिको जगेर्ना गर्ने प्रयत्न गरेका छन् । यहाँ उनका सांस्कृतिक जागरणसँग सम्बन्धित कविताहरू प्रस्तुत गरिएको छ ।

(क) रुमालको गीत, (ख) पराजय, (ग) म मुन्दुम गर्दैछु

भन्ज्याङमा विसाएको रिस
थाकेर नआएको विवशता
देउरालीमा चढाएर पाती
ओ किराती
कता बहकिएको
बाटो त यता हो
मलाई मन पऱ्यो ।

(रुमालको गीत, पृ. ५०, जिकिरको गद्दी)

मुकारुङ आफ्नो संस्कृतिलाई जगेर्ना गर्ने मात्र नभई देउराली, भन्ज्याङ जस्ता ठाउँहरूमा पाती चढाउने बिसाउने जस्ता आदिम कालदेखि चल्दै आएका कुराहरू आज पनि गर्दछन् । उनी किरातीहरूलाई कता बहकिएको बाटो त यता भन्दै संस्कृति छोड्न खोज्नेहरूलाई संस्कृति छोड्न नहुने अर्थात बाटो बिराउन बहुने सन्देश दिन्छन् ।

थर्काउँदै आज यी भयहरूलाई
आकाश पातालमा
गाउँ सहरमा
ओढारमा, गुफामा, जङ्गलमा
थर्काउँदै बज ढोलहरू ताल मिलेर बज थालहरू
म आख्यान गर्दैछु
म मुन्दुम गर्दैछु
हेर चिमफूल सजाई
लिसोपासो उठाई विम्बहरूमा
काव्य राखेको छु भर्लाको पातमा
राखेको छु दिग्भ्रमितहरूलाई थुम्थुम्याएर
हेर हुरि आउँदा रुख ढल्छ
तेलफूल गर्दा लियादिया गर्दा
मन भाँचिदा, तन भाँचिदा
माङफूङ हुन्छ, अपजस हुन्छ
दोख लाग्छ र विपतहरू हुन्छ

अन्सोपन्सो गर्दैछु
म मुन्दुम गर्दैछु

(म मुन्दुम गर्दैछु, पृ. ३५, मिथक माया)

कवि मुकारुङको सवैभन्दा बढी संस्कृति झल्केको कविता भनेको म मुन्दुम गर्दैछु हो । यस कविताका बारेमा प्रा.डा. गोविन्द भट्टराईले भनेका छन् : 'यसमा राजन पुर्ख्यौली सत्ताको नाक्छोडको चिन्तामा समर्पित छन् । ढोलहरू बजाएर झुटोलाई सच्याउन उनी मुन्दुम गर्दैछन् । सिगौरामा झुन्ड्याएको चिन्डो मुन्तिर बसेर कुकुर डाइनोको जोर गजाले थाल र ढोल ठोक्दै मुजुरका प्वाँख हल्लाएर चोथ्राको झ्याङ झट्कारेर ढोल बजाउँदै थाल बजाउँदे उनी मुन्दुम गर्दैछन् । यो जातीय र सांस्कृतिक उत्थानको मुन्दुम हो । चोख्यान परेको आँखा लागेको, डाही लागेको, मान्छे लुल्लीने, सिंहे सिकारीले छोपेकोलाई पनि मुन्दुमले ठीक पार्छ । यस्ता मौलिक र स्थानीय विम्बहरू टिपेर राष्ट्रको एकाङ्गी र कोल्टे इतिहासलाई धुप धुवाँर गर्न बसेका राजनका कविता मौलिक शक्ति भएका छन् । यी सबै शक्तिमा क्रान्तिको वाचा छ ।

परपर हामीले
क्षितिजहरू देख्यौ
र लिसो थापेर त्यो सांस्कृतिक घामलाई
अलग्याउन खोज्यौ
हरे
आगो नै दन्किरहेथ्यो त्यहाँ पनि
हामी ट्वाल्ल पर्‍यौ
अन्ततः
हामीले घाम खसाउन सकेनौं
हामीले घाम मार्न सकेनौं
किनभने
हामी आधुनिकताले मातेका थियौं
किनभने
हामी जिन्दगीले हारेका थियौं ।

(पराजय, पृ. २६, सेतो आरोहण)

कवि मुकारुङको पराजय कविताका बारेमा कवि विप्लप ढकाल भन्दछन्, 'आजका कविताहरूमा विश्व नागरिकताको चेतना एउटा अचम्म लाग्दो बाध्यता बन्दैछ । विश्वव्यापीकरणको धारणा अहिले एउटा लोकप्रिय षडयन्त्र बनिरहेको छ । जहा साँस्कृतिक विविधताहरूको मूल्य रक्षणका अनेकौं क्रुर परिच्छेदहरू निर्माण भएका छन् । राजन मुकारुङका कविताहरू विश्व नागरिकताको चेतना र आफ्नो सांस्कृतिक अस्मिता बीचको मनोवैज्ञानिक तनावका अभिलेख हुन् ।

जङ्गली भयहरू बुद्धिको छप्परमा पछारेर
म मान्छे
अलिकता अब मान्छे हुँ को
म हुनुको हिसाब किताब गर्छु
म हुनुको तौल गर्छु
जिकिर गर्छु आफू बाँचिरहेको कवितामा
यी बाफहरू भएर उडौं अग्लो
यी ध्वनिहरू भएर तरङ्गिँदै फराकिलो
यी संस्कृतिहरू बाचौं निस्सिमताको

(जीवनको जिकिर, पृ. १२, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङले माथिका पङ्तीहरू मार्फत आफ्नो पहिचानको दाबी गर्दै भन्दछन् म पनि मान्छे हुँ, मान्छे भएपछि मैले पनि अरू मान्छेहरूले जस्तै समान रूपमा मान्छे भएरै बाच्न पाउनु पर्छ । वाफ जस्तै उडेर अग्लिएर ध्वनी जस्तै फिजिँएर बाँच्न पाउनु पर्छ, मेरै संस्कृति, मेरै रीतिरिवाज अनुसार मैले मै भएर बाँच्न पाउनुपर्छ भन्ने उनको धारणा व्यक्त भएको छ ।

यसरी मुकारुङले आफू हुर्किएको संस्कृतिको जगेर्ना गर्नुपर्ने भाव व्यक्त गरेका छन् । आफ्नो संस्कृतिको जागरणको लागि राई किरात जातिहरूको जन्मदेखि मृतयुपर्यन्त गरिने संस्कारहरूको वारेमा 'किरात संस्कार' पुस्तक पनि प्रकाशित गरेका छन् ।

### ५.२.४ मानवतावादी चिन्तन

राजन मुकारुङका कविताहरूमा मानवतावादी सोच पाइन्छ । धनी, गरिब, सानो ठूलो सबैले समान रूपमा कर्तव्य र अधिकारको प्रयोग गरी बाँच्न पाउनुपर्छ भन्ने उनको मान्यता छ । उनले सबै किसिमका फूल फुल्ने नेपाल देश साझा फुलवारी हो, हामी पनि फुलको माला जस्तै मीलिजुली बाँच्न पाउनु पर्ने धारणा व्यक्त गरेका छन् । यहाँ उनका मानवतावादी सोच भएका कविताहरू प्रस्तुत गरिएको छ ।

(क) बाचेको छु, (ख) बाच्नुको आह्वान, (ग) झरी पर्दा, (घ) खोला

शिखरमा
जसरी सेतो हिउँ टल्कन्छ उन्मुक्तिको
र शिर उभ्याएर अग्लो सगरमाथा
समुन्द्री सग्लोपना खोज्छ उत्साहको
पाइला पाइलाको आत्म विश्वासले
र स्वाभिमानले
आङरिता
फेरी शिखर पुग्ने हो कि ?

(सेतो आरोहण, पृ. ३७, सेतो आरोहण)

माथिका पङ्तिहरूमा मुकारुङले मान्छे सधैं हिउ जस्तै सफा, शान्त र उन्मुक्त भएर, सगरमाथा जस्तै अग्लो मन लिएर समुन्द्रको पानी जस्तै सङ्लो र निश्चल जीवन बिताउनु पर्छ । स्वाभिमान र आत्मविश्वास लिएर बाँच्नु पर्छ भन्ने भाव व्यक्त गरेका छन् । सानो ठूलो धनी गरीब सबैले समान भएर बाँच्न पाउनु पर्छ भन्ने भाव मुख्य रूपमा उठेको पाइन्छ ।

बाँच बाँच
जीवन भव्य छ रे
कतै नदेखेर अध्यारो भविष्य
आजै नाचु जस्तो
आजै उफ्रुजस्तो
जीवन अग्लो छ रे
भव्य छ रे

(बाँच्नुको आह्वान, पृ. ६, मिथक माया)

माथिका पङ्तीहरूमा मुकारुङले दुइ दिनको जीन्दगी सकारात्मक सोचका साथ रमाइलोसँग बिताउनुपर्छ । पिर, चिन्ता, निराशा त्यागेर भव्य रूपमा बाँच्नु पर्छ भन्ने सोच व्यक्त गरेका छन् ।

सडकमा
भत्कदै गरेका केही डोबहरू छन् जुलुसका
भित्तामा
पत्रिदै गरेका केही कुराहरू छन् विद्रोहका
समयले
यिनलाई पनि मेट्ने छ कुनै दिन
देशले
गंगालालको सालिक छेउ रुख रोपेन
छाता ओढाइदिन विर्सन्छन् बनाउनेहरूले
झरी पर्दा
किनारको सालिक रुन्छ ।

(झरीपर्दा, पृ. २, सेतो आरोहण)

प्रस्तुत हरफहरूमा कवि मुकारुङले विद्रोह गरेर, नारा जुलुस गरेर केही फाइदा छैन । यस्ता कुराहरू कुनै दिन त्यत्तिकै हराएर जान्छन् । आफ्नो देशमा वा आफूसँग जे जस्तो छ त्यसैको संरक्षण गरौं, सदुपयोग गरौं, बनेका संरुचनाहरू नबिगारौं नाश हुनबाट जोगायौं र सदैव सकारात्मक सोच लिएर बाचौं भन्ने भाव व्यक्त गरेका छन् ।

जङ्गलमा पनि गीत गाउँछ मान्छे
वस्तीमा पनि गीत गाउँछ मान्छे

खोलाको पूर्व स्मृतिमा
खोलाको मायालु सम्झना
एकदम उही गीत
खोला बग्यो सलल
जीवन बग्यो सलल
उँधैउँधो
फालैफाल
छाँगैछाँगा
भीरैभीर
भलैभल
बाढी नै बाढी
खोला त मान्छे भईसकेछ

(खोला, पृ. २, मिथकमाया)

उपर्युक्त पङ्तिहरूमा मुकारुङले जीवनमा देखे भोगेका प्रिय/अप्रिय अनुभुतिहरू खोलाको मिथकीय स्वरूपमा रूपान्तरित गरेका छन् । खोलाले सम्पूर्ण राम्रा नराम्रा विगतका मायाहरू झल्काउँछ भन्दै खोलालाई जीवनको सम्पूर्ण अतित र वर्तमानको प्रतीक देख्दछन् । मानिसले पनि जीवनमा पानी जस्तै हाम्फाल्दै, गर्जदै, थर्किदै, उर्लिदै हरेक चीजको सामना गर्दै बाँच्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

रुनुको गणितमा
हाँस्नुको सुत्रहरू हराएका छन्
आफ्नै उज्यालो दिन
आफ्नै उभिने धरातल
र आफैले ओढ्ने आकाशको नीलो रङ्ग
अलकत्र भएका छन्
र पनि
एउटा प्राप्ति हो बाँचिदिनु
त्यही मदसँग लसपस गरेर
बाँचेको छु

(बाँचेको छु, पृ. ४, सेतो आरोहण)

माथिका हरफहरूमा कवि मुकारुङले जीवन एउटा सुखदुःखको यात्रा हो । यस्तो यात्रामा भेट्नु-छुट्नु, पाउनु-गुमाउनु, हास्नु-रुनु, उज्यालो-अध्यारो, जस्ता प्रवृत्तिहरू भइरहन्छन् । जस्तोसुकै समस्या आइपरे पनि निडरका साथ साहसी भएर बाँच्नु पर्छ भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.२.५ प्रणय भाव

राजन मुकारुङका धेरैवटा कविताहरू प्रणय भावमा आधारित रहेर लेखिएका छन् । उनले आफ्ना कविताहरूमा माया प्रेमका मिलनका सम्झना र कल्पनाहरू व्यक्त गरेका छन् । कतिपय कविताहरूमा प्रेममा विछोडका भावहरू पनि रहेका छन् । उनका कविताहरू मिलनका तुलनामा विछोडका भावहरू बढी पोखिएका छन् । कसैले छोडेर गएको, कसैसँग गाढा मिलन भएको, कसैको सम्झनामा कुरेर बसेको आफ्नो मनले रोजेको मान्छेलाई अर्कैले लगेको अनि आाफु विरक्तिएको जस्ता विभिन्न प्रसङ्गमा प्रणय भाव झल्किने कविताहरू प्रस्तुत गरिएको छ ।

(क) १४ फेब्रुअरी, (ख) बारहरूको पटाङ्गिनी, (ग) रातो बिहानी मुनी, (घ) पर्खेर बसेको छु, (ङ) प्रेमपीडा-४, (च) प्रेमपीडा-१, (छ) प्रेमपीडा - ६

आज घाम बेग्लो लागेको उपलक्ष्यमा
बुट्टेदार कागजमा आँसुले लेख्न मन लागेन
फेरी एक पल्ट प्रेमको आँसुले लेख्न मन लागेन
नितान्त सादा कागजमा
पूर्ववत हार्दिकताहरूलाई ऐजन लेखिदिएँ
कि सधैं तिमीले मन पराउने
गुलावी रङले लेखिदिएँ

(१४ फेब्रुअरीमा, पृ. ४६, जिकिरको गद्दी)

कसैलाई मन पराएको बेला वा गहिरो प्रेम बसेको बेला घाम पनि अघिपछि भन्दा बेग्लै घमाइलो लागेको महशुस गरेका छन् । मुकारुङका उक्त हरफहरूमा मायाका कुरा कागज मसीले नभई आफ्नी मायालुलाई मन पर्ने गुलावी रङले नै मायाको भाव लेखेको कुरा व्यक्त गरेका छन् ।

छेवैनेरको ऐसेलु झ्याङमा झुण्डिएर
मायाको पछ्यौरी अल्झेको देखेर
बल्झेको देखेर
पुरानो प्रेमिले
तर्क वितर्कहरूमा चेप्टिएर, पाछिएर
कविता न लेख्दो रहेछ वियोगको
पीडा सम्वेदनाहरूले
डायरीभरि तिमीलाई लेखेको छु
लेखेको छु मनभरि मुटुभरि

(वारहरूको पटाङ्गिनी, पृ. १०२, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङका माथिका हरफहरूमा ऐंसेलु झ्याङ्गमा मायालुको पछ्यौरी अल्झेको देखेर पुरानो प्रेम सम्झिएर तर्क वितर्क गरिएको, प्रेमीकै बारेमा कविता लेखिएको, मन मुटुभरि मायालुलाई सजाएको जस्ता भाव व्यक्त भएका छन् ।

एउटा स्वस्थ ओछ्यान
र खुकुला मनहरू बीच
नैतिक आकर्षण पनि
बाहिर
आँखी झ्याल देखि अलि पर
निरस्त्र पैतालाका डोबहरू
र सौभाग्यका भर्नै पर्ने गीतहरू
बाटोमा
जीवनका पाइलाहरूमा

(रातो विहानी मुनी, पृ. ७१, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा कविले श्रृङ्गारिक भाव व्यक्त गरेका छन् । श्रीङ्गारमा मिलनको भाव छ । माया प्रेम भनेको मानिसको जीवन जीउने मुख्य आधार हो । माया विना संसार अधुरो हुन्छ । त्यसैले सफल जीवनको लागि माया प्रेम अनिवार्य छ भन्ने भाव कवितामा व्यक्त भएको छ ।

एउटा
मैले भेट्नु थियो जसलाई
कसैले भेट्नु भयो भने कतै
भनिदिनु है
त्यो जहाज
प्रेमको आकाशमा
उडाउँदा उडाउँदै अचानक खस्यो
र खरानी भयो
पर्खेर बसेको छु
रोएर पर्खेको छु

(पर्खेर बसेको छु, पृ. १६, सेतो आरोहण)

विप्रलम्भ भाव व्यक्त भएको प्रस्तुत हरफहरूमा कविले आफ्नो मायालुको बाटो हेरेर लामो समयसम्म पर्खेर बसेको, भेट्न नसकेपछि कसैलाई सम्बोधन गरेर उ अब पर्खेर बस्न नसक्ने भइसक्यो खस्यो, मर्‍यो, सकियो, भनिदिनु भनेर विछोडको पीडामा छट्पटाएको भाव व्यक्त भएको छ ।

सायद अब
म जुनसित प्रेम गर्दिन
किनभने

हरेक रात फेरिने उसको आकार
वादलसित जिस्किने उसको स्वभाव
पहाड नाघेर भागिजाने उसको निर्दयता
मेरो लागि त शुन्य हो ।

(प्रेमपीडा-४, पृ. ६३, सेतो आरोहण)

माथिका हरफहरूमा पनि विछोडको भाव व्यक्त भएको छ । कविले आफ्नो मनको भाव जूनसित प्रकृतिकरण गरेका छन् । उनी जूनलाई पनि दोषी देख्छन् । विभिन्न रूपमा फेरिने जूनको आकारले, वादलसित जिस्किने उसको स्वभावले आफूलाई झुक्याएकोले त्यस्तो धोकेवाज जूनसित पनि प्रेम गर्दिन भनेर घुर्कि लगाउँछन् ।

मैले जे मागे
त्यही दिएनौं
तिमीले
र हामीबीच
अलिकता देखिएको आकाश पनि टाढामा छ
अलिकता उभिएको पहाड पनि चुप छ
बोल्दैन
अबुझ छ
अब त
म सित पनि
न  मुटु छ
न आश्वासन छ
न आमन्त्रण नै छ प्रेमको
राधा
केही छैन केवल शून्य छ

(प्रेम पीडा-१, पृ. ५६, सेतो आरोहण)

माथिका हरफहरूमा मुकारुङले प्रेम भावमा विछोडको भाव व्यक्त गरेका छन् । प्रेमी प्रेमिकाको मन नमिलेपछि टाढा भएको, बोलचाल नभएको, एउटाले अर्कोलाई बुझ्न प्रयास नगरेको जस्ता व्यवहारले आफूसँग माया गर्ने मन, मुटु विश्वास र प्रेमको आमन्त्रण केही नभएको र आफू शुन्य भएको भाव व्यक्त भएको छ ।

मैले पो
तिम्रो नाममा कविता बनाएँ
दुर्भाग्यले
बनाएछु मान्छेको पदचिन्ह पनि
लाग्छ फिरादमा तिमीले
टोक्यौ मेरो कवित्व

र मेट्न चाह्यौ मलाई नै
राधा
प्रेम गर्नुको यो साँवा ब्याजीमा
रोएको हुँला अवश्य

(प्रेमपीडा-६, पृ. २३, जिकिरको गद्दी)

मायालुको नाममा कविता बनाएको तर मायालुले भने कविता नै नष्ट गरिदिएको र आफ्नो अस्तित्व नै मेटाइदिन खोजेकोले मायाको सट्टा तिरष्कार पाएपछि अवश्य पनि मान्छेको मन रुन्छ भन्ने भाव कविले व्यक्त गरेका छन् ।

### ५.२.६ विकृति र विसङ्गतिप्रति विरोध

कवि राजन मुकारुङले आफ्ना कविताहरू मार्फत हिजोआज बढ्दै गइरहेको विकृति र विसङ्गति प्रति विद्रोह गरेका छन् । विसङ्गत जीवन भोगाइको पनि कडा रूपमा विरोध गरेका छन् । विकासका नाममा हरेक क्षेत्रमा विकृति र विसङ्गति बढ्दै गइरहेको छ भन्दै उनी यस्तो विसङ्गत जीवन भोगाइका विरुद्धमा बोल्दछन् । सुविधाको नाममा होस वा आधुनिकताको नाममा होस विकृति बढ्दै गइरहेको छ । यसको रोकथाम अवश्य हुनुपर्छ भन्ने उनको भनाई छ । यहाँ उनका विकृति र विसङ्गतिप्रति विरोधी भाव भएका कविताहरू प्रस्तुत गरिएको छ :

(क) पहेलो फूल, (ख) जिन्दगीको प्रेमभित्र, (ग) रातो भयावह, (घ) बुख्याचाहरूको जुलुस, (ङ) म भित्रको अर्को म, (च) बाँच्नुको आह्वान, (छ) घामको मोह, (ज) द्रोह विद्रोह, (झ) नयाँ स्पर्स ।

हरियो बोटमाथि फक्रेर रातो फूल
स्वच्छ
त्यसरी
बेस्सरी नाचेर भीडहरू भित्रको सहरमा
टाँगिएर रङ्गीन गुलुपहरूमुनिको काठमाडौंमा
उफ्रिएर थाकेर
उम्लिएर पोखिएर
तातिएर सेलाएर
यद्यपी

(पहेंलो फूल, पृ. २१, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङले माथिका हरफहरूमा काठमाडौंको भीडमा मानिसहरूले आफूलाई नियन्त्रणमा राख्न सकिरहेका छैनन् । रङ्गीन बत्तीहरूको मुनी आफूलाई नै हराइरहेका छन् । आफ्नो अस्मिता भुलिरहेका छन् र विसङ्गत जीवन बिताइरहेका छन् भन्ने भाव व्यक्त गरेका छन् ।

बाक्लो
धुम्मिएर पुरै
चारवटै कुनाहरू जिन्दगीको
यस्तरी कि
सिगरेटको धुवाँले पुरिएर मुनि म झ्याल भित्र
र यो अस्तव्यस्त कोठाभरि
ग्लासबाट पोखिएर आधा बग्छ ।

(जिन्दगीको प्रेमभित्र, पृ. ३०, प्रारम्भ प्रक्षेपण)

मान्छेको जीवन बाँच्नुमा विसङ्गति बढ्दै गइरहेको छ । मानिसहरू विहान बेलुकाको अत्यावश्यक खाना भन्दा पनि अखाद्य वस्तुहरूमा खर्च गरिरहेका छन् । चुरोट रक्सि जस्ता लागू पदार्थ सेवन नगरी मान्छे बाँच्न नसक्ने भएको छ भन्ने भाव कवि मुकारुङले व्यक्त गरेका छन् ।

यस्तै कसैले समयको टेम्पो पाउदैन
कसैको जागीरको वस छुट्छ
कोही वीच सडकमै अल्मलिन्छन् दुर्भाग्यवस
जस्तै
यी भिमकाय ट्रकहरू निस्सारता बोकेर
वेजोडले दगुर्छन् बाध्यताले
सायद
तरकारी बजारमा
चामलका बोराहरूमा
अझ महङ्गी थपिंदै एउटा पीडा
र यो जवान ट्राफिक विचरा
वेजोडले बजाउँछ सिट्ठि
हल्लाउँदै रहन्छ कर्तव्यको हात
र माग्छ मान्छेको लाइसेन्स
यो भीड एकदम सलवलाइरहेछ

(रातो भयावह, पृ. २३, सेतो आरोहण)

बाटोमा सवारी साधनहरूको ठूलो भीड देखिन्छ तर मान्छेले आफूले चाहेको समयमा साधन पाउँदैन समयमा काम गर्न सक्दैन । दाल चामल जस्ता अति आवश्यक चीजहरूको बजार भाउ बढ्दै जान्छ । कतै पनि सङ्गति छैन तर जे जस्तो बाध्यता र परिस्थिति भएता पनि मानिसले आफ्नो कर्तव्य भूल्नु हुदैन भन्ने भाव कविले माथिका हरफहरूमा व्यक्त गरेका छन् ।

बुख्याचा उभ्याएर सडकमा
ट्राफिक बत्ती बाल्न सकिन्छ
सकिन्छ
बुख्याचाहरूकै जुलुस निकाल्न

यो गतिछाडाहरूको विशेष जमघट हो
ठूल्ठूलो होडिङ बोर्डमा
कामिनीदेवीहरूको विज्ञापन टांगेर
अथवा तिनैको नाइटो मुनि निहुरिएर
आफूलाई सम्भ्रान्त मान्न सकिन्छ

(बुख्याचाहरूको जुलुस, पृ. ३६, जिकिरको गद्दी)

आजकालका मानिसहरू बुख्याचा जस्ता अर्थात कपडा लगाएका पशु जस्ता छन् । उनीहरूले सही, गलत छुट्याउन सक्दैनन् । विज्ञापनको पछि दगुर्छन् लहैलहैमा मात्र लाच्छन् । एउटै वस्तु हेरेर घण्टौं बिताउन सक्छन्  भन्दै कविले विसङ्गत जीवन भोगाइको वकालत गरेका छन् ।

ए पृथ्वीका वासिन्दाहरू
कसरी बाँचेका छौ कुन्नी मर्न नपाएर
यी साँगुरा कोठाहरूमा
या गल्लीहरूमा
या भीडहरूमा
अझ साँगुरिएर
या खुम्चिएर जिन्दगीकै फैलाव

(म भित्रको अर्को मान्छे, पृ. ७९, सेतो आरोहण)

माथिका हरफहरूमा कविले मान्छेको बाँच्ने शैलीमा पनि विसङ्गत छ भन्दै मानिसहरू साँगुरा चोक, गल्ली र कोठाहरूमा भीडभाडमा खुम्चिएर बस्न बाध्य छन् । मानिको इच्छा र आवश्यकता अनुसार खुलेर स्वतन्त्र भएर बाँच्न सकेको छैन भन्दै विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् ।

त्यहाँ त्यस गोगनसाँपको उपल्लो उपनिषद
त्यहाँ त्यस चरित्रहरूको उपल्लो महाभारत
त्यहाँ त्यस आर्दश मृत्युहरूको उपल्लो रामायण
त्यहाँ ती वेद स्मृति वा चाणक्य भोकहरू जो छन् ।

(बाँच्नुको अह्वान, पृ. ८, मिथकमाया)

कविले यसरी संस्कृतिमा पनि विकृति, विसङ्गति भित्रिएको छ भन्दै उपनिषदलाई गोमनसापसँग तुलना गरेका छन् । महाभारत, रामायण, वेद चाणक्य जस्ता धार्मिक भाषाहरूमा पनि विकृति छाएको छ भन्ने भाव व्यक्त गरेका छन् ।

बाग्मती विष्णुमतीहरूका नाङ्गा नाचहरूले
सिङ्गै काठमाडौं डगमगाइरहेछ
र क्याविन क्याफेहरू यसबेला

रक्सीको प्यालामा घोप्टिएरहेछन्
छाम त
आगोले पनि पोल्दैन हामीलाई
बुद्धि त विक्रि भयो अब वजारमा
(द्रोह विद्रोह, पृ. २६, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङले नेपालका नदीनाला देखि मठ मन्दिरहरूमा पनि धर्मको नाममा विकृति बढ्दै गइरहेको तथ्यलाई उद्घाटन गरेका छन् । बुद्धि पनि पैसामा साटिइसक्यो, बुद्धीहीन मान्छेलाई आगोले पनि पोल्न छाडिसक्यो त्यसैले बढ्दै गइरहेको विकृतिको रोकथामको लागि प्रयत्न गनु पर्ने भाव व्यक्त गरेका छन् ।

## ५.२.७ यान्त्रिकीकरणका बेफाइदाको चित्रण

राजन मुकारुङले आफ्ना कविताहरू मार्फत यन्त्रको विकासले मासिको सम्पूर्ण क्रियाकलाप फेरिएको विषय उठाएका छन् । मानिसले गर्नुपर्ने काम यन्त्रले गर्न थालेपछि मानिस अल्छि बन्दै गएको र सिर्जनात्मक क्षमता गुमाउँदै गएको प्रसङ्ग उनका कवितामा उठेको छ । माया प्रेम पनि यन्त्रद्धारा गर्न थालिएपछि मान्छेको जीवन पनि यन्त्र जस्तो एकोहोरो र विवेशून्य हुदै गएको छ भन्दै यन्त्रको फाइदा र वेफाइदा दुवै हुन्छन् हामीहरूले फाइदा लिन सक्नुपर्छ वा सजग रहनुपर्छ भन्ने अनुरोध गरेका छन् । यहाँ उनका यान्त्रिकीकरणसँग सम्वन्धी कविताहरू प्रस्तुत गरिएको छ :

क) प्रेमिकाको मृत्युमा, ख) मिथक माया, ग) शताब्दीको रङमञ्चमा, घ) इमेलको सतहबोध, ङ) पुनरागमनको लिखत ।

इमेलकै अर्को सतहबाट
यस वर्षकै सम्भवत
सबभन्दा बढी मातेको रात
टाइप गरिएर
छरिदै भरिदै उही कम्प्युटरबाट
मै तिर अनुमोदन गरिन्छ
यसरी इमेलको यो वर्ष
वर्षकै सम्झना लेख्न बस्दा
इमेलकै युद्धविराम रत्तिदैन
इमेलमै इमान्दारिता रहदैन
(इमेलको सतहबोध, पृ. ६, जिकिरको गद्दी)

कवि मुकारुङले माथिका हरफहरूमा यान्त्रिकीकरणको वेफाइदाको विषय उठाएका छन् । सुविधा उपयोग गरेको बाहनामा होस वा सूचना आदान प्रदान गर्ने क्रममा होस साधनको सदुपयोग भन्दा बढी दुरूपयोग भएको छ । कम्प्युटरमा चाहिने भन्दा बढी नचाहिने कुराको प्रयोग भइरहेको छ । कम्प्युटरबाट गरिएको काम छिटो, पक्का र भरपर्दो भन्ने गरिएकोमा हिजोआज यसमा पनि विकृति फैलदै गइरहेको पाइन्छ । मानिसहरूले दुरूपयोग गरेका कारण कम्प्युटरले पनि सत्य र तथ्य कुराहरू दिन छाडिसक्यो भन्दै कवि मानिसहरू यन्त्रमाथि परनिर्भर हुँदै गएकोमा दुःख व्यक्त गर्दछन् ।

आजको कम्प्युटरमाथि
मलाई विर्सेको नाम मेट्दै, लेख्दै, मेट्दै
उ अर्थात मेरी आधुनिक प्रेमिका
उ अर्थात अघोरै व्यस्त
बैसालु माउस घुमाइरहेकी हुन्छे
र हर समय
किवोर्डभरी औंला चक्र छरिएर
अनिंदो श्रृंखला मुस्काइरहेकी हुन्छे ।

(प्रेमिकाको मृत्युमा, पृ. ११, जिकिरको गद्दी)

साइवर क्याफेमा छेपारी तेर्स्याएर
उ कामुक हुँदै गइरहेकी हुन्छे

(पुनरागमनको लिखत, पृ. २०, जिकिरको गद्दी)

हिजोआज माया प्रेमका भाव व्यक्त गर्न पनि यन्त्रकै प्रयोग गर्न थालिएको छ । मानिसले आफ्नो बहुमूल्य समय यन्त्र प्रयोगमा विताइरहेका छन् । यन्त्रहरूको पनि सदुपयोग भन्दा बढी दुरूपयोग गरिरहेका छन् । घर व्यवहारका सामान्य कामहरू पनि यन्त्रद्वारा गर्ने भएका कारण मानिसहरूको सिर्जनात्मक क्षमता ह्रास हुदै गएकोमा कवि मुकारुङ भन्दछन् म त यो सबै चीजदेखि फर्केर पुरानै अवस्थामा आएँ ।

यौटा यौटा पागलहरूको दिमाग
साइवरको किल्ला छाडेर
नथुनिएर बुद्धिवादको मज्जामा
चढिँन कम्प्युटरको मोर्डनिज्म
चढिन पाइथागोरसको दुर्घटना
सट डाउन गरिराखेर
फर्केर आएँ मायामा
त्यस किल्लामा अब भोक मर्छ
त्यस स्क्रिनमा अब भोग मर्छ

क्लोज गरिराखेर सम्पूर्ण फायल
डिलेट गरिराखेर दुःखद प्यास
आएँ साया आँए

(मिथक माया, पृ. ४८, मिथक माया)

मिथक माया सङ्ग्रहको मिथक माया कविताको भूमिका लेख्ने क्रममा प्रा.डा. गोविन्दराज भट्टराईले भनेका छन् "शुष्कता सम्वेदनहीनता र यान्त्रिक जीवनको बचाई यस कविताको मुख्य चित्र हो । जीवनका आदि र अनन्तताहरू अब स्क्रीनमा आउँछन् । कम्प्युटरीकृत मोर्डनिज्महरू सट्डाउन गररे कवि मायातिर लाग्छन् तर आजको माया, प्रेम, राष्ट्रियता, जीवनका सरलताहरू तरलताहरू सारा डब्लु डब्लु डटमा मात्र देखिने भएका छन् । जीवन र संस्कृति यन्त्रवत छन् । मानिस यन्त्रको अङ्ग भएको छ । उ एउटा पूर्जामात्र भएको छ । काठमाडौं जस्तो महानगरीको दृश्यमा मानिस व्यक्तिको रूपमा बाँचेको छैन । एउटा परिचालित यान्त्रिक भीड मात्र छ । ठूला ठूला यन्त्रले आधुनिकताले किचेर विचारशील सबैको वैयक्तिकता मेटिएको छ ।

### ५.२.८ आतङ्कको विरोध

कवि मुकारुङका कविताहरूमा देशमा बढ्दै गइरहेको आतङ्कको विरोध गरिएको छ । आतङ्क र भयको त्रासमा बाँचेको मान्छेले केही गर्न र सोच्न सक्दैन । हाम्रो देशमा बाँचेका मानिसहरू हरेक पल भय र त्रासमा बाँचेका छन् । हरेक क्षेत्रमा विकृति, विसङ्गति, पीडा, हत्या, हिंशा, अनियमितता अराजकता जस्ता खराब प्रक्रियाले मानिसलाई सताइरहेको छ । मानिसहरूले कहीं पनि सुरक्षित महशुस गर्न पाएका छैनन् । यस्तो तनावमा बाँचेको मान्छेले देशको लागि के राम्रो सोच्न सक्ला त्यसैले यस्ता अराजक गतिविधिहरूको अन्त्य तुरुन्तै हुनुपर्ने विचार उनी कविता मार्फत गर्दछन् । उनका आतङ्कको विरोध गरिएका कविताहरूमा निम्न लिखित छन् :

क) शब्दद्रोह, ख) फाँसी, ग) मृत्युको समारोह, घ) नयाँ स्पर्स ।

अखबार बेच्दै नानीहरू
कहाँ पुगे हँ?
जे बेच्दैं छन्
मुख पृष्ठमै
आगो वलिरहेको हुनुपर्छ-आतङ्किएर
रगत वगिरहेको हुनुपर्छ-दुर्भाग्यले
अरे चिच्याउदैं थिए उनीहरू
जिन्दाबाद-बाँच्न दिनेहरूलाई
मूर्दावाद-बाँच्न नदिनेहरूलाई

(शब्दद्रोह, पृ. १३, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङले देशमा बढ्दै गइरहेको राजनीतिक अस्थिरता, विरोध, नारा, जुलुस, आन्दोलन, जिन्दावाद, मुर्दावाद जस्ता गतिविधिले कहिल्यै राम्रो गर्दैन, देशलाई नै ध्वस्त बनाउँदछ । त्यसैले यस्तो आतङ्क नमच्याऔ भन्दै आतङ्कको विरोध गरेका छन् ।

सहरभरि
साइकलमा घिसारेर
मृत्युको क्लिपले चेपेर
तारमा झुन्ड्यायौं
डोरीले बाँध्यौ
कुन विसाइतको सजाय दिइरहेछौ समय
मेरो राजालाई
कस्तरी विझायो होला
नमज्जा अर्कै लाग्दो रहेछ-श्रदाध्ञ्जली भन्नुपर्दा
नमज्जा अर्कै आउँदो रहेछ समवेदनाको पाना भरेर

(फाँसी, पृ. ८७, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङ १० वर्षे शसस्त्र जनयुद्धमा माओवादीको पक्षबाट राज्यसँग विरोधी भएका थिए । राज्य पक्षले आफ्ना आन्दोलनकारी साथीहरूलाई सजाय दियो भनेर राजालाई व्यङ्ग्य गर्दै श्रदाञ्जली र समवेदना प्रकट गरेका व्यङ्ग्य भाव प्रस्तुत गरेका छन् ।

अनुहार भरि रगत पोतर
राष्ट्रिय क्यालेन्डरको भित्रि पानाबाट
एकाएक
नकावधारी तस्वीर निस्कन्छ
हठात्
बन्दुक तेर्साउँछ
एक किसिम गोलीको हुँकार गर्छ
र कञ्चटनेर ताकेर चिच्याउँछ
'ऐतिहासिक हुनेछ मेरो निर्णय'
चिन्यौ
म यो देशको भावी नेता हुँ

(मृत्यु समारोह, पृ. २६, जिकिरको गद्दी)

माथिका हरफहरूमा कविले सशस्त्र आन्दोलनका वेला सत्ता पक्षलाई धेरै आतङ्क नफैलाउ, हामीलाई धेरै दवाउन नखोज, मुख छोपेर कञ्चटमा बन्दुक तेर्स्याएर, धम्क्याएर भए पनि पुरानो सत्ता फाल्ने नेता हुँ भनेर हुकार गर्दै आतङ्कको विरोध गरेका छन् ।

भो
अब यो सहन सकिन्न

आउ
भोलीका बिहानलाई
सुखद अङ्कमाल गरौं
सुखद अङ्गालो मारौं
स्पर्श गरौं
तुसिहएर स्वतन्त्र हिजो र आज तर ।

(नयाँ स्पर्श, पृ. ७९, प्रारम्भ प्रक्षेपण)

कवि मुकारुङले देशमा बढ्दै गएको राजनीतिक अस्थिरता, विरोध, नारा, जुलुश, आतङ्क, हिंशा, भय जस्ता कुराहरू छोडेर नयाँ सोच विचारको, नयाँ विहानीको स्वागत गरौ, सुखको सास फेरौ भन्दै सबैसँग हातेमालो गर्ने चाहना व्यक्त गरेका छन् ।

### ५.२.९ व्यङ्ग्यात्मकता

कवि मुकारुङले समाजमा बढ्दै गइरहेको गतिरोधप्रति, राजनीतिक अस्थिरताप्रति, शासक वर्गहरूप्रति व्यङ्ग्यत्मक रूपले आफ्ना असन्तुष्टिहरू व्यक्त गरेका छन् । शिक्षा, स्वास्थ्य, साहित्य, सञ्चार जस्ता क्षेत्रमा आएको विकृति, विसङ्गतिहरूलाई व्यङ्ग्यत्मक रूपमा आफ्ना कवितामा उनले चित्रण गरेका छन् । उनका व्यङ्ग्यात्मक भाव झल्किएका कविताहरू निम्न लिखित रहेका छन् :

१) हरियो वार्ता, २) झरि पर्दा, ३) मिथक माया, ४) बुख्याचाहरूको जुलुस

रातभर
तप्त-संतप्त सपनाहरूबीच
कोरिन्छ बक्र रेखा
मान्छेको अर्थमा
सागुरिन्छ अतृप्तिहरूले चिथोरिएर
निचोरिएर पानी फोकाहरू जस्तै
ए जुलुसहरू
आओ बन्दुकको सम्झौता बाँचौ
आओ धरापको विजजयोत्सव हासौं

(हरियो वार्ता, पृ. ३६, प्रारम्भ प्रक्षेपण)

मुकारुङको कविता लेखनको समय देशमा शसस्त्र द्वन्द्व चर्किएको समय थियो । उनले माओवादीको समर्थन गर्दै कविताहरू लेखेका छन् । सोही समयमा माओवादी र सरकार बीच वार्ता भइरहने तर वार्ता सफल नभएको अवस्था थियो । वार्ता असफल भएपछि सरकार पक्षलाई व्यङ्ग्य

गर्दे वार्ता सफल भएन फेरी पनि बन्दुकसँग सम्झौता गरौ अर्थात बन्दुक समातौं फेरी पनि धराप थापौं भनेर व्यङ्ग्य गरेका छन् ।

छाता ओढाइदिन विर्सेछन् बनाउनेहरूले
सडकमा
भत्कदै गरेका केही डोबहरू छन् जुलुसका
भित्तामा
पत्रिदै गरेका केही कुराहरू छन् विद्रोहका
समयले
यिनलाई पनि समेट्नेछ कुनै दिन
देशले
गंगालालको सालिक छेउ रुख रोपेन
छाता ओढाइदिन बिर्सेछन् बनाउनेहरूले
झरी पर्दा
किनाराको सालिक रुझ्छ

(झरीपर्दा, पृ. २, सेतो आरोहण)

नयाँ सोच र परिवर्तनको चाहना राखेर गरिएको सशस्त्र आन्दोलनमा कवि मुकारुङ्ले इतिहास र पुराना सहीदहरू माथि व्यङ्ग्य गरेका छन् । पानी पर्दा सडक छेउको सालिक रुझ्छ बनाउनेहरूले छाता ओढाइदिएनन् भनेर सहीदहरू माथि चोटिलो व्यङ्ग्य गरेका छन् ।

उठेछ मोल गर्नु टाउकोको
उठेछ झेल गर्नु अनुहारसित
कस्तो परिभाषा हो आतङ्ककारी
कञ्चटमा आफैले ताकेर शासकीय बन्दुक
नाटक यो भएछ वियोगान्त
राष्ट्रभक्ति
कलेजोमा नाम्लेकीरा लागिसकेछ है ।

(मिथक माया, पृ. ५२, मिथक माया)

सशस्त्र द्वन्द्वकालमा सरकारले आतङ्ककारीहरूको टाउको ल्याउनेलाई पुरस्कार दिने भनिएकोले कवि मुकारुङले सरकारको विरोधमा भनेका छन् शासक भएर आफै बन्दुक तेर्स्याउदै हिड्ने अनि जनताहरूलाई आतङ्ककारी भन्ने ! किन यस्तो मार्ने र मर्ने वियोगान्त नाटक गरिदैछ । आखिर जो मरे पनि आफ्नै राष्ट्रका दाजुभाई मर्ने हुन भनेर उनले सरकार पक्षको दिमाग विग्रिएको, कीरा लागेकोले यस्तो अभद्र व्यवहार गरेको हो भन्दै सत्ता विरोधी व्यङ्ग्यात्मक भाव व्यक्त गरेका छन् ।

बुख्याचा उभ्याएर सडकमा
साँढे जिस्काएर पनि सकिन्छ
सकिन्छ
बुख्याँचाहरूकै कोरली जुलुस निकाल्न
सकिन्छ
अचेल वार्ताको समय चलेको छ
सकिन्छ सिङ्गौरी हान्न
होक्का................

(बुख्याचाहरूको जुलुस, पृ. ३६, जिकिरको गद्दी)

कवि मुकारुङले मानिसहरूलाई बुख्याचा जस्तै विवेकशून्य भइसके भनेका छन् । वार्तामा बस्ने मानिसहरू मानिस जस्तै नभएर बुख्याचा जस्ता भएपछि वार्ता सफल हुन सक्दैन भन्दै मानिसहरूलाई बुख्याचासँग तुलना गर्दै व्यङ्ग्य गरेका छन् ।

### **५.२.१० परिवर्तनको चाहना**

राजन मुकारुङले कविताहरू मार्फत परिवर्तनको चाहना प्रकट गरेका छन् । राज्यदेखि घरसम्म शासक देखि शासित सम्म, साना देखि ठूलासम्म, धनीदेखि गरिबसम्म, शिक्षित, अशिक्षित सबै परिवर्तन हुनु जरुरी छ । सबैलाई परम्परागत सोचले विगारेको छ । पुराना र सागुरा सोचहरूले देशको परिस्थिति फेर्न नसकिएको भाव उनका कविताहरूमा पाइन्छ । राम्रा कुराहरूको अनुशरण गर्दै नराम्रा कुराहरू त्याग्दै नयाँ सोच र विचारका साथ अगाडि बढ्न सके पक्कै पनि देशको सकारात्मक परिवर्तन हुन्छ भन्ने उनको धारणा रहेको छ । उनका परिवर्तनको चाहना व्यक्त भएका कविताका उदाहरणहरू प्रस्तुत गरिएको छ ।

क) गन्तव्यको आलेख, ख) झण्डै दुर्घटना, ग) कि अब

खुन लीलामा परेर हरेक रात जस्तो
धिकार्दै आफ्नै जिन्दगीलाई
लाशहरूको दुव्यर्सनले मातेकाहरू छन्
र हरेक अखवारमा प्रेषित
अथवा टाङमुनी झुन्ड्याइएका
वेरुजु अभिप्रायका नामहरू छन्
झण्डामोहका पिछलग्गुहरू छन्
ती सबैलाई
तैराउनु छ त्यो निस्सार दहबाट
निकाल्नु छ विरक्तिको खाडलबाट
र ल्याउनु छ सावधानीले मूलबाटोमा ।

(गन्तव्यको आलेख, पृ. २५, जिकिरको गद्दी)

कवि मुकारुङकले लामो समयदेखि चर्केको शसस्त्र द्वन्द्व देखि दिक्क भएर सधै यस्तो आफ्नै आफ्ना मर्ने र मार्ने खेल कहिले सम्म खेलिरहने ? यस्तो खेल अन्त्य गरौ, सत्ताको पछि नलागौं, नाता गोता भनेर क्षमता नभएकाहरूलाई ठूलो ठाउँमा पुऱ्याउने काम नगरौं । चाकडी प्रथा बन्द गरौं र नयाँ सोच विचारका साथ सावधानीपूर्वक मूलबाटोमा आऔं भनेर आह्वान गरेका छन् ।

मलाई चिनेनौ भने
अघि भर्खरै राजद्रोहमा परेर आएको हुँ
नितान्त मेरो निर्णयले
अढाइसय वर्ष पछिको स्वचालित कारखानामा बन्दीगृहमा
या
अलिखित भोकको त्यस मृत्यु भवनमा
कि अब
म गइरहेछु त्यो भ्रुण तुहाउन
हो उस्तै हत्यारा नजन्मियोस
जो उस्तै निर्लज्ज नाङ्गो ननाचोस

(कि अब, पृ. ३१, जिकिरको गद्दी)

प्रस्तुत हरफहरूमा मुकारुङले दश वर्षे जनआन्दोलन चलिरहेको बेलामा पुरानो राज्यसत्ता फाल्न चाहेको भाव व्यक्त गरेका छन् । उनले सत्ताधारीहरूले जनतालाई राजद्रोमा पारेपछि अन्तिम निर्णयमा पुगेर भइरहेको पुरानो राजसंस्था फाल्ने र त्यस्तै प्रवृत्तिका नयाँहरूलाई पनि हुर्कन नदिई भ्रुणमै नष्ट गर्ने अठोटमा पुगेका छन् । किनकी पहिलाका जस्तै खराब मान्छेहरू अब नजन्मिउन र पहिलेको जस्तै फोहोरी राजनीतिक खेल अब नखेलुन् । सबै परिवर्तन हुन् भन्ने कविको धारणा कविताहरूमा व्यक्त भएको छ ।

यहाँ अब फेरी मै
हुँ भन्ने राजक सवारीले
क्याच्च किचिराख्न खोज्छ
र झन्डै दुर्घटना हुँदछ
रातो पहेंलो वा हरियो सडक बत्ती
यी तीन वटै रङले त्यसलाई छेक्दैन
अर्को तिर लाम लागेका जामहरूले पनि
त्यस सवारीको यस अवस्थालाई रोक्दैन

(झण्डै दुर्घघटना, पृ. ३१, जिकिरको गद्दी)

ठूला मान्छेहरू हिड्नु पर्दा सडकमा गुडिरहेका सबै सवारी साधनहरूलाई रोकेर, मानिसहरूलाई पनि रोकर, ट्राफिक नियम मिचेर, ट्राफिक बत्तीको वेवास्ता गर्दै मानिसलाई नै किचौला झै गरेर हुइकिन्छन् । नियमले उनीहरूलाई छेक्दैन । बत्तीहरूले पनि उनीहरूलाई रोक्दैन

। घण्टौ अघिदेखि जाममा परेका अरू सवारीहरूको पनि उसलाई वास्ता हुदैन । कसैले केही बोल्न पाउँदैन । तर अब परिस्थिति फरक भइसक्यो सबै समान हुनु पर्छ । त्यसैले सबैले भेदभावको भावना नराखी नियमको पालना गरेर समान कर्तव्य र अधिकारको उपयोग गर्दै देशमा परिवर्तन ल्याउनुपर्छ भन्ने धारणा कविले उक्त हरफहरूमा व्यक्त गरेका छन् ।

## ५.३ शिल्पशैलीगत नवीनता

राजन मुकारङका कविताहरू क्लिष्ट र दुर्वोध्य जस्ता लागे पनि अध्ययनको गहिराइमा डुब्दा भने जटिलता भित्रै सरलता पाउन सकिन्छ । उनका सबै कविताहरू गद्य लयमा लेखिएका छन् । विम्ब प्रतीक र मिथकहरूको प्रयोागले उनका कविताहरू जटिल जस्ता हुन पुगेका हुन् । उनका कविताहरूमा सांस्कृतिक विम्ब, ऐतिहासिक विम्ब र स्थानीय विम्बहरू प्रशस्तै प्रयोग भएका छन् । त्यस्तै तत्सम र आगन्तुक शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । उनका कतिपय कविताहरूमा स्थानीय राई भाषाका शब्दहरूको पनि प्रयोग भएको छ । यस्तै विम्ब, प्रतीक र स्थानीय भाषाको प्रयोगले गर्दा पनि उनका कताहिरू सहज बोधगम्यमा बाधा पुगेको देखिन्छ । यहाँ मुकारुङका कवितामा पाइने विम्ब, प्रतीक, अलङ्कार, शब्दचयन जस्ता शिल्पगत विशेषता प्रस्तुत गरिएको छ ।

### ५.३.१ विम्ब

राजन मुकारुङले आफ्ना कविताहरूमा प्रशस्तै सांस्कृतिक विम्ब र ऐतिहासिक विम्बहरू प्रयोग गरेका छन् । यहाँ विभिन्न विम्बहरूको उदाहरण प्रस्तुत गरिएको छ ।

धरहराबाट हामफाल्नु अघि उसले
सबभन्दा भव्य देख्यो रे काठमाडौंलाई
सबभन्दा राम्री देख्यो रे रानीपोखरीलाई
कमसेकम माया गऱ्यो रे देशलाई

(जङगबहादुरको रूपान्तरण, पृ. १२, जिकिरको गद्दी)

माथिका हरफहरूमा धरहरा, काठमाडौं, रानीपोखरी जस्ता देशको इतिहासमा समेत चर्चा भएका स्थलहरूको चर्चा गर्दै उनले ऐतिहासिक विम्ब प्रस्तुत गरेका छन् ।

तुलसी मठनेर आकाश बत्ती झुन्ड्याएर
फिस्स मुस्कुराइरहेकी
चरण धूली भइरहेकी

(नयाँ घोषणा, पृ. २९, मिथक माया)

धर्म संस्कृति र संस्कारको अनुसरणको बहानामा कुनै महिलाले दासी हुनु परेका सांस्कृतिक विम्ब कविले माथिका हरफहरूमा प्रस्तुत गरेका छन् ।

हे गुरु पुरोहित
ती अघिसम्मका मन्दिरहरू, गुम्बाहरू
मस्जिदहरू या चर्चहरू
ती अनाथालयहरू नभत्कियून् यो क्षण

(म भित्रको अर्को मान्छे, पृ. ८०)

माथिका हरफहरूमा कविले संस्कारलाई निरन्तरता दिने गुरु पुरोहित अथवा मन्दिर, गुम्बाहरू वा अनाथालय जस्ता संस्कृतिको पहिचान बोकेका चीजहरू नाश नहुन भनेर सांस्कृतिक विम्ब प्रस्तुत गरेका छन् ।

### ५.३.२ प्रतीक

राजन मुकारुङले आफ्ना कविताहरूमा प्रशस्तै प्रतीकहरूको प्रयोग गरेका छन् । यहाँ विभिन्न प्रतीकहरूको उदाहरण प्रस्तुत गरिएको छ ।

यतिबेला
मन सङ्गालिनु पर्दछ सयपत्री थुङगाहरूमा
कलिलो सूर्य पनि
सम्हालिनु पर्छ दुवोका पातहरूमा
जीवन शीत होइन र
रीतले बाँधिन्छ सम्पूर्णहरूमा

(समग्रहरूको मान्छे, पृ. १९, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा कविले धेरैवटा पत्रहरू मिलेर थुङ्गा भएजस्तै जीवन पनि सङ्गाल्न जान्नु पर्छ भन्दै थुङ्गाफूल एकताको प्रतीक र कलिलो सूर्य शीत कमजोरीको प्रतीकको रूपमा प्रस्तुत गरेका छन् ।

केश भन्दा धेर
गुराँसका थुङ्गाहरू नखुलेर
वेचैनहरू छन्
गुनगुनाउदै तर्नुपर्ने वैंसका जङ्घारहरू पनि
टाढा छन्
शून्यमा छन्
काखभरिका स्वप्नहरू थिए
ती सब मरिसके
फुटाउ

त्यो ऐनालाई फुटाउ

(अफाव वैंसका घोषणा, पृ. ५२, सेतो आरोहण)

माथिका हरफहरूमा कविले गुराँस, जङ्घार, स्वप्न जस्त प्रतीकहरूको प्रयोग गर्नुका साथै ऐनालाई सम्पूर्ण विसङ्गत जीवनको वा मिल्न नसकेको जिन्दगीको प्रतीकको रूपमा प्रस्तुत गरेका छन् ।

**५.३.३ व्याकरणात्मक विचलन**

राजन मुकारुङका कविताहरूमा व्याकरणात्मक विचलन पनि भएका छन् । यहाँ पदक्रमको विचलन भएका कविताको उदाहरणहरू प्रस्तुत गरिएको छ :

रङगी विरङगी सुखलाई हत्याउँदै भीडहरूमा
यहाँका हरेक रातहरूमा
चीसो दुख्छ समय
अनिदो रुन्छ जून
सौन्दर्य हार्छ गुलाब

(म भित्रको अर्को मान्छे, पृ. ८१, सेतो आरोहण)

माथिका हरफहरूमा पदक्रमको भङ्ग भएको देखिन्छ । रङ्गी विरङ्गी सुख, समयलाई दुख्छ, जून रुन्छ, गुलाव सौन्दर्न्य विहीन हुन्छ भन्नु नै पदक्रमको विचलन हो ।

**५.३.४ अलङ्कार**

सुन, चाँदी, हिरा, मोती, आदिबाट निर्मित अलङ्कारहरूले शरीरलाई अलङ्कृत गराए जस्तै साहित्यमा पनि विभिन्न अलङ्कारहरूले काव्यलाई सिंगार्ने काम गर्ददछ । मुकारुङले पनि आफ्ना कवितामा विभन्नि प्रकारका अलङ्कारहरू प्रयोग गरेका छन् ।

यहाँ विभिन्न अलङ्कारहरूको उदाहरण प्रस्ततुत गरिएको छ :

लयलयमा वज-सह आवाजले गर्दैछु
शिर उठाएर मान भावले  गर्दैछु
उठ कलाशक्तिको शिर
उठ दर्शनशक्तिको शिर
उठ जीवन शक्तिको शीर
उठ मान्छेहरूको अग्लो चुचुरो

(मन्दुम गर्दैछु, पृ. ३९, मिथक माया)

माथिका हरफहरूमा उठ, शिर, शक्तिको जस्ता वर्णहरूको आवृतिले वृत्यानुप्रास अलङ्कार प्रयोग भएको छ ।

बाँच्नुको विमज्जाले यी माग्नेहरू
मागिरहन्छन् निरुत्तर
हराएको चङ्गा नभेटेर यी नानीहरू
दौडिरहन्छन् निरुत्तर

(रातो भयावह, पृ. २२, सेतो आरोहण)

माथिका हरफहरूमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

साँच्चै भन्ने हो भने
फलाम कडा हुन्छ
र मान्छे पनि फलाम जस्तै हुन्छ
र प्रत्येक ओठमा आगो मुस्काउनेहरूले
फलाम पगाल्छन्
हामी हार्‍यौ, रोयौ ।

(घामको मोह, पृ. ३९, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा फलाम जस्तै भनेर उपमा अलङ्कारको प्रयोग भएको छ ।

बाँसुरीको धुन फिक्का रह्यो र
मैले गुहार माँगे नदीसित
नदीको बग्दो प्रवाहसित
र आफैमा गीतजस्तो सुसाइसित
मानौं,
त्यही अवाज थियो विद्रोहको

(राजीनामा, पृ. ६५, सेतो आरोहण)

माथिका हरफहरूमा मानौं शब्दको प्रयोगले उत्प्रेक्षा उलङ्कारको प्रयोग भएको छ ।

### ५.३.५ शब्दचयन

राजन मुकारुङले आफ्ना कविताहरमा आगन्तुक शब्दहरू, तत्सम शब्दहरू र स्थानीय भाषाका शब्दहरूको प्रयोग गरेका छन् । यहाँ शब्दचयनका विभिन्न उदाहरणहरू प्रस्तुत गरिएको छ ।

ट्रेडयुनियनको कालो झण्डा या यङब्लड
सापेक्ष व्यानरको संविधान या ग्राइन्ड डिजाइन
दुब्लो प्ले कार्डको वहुदल या कोककोला प्रजातन्त्र

(भट्टीपशलमा, पृ. १३, मिथक माया)

माथिका हरफमा ट्रेडयुनियन, यङब्लड, व्यानर, ग्राइन डिजाइन , प्लेकार्ड जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ ।

त्यहाँ त्यस गोमन साँपको उपल्लो उपनिषद
त्यहाँ त्यस चरित्रहरणको उपल्लो महाभारत
त्यहाँ त्यस आदर्श मृत्युहरूको उपल्लो रामायण
त्यहाँ ती वेद स्मृति वा चाणक्य भोकहरू जो छन्
भक्त भक्त महाभक्त
स्वामी स्वामी महास्वामी
कुन गंगा बग्दैछ अफ नीलो यस्तो रागात्मक
कुन सिन्धुले नशच्छेदन गर्दैछ ती वश्वामित्रहरूको

(बाँच्नुको आह्वान, पृ. ९, मिथक माया)

माथिका हरफहरूमा उपनिषद, महाभारत, रामायण, वेद, स्मृति चाणक्य, भक्त, स्वामी, विश्वामित्र, नशच्छेदन जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ ।

प्रत्येक संघारको सामुन्ने उभिएका सेहें मनहरू
प्रत्येक वलेसीमा तप्केको पराजित भावहरू
समातेर मूल खाँवो भित्रै सुकुलुङमाको वियोगी सातो
आओ, यो फेदीबाट
बाँचौ चोमोलुङ्माको उचाई

(बाँच्नुको आह्वान, पृ. ७, मिथक माया)

माथिका हरफहरका सेहें, सुकुलुङमा चोमोलोङ्मा जस्ता स्थानीय राई भाषाका शबदहरूको प्रयोग भएको छ ।

## ५.४ लय विधान

कवि राजन मुकारुङले जति पनि कविताहरू लेखेका छन् ती सबै गद्य लयमा लेखिएका छन् । गद्यलयात्मकता नै उनको कविताको मुख्य विशेषता हो ।

दिन या रात
कुनै प्रवाह छैन समयको
लाग्छ,
नाङगिएको कलमको निवबाट
तातो आँशु शताब्दीको
सादा पानामा पोखिन्छ
र एउटा समवेदना कोरिन्छ नियतिको

(आधुनिक कविता, पृ. ८, सेतो आरोहण)

माथिका हरफहरू गद्यलयमा लेखिए तापनि समयको शताब्दीको नियतिको जस्ता अन्त्यानुप्रास मिलाएर कविले लय सिर्जना गरेका छन् ।

बाँसको थाक्रोले कपाल कोरेर
त्यो दन्त्य कथामा
सुन केसरी जीवनको कुरा गरेको
र रुमालमा फूलबुट्टा भरेको
मलाई मन पऱ्यो
मन पऱ्यो त्यो रुमालै उपहार दिएको
मालिङ्गोको विनायो खिपेको कुरा
जोवानको जुहारी गाएको कुरा
यी सबै सबै मलाई मन पऱ्यो

(रुमालको गीत, पृ. ५०, जिकिरको गद्दी)

माथिका हरफहरूमा कोरेर, गरेको, भरेको, दिएको खिपेको जस्ता समध्वन्यात्मक शब्दहरूको प्रयोग भएको छ ।

## ५.५ भाव विधान

कवि राजन मुकारुङले आफ्ना कविताहरू वीर भाव, प्रणय भाव, शोक भाव, उतसाहभाव, करुणा भाव, आतङ्कित भाव जस्ता भावहरू व्यक्त गरेर लेखेका छन् । यहाँ यी नै विभिन्न भावहरूको उदाहरण प्रस्तुत गरिएको छ :

### ५.५.१ प्रणय भाव

मुकारुङले धेरैवटा कविताहरू प्रणय भावमा लेखेका छन् । प्रणय भावमा पनि सम्भोग र विप्रलम्भ गरी दुई भावका कविताहरू लेखेका छन् । यहाँ उनको संयोग भाव व्यक्त भएको उदाहरण प्रस्तुत गरिएको छ ।

एउटा स्वस्थ ओछ्यान
र खुकुला मनहरू बीच
नैतिक आकर्षण पनि
बाहिर
आँखी झ्यालदेखि अलिपर
निरस्त्र पैतालाका डोबहरू
र सौभाग्यका भर्नै पर्ने गीतहरू
बाटोमा
जीवनका पानाहरूमा

(रातो विहानी मुनि, पृ. ७१, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा जिन्दगीमा माया प्रेम आवश्यक हुन्छ । निश्चित उमेरम्म माया प्रेमको महत्त्व हुन्छ एक अर्कामा आकर्षण हुन्छ भनेर मायामा मिलनको भाव व्यक्त गरेका छन् ।

राधा
आएर हेर्नु है
मैले तिम्रो नाम
ढुङ्गे धारामा पनि खोपिराखेको छु
पिएर जानु एक अञ्जुली पानी
ऐसेलुको भ्याङमा अल्झिएर हाम्रो माया
कस्तरी रोइरहेछ
कस्तरी रगतपच्छे भइरहेको छ
साथैमा लानु है ।

(प्रेमपीडा-, पृ. ६७, प्रारम्भ प्रक्षेपण)

माथिका हरफहरूमा कविले मायामा विछोडको भाव व्यक्त गरेका छन् । आफूलाई मनपर्ने मानिसको नाम उ हिड्ने बाटोमा लेखेको, आफ्नो माया कतै अल्झिएको, रोइरहेको, रगत बगेको जस्ता मायामा विप्रलम्वभाव व्यक्त गरेका छन् ।

### ५.५.२ उत्साह भाव

कवि मुकारुङले उत्साह भावमा कविताहरू लेखेका छन् । यहाँ उनका उत्साही भावका उदाहरण दिइएको छ :

जसरी विचार अग्लिरहेछ सगरमाथा
जसरी मन्दिरका ढोका ढोकाबाट
घण्टहरू बजिरहेछन् शान्तिका
र फूलहरू फक्रिरहेछन् स्थापनाका
र फेरी थपिदैछन् इतिहाँसमा
सलाम आङरिता
फेरी हिमाल चढ्ने हो की
सेतो आरोहण सगरमाथा

(सेतो आरोहण, पृ. ३८, सेतो आरोहण)

माथिका हरफहरूमा कविले हिमाल चढ्ने मानिस वा राम्रो काम गर्ने मानिसहरूलाई अझै राम्रो काम गर्दै जाउ भनेर उत्साह थप्ने भाव व्यक्त गरेका छन् ।

### ५.५.३ शोक भाव

कवि मुकारुङले आफ्ना कविताहरूमा शोक भाव पनि व्यक्त गरेका छन् । यहाँ उनको शोक भाव व्यक्त भएको कविताको उदाहरण प्रस्तुत गरिएको छ

जुनदिन
भविष्य खोजिरहेको युवालाई
गोली ठोक्यौ
अथवा
उसकी दिदीलाई बलत्कार गऱ्यौ
त्यही दिन समयको क्रेनले
किचिएर सडकमै
माटो भएका छन् अमरसिंहहरू

(माग्नेहरूलाई, पृ. ४०, सेतो आरोहण)

माथिका हरफहरूमा कविले सही बाटो खोजिरहेको युवक माथि परेको बज्रपातलाई शोक भावमा व्यक्त गरेका छन् ।

### ५.५.४ घृणा भाव

कवि मुकारुङले कविताहरमा घृणा भाव पनि दर्शाएका छन् । उको यहाँ घृणा भाव व्यक्त भएको उदाहरण प्रस्तुत गरिएको छ :

खुनको लीलामा परेर हरेक रातजसो
धिकार्दै आफ्नै जिन्दगीलाई
लाशको दुर्व्यसनले मातेकाहरू छन्
र हरेक अखावारमा प्रेषित
अथवा टाङमुनी झुन्ड्याइएका
वेरुजु अभिप्रायका नामहरू छन् ।
झण्डा मोहका पिछलग्गुहरू छन् ।

(गन्तव्यको आलेख, पृ. २५, जिकिरको गद्दी)

माथिका हरफहरूमा कविले खुनको लीला, लाशको दुर्व्यसन जस्ता घृणा उत्पन्न हुने भाव व्यक्त गरेका छन् ।

## ५.६ निष्कर्ष

कवि राजन मुकारुङ यथार्थवादी लेखक हुन् । उनका कविताहरू पनि यथार्थमा आधारित छन् । सामन्तवादी संस्कृतिको उन्मूलन, जातीय भेदभावको उन्मूलन र स्थायी शान्ति कायम गर्न उनका कविताले सबैलाई अभिप्रेरित गरेका छन् । उनका कविताहरू गरिब, दीन दुःखीहरूको पक्षमा र दलित जनजाति, आदिवासी, पिछडीएका र सीमान्तकृति वर्गहरूको पक्षमा रचिएका पाइन्छन् । उनका कवितामा राष्ट्रप्रेम, प्रणयभाव, जातीय पहिचान, सांस्कृतिक जागरण, मानवतावादी चिन्तन,

विकृति र विसङ्गतिप्रति विरोध, यान्त्रिकीकरणका वेफाइदाको चित्रण, आतङ्कको विरोध, व्यङ्ग्यात्मकता, परिवर्तनको चाहना जस्ता प्रवृत्तिहरू रहेका छन् ।

# छैठौं परिच्छेद

# राजन मुकारुङका आख्यान एवम् निबन्ध कृतिको विश्लेषण

## ६.१ विषय प्रवेश

राजन मुकारुङ नेपाली साहित्यमा कवि व्यक्तित्वबाट उदाएर आख्यान व्यक्तित्वमा चर्चित बनेका साहित्यकार हुन् । उनले चारवटा कविता सङ्ग्रहहरू प्रकाशित गरिसकेपछि आफ्नो ध्यान आख्यान तर्फ मोडेका छन् । हालसम्म उनका दुईवटा उपन्यासहरू प्रकाशित भएका छन् । उनको पहिलो उपन्यास **हेत्छाकुप्पा** वि.सं. २०६५ मा प्रकाशित उपन्यास हो । त्यसपछि मुकारुङको वि.सं. २०६९ मा **दमिनी भीर** उपन्यास प्रकाशित भएको हो । **दमिनी भीर** उपन्यास नेपालबाट प्रदान गरिने सबभन्दा ठूलो पुरष्कार 'मदन पुरष्कार' पाउन सफल उपन्यास हो । मुकारुङका उपन्यासहरूको विश्लेषण क्रमशः गरिएको छ :

## ६.२ 'हेत्छाकुप्पा' उपन्यासको विश्लेषण

फिनिक्स बुक्स काठमाडौँद्वारा वि.सं. २०६५ मा प्रकाशित उपन्यास **हेत्छाकुप्पा** साहित्यकार राजन मुकारुङको पहिलो औपन्यासिक कृति हो । मूलपाठ २१८ पृष्ठ र नौ सर्तको आयाम ओगटेको प्रस्तुत उपन्यास जनजातीय सौन्दर्यशास्त्रको एउटा राम्रो शिल्प अँगालेको साहित्यिक कृति हो । उपन्यासमा मुकारुङले नेपाली साहित्यमा नयाँ मान्यता ल्याउने सोचका साथ परम्परागत सोच, चिन्तन र मान्यताहरूको झाँको झार्दै नेपालका सीमान्तकृत तथा उत्पीडित जाति, वर्ग र समुदायको पक्षमा वकालत गरेका छन् । मुकारुङले नेपालका आदीवासी-जनजातिहरूको राजनीतिक तथा सामाजिक र सांस्कृतिक मुद्दालाई उपन्यासको विषयवस्तु बनाएका छन् । उपन्यासको कथानक, चरित्र, परिवेश विधान, भाषाशैली, दृष्टिविन्दु, उद्देश्य आदिका आधारमा विश्लेषण गरिएको छ :

### ६.२.१ कथानक

कथावस्तु व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनाबद्ध तथा सङ्गठित रूपान्तरण हो । यसमा चरित्रले घटाएका घटना उपन्यासकारका चिन्तन मनन् र कल्पना समाविष्ट हुन्छन् । कथावस्तु उपन्यासको कच्चा सामग्री हो यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । यस अर्थमा कथावस्तु उपन्यासको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । यसको व्यवस्थित विन्यासलाई कथानक भनिन्छ (आधुनिक नेपाली उपन्यास र कथा कृष्णप्रसाद, आचार्य र कृष्णबहादु बस्नेत २०६२, पृ. २४) ।

**हेत्छाकुप्पा** उपन्यासको कथानक भोजपुरको सेरोफेरोबाट सुरु हुन्छ । भोजपुरको दुर्गम गाउँमा बुबा नभएको आमाले दुःख गरेर पढाएको राई जातिको साङगेन क्षेत्रीको छोरी सावित्रासित अन्तरजातिय प्रेम विवाह गर्छ । सासु बुहारीको संस्कृति नमिलेपछि श्रीमती माइत वस्न थाल्छे । छोरो जन्मिन्छ, त्यसपछि पढ्ने र जागिर पनि खाने धुनमा साङ्गेन राजधानी पसेर पत्रकारितामा लाग्छ । श्रीमती बच्चा र साली सहितको राजधानीको बसाई, भनेका बेला तलब नआउने पत्रकारिता पेसा साङगेनका अफठ्यारा दिनहरू सुरु हुन्छन् । प्रेम गरेर विवाह गरेकी भए पनि अन्तरजातीय भएकोमा साङगेन पछुताउँछ र विस्तारै जातीय पहिचान तर्फ ढल्कन्छ । पहिले आफूमा त्यस्तो विचार नभएको र अन्तरजातीय विवाहमा बाँधिएकोमा साङ्गेनभित्र अन्तरद्वन्द्वहरू देखिन्छ ।

साङ्गेनको पारिवारिक अन्तरद्वन्द्वका साथै आर्थिक अवस्था पनि कम चुनौतिपूर्ण छैन । साङ्गेनले काम गर्ने पत्रिकाको सम्पादकीय र समाचारमा भ्रमपूर्ण विचार पस्केको आरोपमा पत्रिका बन्द गरिएको सूचना आउँछ । पत्रिका बन्दसँगै साङगेनको जागिर पनि जान्छ । काठमाडौँको वेरोजगार साङगेनलाई चारजनाको परिवार धान्न साह्रै कठिन पर्छ । श्रीमतीको सुन राखेर खानु पर्ने अवस्था, डेराभारा तिर्न समस्या, छोरो विरामी पर्दा उपचार गर्न नसकेको अवस्था, अन्य बाहुनीहरू जस्तै सावित्रा पनि साइबाबाको पछि लागेको जस्ता कारणले श्रीमान श्रीमतीमा भनाभन हुन्छ । भनाभन पछि साङगेन केही समय भोजपुर जान्छ । भोजपुरका सँगैका साथीहरू कोही माओवादीमा गएका हुन्छन्, कोही लाहुरे भएका हुन्छन्, राईहरूको साँस्कृतिक चाड साकेवा परेकोले सिलि नाचेर रमझम पनि गर्छ । आफूलाई एकतर्फी माया गर्ने राइकी छोरी सायाले आफ्नी आमालाई पालेर आफैलाई कुरेर बसेको साङगेनले थाहा पाउँछ । तर साङगेन न त सजातीय मायालाई अपनाउन सक्छ न त विजातीय मायामा सन्तुष्ट रहन सक्छ । न त माओवादीमा लाग्न सक्छ न गाउँमा नै वस्न सक्छ बरू माओवादीका ज्वाला लगायतका कार्यकर्ताहरूसँग वर्गीयताको साटो जातियको वकालत गर्छ र काठमाडौं फर्कन्छ । विवाह भएकै बेलादेखि सावित्राले साङगेनलाई विदेश जानको लागि पटक पटक गरेर धेरै अनुरोध गरेकी थिई । साङगेनले विदेश जाने कुरालाई नकार्दै आएको थियो । साङगेनका लागि विदेश जानु र मर्नु एकै थियो । श्रीमानलाई जति भन्दा पनि नलागेपछि सावित्रा आफैं सुटुक्क इजरायल जान्छे । आफू घरमा नभएका बेला बिना खवर श्रीमती बाहिर गएपछि साङगेन निकै मर्माहत हुन्छ ।

पछिल्लो समय साङगेन लोकतान्त्रिक आन्दोलनमा सहभागी हुन्छ । तर उ न माओवादी बन्छ न त कुनै पाटीमा लाग्छ, बरु डोल्माको भट्टीपशलमा जातीय पहिचानको कुरा गर्ने र

बाहुनहरूलाई गाली गर्न मै उसको दिनचर्या वितिरहेको हुन्छ । यसै परिवेशमा देशमा संविधान सभाको चुनाव सकिन्छ लोकतान्त्रिक गणतन्त्र घोषणा हुन्छ । जनयुद्धमा घाइते र अपाङ्ग भएको नुसान संविधानसभा भवन अगाडि ट्रक दुर्घटनामा किचिएर मर्छ । राष्ट्रपति र उप-राष्ट्रपतिको निर्वाचन हुन्छ । सत्ता साझेदारीका खेल र हत्यकाण्डहरू पुनः दोहोरिन्छन् तर साङगेनले चाहेको जस्तो जातिय मुक्तिको अझसम्म कतैबाट सुनुवाई भएको छैन त्यसैले साङगेन निराश हुन्छ ।

यस उपन्यासमा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द चलेको देखिन्छ । बाह्य द्वन्द्वमा साङ्गेन र उसको घरभेटीबीच डेराको भारासँग सम्बन्धी बाह्य द्वन्द्व चलेको देखिन्छ । यसरी साङगेन गाउँ छाडेर काठमाडौं बस्नु उपन्यासको आदि भाग, साङगेनले सम्पादन गरेको पत्रिका बन्द भएर जागिर खोसिनु मध्य भाग र श्रीमतीले छोडेपछि छोरो लिएर गाउँ फर्कनु उपन्यासको अन्त्यभाग रहेको छ ।

### ६.२.२ चरित्र

उपन्यासको विषयवस्तुलाई बोकेर कुनै पनि कार्य सम्पादन गर्ने चरित्रलाई पात्र भनिन्छ ( ऐजन, पृ. २५) । **हेत्छाकुप्पा** उपन्यासमा पात्रहरूले खेल्ने भुमिका र सम्वन्धका आधारमा प्रमुख र सहायक गरी पात्रहरूको वर्गीकरण गरिएको छ । यस उपन्यासका प्रमुख पात्रहरूमा सङगेन, सावित्री, दुर्पदा, दिलुङ, नुसान, सरिता, साया रहेका छन् भने सहायक पात्रहरूमा दिवाहाङ, अमर, कमानसिंह, साङगेनकी आमा, चावक्छा, रिदुम, धिलुङ, चितेन, पेहाङ, काङहाङ, आङदेम्वे, राखोले, डोल्मा, सलमाया, रमा, सारा, नायुमा, जितेपा, प्रेमबहादुर जस्ता धेरै पात्रहरू छने । यहाँ मुख्य पात्रहरूको चर्चा गरिन्छ ।

#### (क) साङगेन

**हेत्छाकुप्पा** उपन्यासको भोक्त र कथयिता समेत रहेको साङगेन नामक पात्र प्रमुख भूमिकामा देखिन्छ । ऊ उपन्यासको प्रमुख पुरुष पात्र हो । साङगेन भोजपुरको दिल्पा गाउँमा जन्मीएर हुर्किएको राई किराँती हो । उसले आफ्नै गाउँमा पढेको हो । गा.वि.सं. को निजी स्रोतबाट तलब खुवाउने गाउँकै विद्यालयमा पढाउने काम पनि गर्छ । उसले पढाउने विद्यालयकै सावित्रासँग अन्तरजातीय प्रेम विवाह गर्छ । किराँत संस्कारकी कट्टरधर्मी साङगेनकी आमा र आर्य संस्कृतिकी श्रीमती बीच स्वाभाविक अन्तरजातीय द्वन्द्वका कारण साङगेन आमासित छुट्टिएर काठमाडौंतिर लाग्छ । ट्युशन पढाउने, प्रूफ रिडिङ्ग हेर्ने र पत्रकारिताको काम गर्दै साङगेनले वि.ए. पास गर्छ । त्यसपछि भू.पू गोर्खा सैनिकहरूको मुखपत्र 'आवाज' मासिकमा सम्पादकको काम गर्छ । देशमा विद्यमान

राजतन्त्रात्मक व्यवस्थाको विरोध गरेको र राजनीतिक दलहरूको निरीहताको विरोध गरेकाले उक्त पत्रिकाको कानुनी सल्लाहकारको दवावमा सम्पादक पदबाट उसलाई बर्खास्त गरिन्छ । पत्रिकामा ऊ सँगै काम गर्ने अन्य कर्मचारीहरूको पनि रोजी रोटी खोसिन्छ  र लाखापाखा लाग्छन् । त्यसपछि काठमाडौँको वेरोजगार जीवन धान्न सङगेनलाई धौ-धौ पर्छ । वेरोजगार भएपछि उसले पाएको सास्ती दुःख र सङघर्षको कथा, अभावको कथा, राज्यको वेतिथीले सिर्जित वेरोजगारी, अराजनीतिक संस्कारले गाँजेको नेपाली समाज, आधुनिकता, आडम्बर र खोक्रो जीवन शैली, पारिवारिक द्वन्द्व, वैचारिक द्वन्द्व यस्तै यस्तै सङ्घर्ष र पीडामा साङगेनको जीवन अगाडि बढ्छ । साङगेन मञ्चीय र बद्ध पात्र हो ।

साङगेन वर्षौपछि जन्मघर र बुढीआमाको यादले एकपटक आफ्नो गाँउ जान्छ र गाउँमा राज्य र माओवादी बीच द्वन्द्व चर्केको हुन्छ । गाउँका भाई बहिनी र साथीभाई  माओवादीमा लागेका हुन्छन् । उसले आमा बहिनी लगायत गाउँका सबैलाई भेट्छ । गाउँको सुख दुःख बुझ्छ । आफ्नो साँस्कृतिक चाड साकेवामा सिलि नाच्छ ।

काठमाडौँ फर्केपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि आन्दोलनमा सरिक हुन्छ । पुलीसको लाठी खान्छ । पैसा कमाउन विदेश जानु उसका लागि मर्नु समान हुन्छ । उसको आदर्श र स्वाभिमानदेखि दिक्क भएर श्रीमती उसलाई थाहा नदिई इजरायल जान्छे । त्यसदेखि ऊ मर्माहत हुन्छ । आन्दालनले दिएको घाउ र समयले दिएको चोटहरू सुम्सुम्याउँदै भारिमन लिएर साङगेन केही समय हराउँछ । कसैले उसको खोजी गर्दैन । संविधान सभाको निर्वाचन पछि देशमा लोकतान्त्रिक गणतन्त्रको घोषणा हुन्छ । नयाँ राष्ट्रपति उपराष्ट्रपति भए पनि राज्यसत्ताका पुरानै खेलहरू दोहोरिन्छन् तर उसले चाहे जस्तो जातीय मुक्तिको सुनुवाई अझसम्म भएको पाइदैन । सिङगो उपन्यास भरी हेर्दा साङगेन सङ्घर्षशील, प्रगतीशील पात्र हो । ऊ अभाव र पीडाको अवस्थामा पनि सहनशील र धैर्य साथ अगाडि बढिरहन्छ । मुकारुङको आत्मकथा र जीवनीसँग मिल्दोजुल्दो गुण भएको साङगेन आफ्नो संस्कृति र जातीय पहिचानको लागि सधैं लागि रहन्छ । विदेश जानु र मर्नु बराबर ठान्ने साङगेन स्वाभिमानी पात्र पनि हो ।

**(ख) सावित्रा**

सावित्रा **हेल्छाकुप्पा** उपन्यासकी प्रमुख नारी पात्र हुन् । भोजपुरको दिल्पामा क्षेत्रीय परिवारमा जन्मिएर हुर्किएकी केटी हो । गाउँकै विद्यालयमा पढ्दा देखि नै साङगेनलाई मन पराउँछे । उनीहरूको प्रेम विवाहमा परिणत हुन्छ र किराँती संस्कृतिमा भित्रिन पुग्छे । सासु र बुहारीको संस्कृति नमिलेपछि सावित्रा सासुसँग छुट्टिएर माइतीमा नै बस्न थाल्छे । उसको छोरो जन्मिन्छ ।

त्यतिबेला उनका श्रीमान काठमाडौँ बस्न थालेकोले उ पनि छोरो लिएर काठमाडौँतिर लाग्छे । बच्चा सहित काठमाडौँको बसाई सावित्राका लागि कष्टकर र पीडादायी बन्छ । महिनै पिच्छे डेरा भाडाको समस्या, विहान बेलुकाका हातमुख जोर्न समस्या, छोराको कापी कलम र खाजाको समस्या छोरो विरामी पर्दा उपचार गर्न नसकेको अवस्था जस्ता तनावहरूले सावित्राको जीवनमा एकपछि अर्को गर्दै पच्छ्याइरहन्छन् । सावित्राले आफ्नो पेवा पात र नाक कानको माखा मुन्द्री पनि भन्न पाउँदिन । यसरी लथालिङ्ग भएको परिवार र श्रीमानको राम्रो जागीर नभएकोले बरु विदेश गएर पैसा कमाउने सल्लाह श्रीमान्लाई परम्बार दिन्छे । उसको श्रीमान्ले जब विदेश जानु र मर्नु मेरा लागि उस्तै हो भनेर जवाफ दिए । त्यस दिनदेखि नै सावित्रा यस्तो अभावमा बाँच्नुभन्दा म आफै विदेश जान्छु भनेर लागेकी हो । त्यही अठोटका साथ छोरो चावाक्छालाई बहिनी दुर्पदाको जिम्मा लगाएर श्रीमान नभएको बेला सुटुक्क इजरायल जान्छे ।

यसरी उपन्यासमा सावित्रा आधुनिक महिला जसलाई आदर्श र विचार भन्दा रोजी रोटीको समस्याले सताएको प्रतिनिधित्व गर्छे । विद्यालय उमेरदेखि नै अन्तरजातीय प्रेममा परेर सफलता पाएकी सावित्रा सङ्घर्षशील, प्रगतिशील र मञ्चीय पात्र हो ।

### (ग) दुर्पदा

दुर्पदा **हेत्छाकुप्पा** उपन्यासकी नारी पात्र हो । उ सावित्राको बहिनी, साङगेनकी साली हो । दुर्पदा दिदी भिनाजुसँग काठमाडौँको डेरामा सँगै बस्छे । उ मेनपावरमा जागिर खान्छे । उसको महिना मरेपछि तलव आउँछ । साङगेन अनि सावित्राको राम्रो आयस्रोत नभएको कतिपय दिनहरूमा उसकै तलबले घरायसी खर्च टरेको देखिन्छ । त्यसैले दुर्पदा दिदी भिनाजु कसैलाई पनि टेर्दिन, अवेरसम्म एक्लै हिड्छे । उसको व्यवहार चित्त नबुझे पनि कहिलेकाँही उसैको तलवले टरेको घरखर्चले गर्दा सावित्रा बहिनीलाई केही भन्न सक्दिन । कहिलेकाँही केही भनिहाले पनि दुर्पदा घरै छाडेर हिड्छे र खोज्न फकाउन जानुपर्छ । दुर्पदा यस उपन्यसकी आधुनिक सहरीया केटीहरूको प्रतिनिधी र मञ्चीय पात्र हो ।

### (घ) सरिता

सरिता उपन्यसकी नारी पात्र हो । उ कम्प्युटरमा सिद्धहस्त कारिन्दा हो । तर जागिर खोसिएपछि बाध्यताले काठमाडौँको रात्री जीवनमा डली नामधारी नगरवधु भएकी छे । यो एउटा अदृश्य तर समाजको तीतो यथार्थ हो । त्यसैले उ समय अनुसार चल्न सक्ने गतिशील पात्र हो ।

### (ङ) दिलुङ

दिलुङ उपन्यासको एउटा सङ्घर्षशील र प्रतिभावान किराँती केटो हो । उ लाहुरे हुने सपना पाल्छ तर लाहुरे हुन सक्दैन । सङ्घर्ष गर्दा गर्दा हैरान भएर माओवादी जनयुद्धको आकर्षणमा परेर विद्रोही बन्न पुग्छ अनि पाउनसम्म दुःख पाउँछ ।

नुसान अर्को पात्र हो जो जीवन सङ्घर्षशीलको दौडानमा अल्पायुमै मारिन्छ ।

माथि उल्लेख गरिएका  भन्दा बाहेक अरू धेरै पात्रहरूको उपन्यासमा सामान्यमात्र भूमिका रहेको हुँदा ती पात्रहरूको चर्चा गरिएको छैन ।

### ६.२.३ परिवेश विधान

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तुजगतलाई परिवेश भनिन्छ (ऐजन, पृ.२६) । **हेत्छाकुप्पा** उपन्यासमा नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरको गाउँले जीवन र त्यहाँको सामाजिक परिवेशको मार्मिक चित्रण पाइन्छ । साथै पीडा र अभावमा पिल्सिएको सहरी परिवेशको पनि सफल चित्रण गरिएको छ । उपन्यासको नायक साङगेनको कर्मक्षेत्र काठमाडौँको विभिन्न स्थानहरूको चर्चा गरिएको छ । काटेश्वरको सेतीओपी मार्ग विशेष रूपमा आएको छ । बानेश्वर, असन, भोटाहिटी, रत्नपार्क, राष्ट्रिय सभागृह, पुरानो बसपार्क, महेन्द्र पुलीस क्लव, शिक्षण अस्पताल, रिङरोड, धरान, वनपाला, पात्लेघारी, वचिम्ले, चखेवा, घोरालुङ, खोटाङ, टेम्केडाँडा, आम्बाला, हर्कटे, मकालु कञ्चजङ्घा, मानेभञ्ज्याङ्ग, साउदी, कतार, इजराइल जस्ता ठाउँहरू स्थानगत परिवेशका रूपमा चर्चा गरिएको छ ।

यस उपन्यासको कालिक परिवेश भनेको वि.सं. २०६२-२०६३ को जन आन्दोलनको सेरोफेरोमा घुमेको छ । यस उपन्यासमा किराँतीहरू आफ्नो मिथक, विम्ब र आफ्नो संस्कृति प्रति कट्टर रहेको चर्चा गरिएको छ । उपन्यासका माध्यमबाट उपन्यासकारले परम्परागत साहित्यले लादेको कथित एकल केन्द्रीयताको विरुद्धमा आफ्नै स्थानिकता र स्वपहिचानको वकालत गरेका छन् । उपन्यासमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसहरू माथि गर्ने अन्याय र अत्याचारका कुराहरू शासन व्यवस्थाले सर्वसाधरण जनता वा जनजाति माथि गरेको भेदभावपूर्ण व्यवहार जस्ता विषयहरू उठेको पाइन्छ । नेपाली युवाहरू ब्रिटिश सेनामा भर्ती भएर बहादुरीपूर्ण काम गर्ने आफ्नो स्वाभिमा राख्ने तर थोरै पेन्सनमा जहान परिवार पाल्नु पर्ने बाध्यताका कुराहरू उपन्यासमा चित्रण गरिएको छ ।

### ६.२.४ भाषाशैली

भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषाका यही गुणले बाङ्मय र अन्य कलालाई छुट्याउँछ । भाषाले उपन्यासका सबै तत्त्वलाई सङगठित गर्दछ (ऐजन पृ. २७) ।

**हेत्छाकुप्पा** उपन्यासको भाषाशैली सरल सहज र स्वभाविक रहेको छ तापनि केही नेपाली इतर भाषाको प्रयोगले गर्दा सलल प्रवाहमान भएको उपन्यासमा केही गतिरोध आएको अनुभव हुन्छ । नेपाली इतर भाषाको शब्दहरूमा सुरुवा, सिलि, वाङा, माङ आदि रहेका छन् । सम्वादका क्रममा ग्रामीण बोलीको प्रयोग भएको पाइन्छ ।

उपन्यासमा केही अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भएको छ । जस्तो : जिन्स, अलवण्डाजोल, स्ताब्लर, आइ मिस यु, सरी, ड्याडी, फ्रेम, मेनपावर, म्यासेज, डायल, डि.एस.पी., हस्पीटल, कोअर्डिनेसन, प्रोफेसर, पार्लियामेन्ट, क्याविनेट, रिमोट कन्ट्रोल जस्ता अङ्ग्रेजी शब्दहरू बोलीचालीको रूपमा प्रयोगमा आएका छन् ।

**हेत्छाकुप्पा** उपन्यासमा प्रशस्तै उखान टुक्काको प्रयोग भएको पाइन्छ । उखान टुक्काको प्रयोगले भाषामा मिठास थपेको छ । कुकुरको काम न फुर्सद, रूप राजा सिप कमारो, भेडा भेडासित बाखा बाखासित, गुँड छोडेर गएको चरा , मर्दाको मलामी जिउँदोको जन्ती, बाबु आमाको मन छोराछोरीमाथि छोराछोराको मन ढुङ्गामुढा माथि, वनको चरीलाई वनै रमाइलो, कुवाको भ्यागुतो कुवै समुद्र, महलो लगााको गोरु जस्तो, चुइयाँको बोसो झार्नु, मकै भटमास पट्के सरी जस्ता उखान टुक्काको प्रयोगले उपन्यासको भाषाशैली उत्कृष्ट बनेको छ ।

यस उपन्यासमा प्रयोग भएका अनुकरणात्मक शब्दहरूले त झन् उपन्यासलाई सुन्दर बनाएको छ । कटक्क, थचक्क, फनक्क, घुटुक्क, रुयाच्च, कुक्रुक्क, डिच्च, फ्वाक्क, झल्यास्स, ठ्याक्कै, जरक्क, तनक्क, हिरिक्क, प्याट्ट जस्ता अनुकरणात्मक शब्हरू प्रयोग भएका छन् ।

यसरी **हेत्छाकुप्पा** ग्रामीण जीवनको विविध पक्षहरू वकालत गर्न ग्रामिण परिवेशकै भाषाशैली र सहरी जनजीवनको विविध पक्षहरू देखाउन सहरी परिवेश कै भाषाशैलीको प्रयोगले उपन्यास सुन्दर र उत्कृष्ट बन्न पुगेको छ ।

### ६.२.५ दृष्टिविन्दु

उपन्यासमा कथायिताले कथा वाचनका लागि वस्न वा उभिनका लागि रोजेको ठाउँ नै दृष्टिविन्दु हो (ऐजन पृ. २८) । यस उपन्यासमा तृतिय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको

छ । यस उपन्यासमा उपन्यासकार आफैं पात्रको रूपमा नउभिएर सम्वाद र परिवेशलाई आफैले देखे झैं गरी वर्णन गरेका छन् । यस उपन्यासमा उ, उनी जस्ता पात्रहरूको माध्यमद्वारा उपन्यासको कथा वस्तुलाई अगाडि बढाइएको छ । त्यसैले यस उपन्यासमा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

### ६.२.६ उद्देश्य

जातीय मुक्ति र नश्लीय चेतना **हेत्छाकुप्पा** उपन्यासको मुख्य विषय हो । वि.सं. २०६२-०६३ को जनआन्दोलन अघि सरकारको शासन व्यवस्थाले जनजातिहरू मथि गरेको भेदभावपूर्ण र नकारात्मक व्यवहारको यथार्थ चित्रण गर्नु पनि उपन्यासको अर्को विषयवस्तु वा उद्देश्य हो । नेपालका आदिवासी जनजातिहरूको राजनीतिक, सामाजिक तथा साँस्कृतिक मुद्दालाई उठाउनु पनि उपन्यासको मुख्य उद्देश्य हो । तत्कालीन शासन व्यवस्थाले आदीवासी-जनजातीहरूलाई दोस्रो दर्जाको नागरिकको व्यवहार गरेकोले आफ्नै देश भित्र आफूहरू अन्य नागरिक सरह हुन पाउनु पर्ने, राज्यको कामकाजको सवालमा समान अवसर पाउनु पर्ने, जातकै आधारमा एउटै देशका नागरिकहरूलाई भेदभाव गर्न नमिल्ने जस्ता कुराहरू उठाउनु यस उपन्यासको मुख्य उद्देश्य हो । यस उपन्यासले कतै जातीय, कतै धार्मिक र कतै साँस्कृतिक मुद्दाहरूलाई उठाएको छ ।

## ६.३ 'दमिनी भीर' उपन्यासको विश्लेषण

फिनिक्स बुक्स काठमाडौँद्वारा वि.सं.२०६९ मा प्रकाशित उपन्यास **दमिनी भीर** उपन्यासकार राजन मुकारुकङको दोस्रो उपन्यास हो । **दमिनी भीर** उपन्यासले नेपालबाट प्रदान गरिने सबैभन्दा ठूलो पुरष्कार वि.सं. २०६९ को 'मदन पुरष्कार' पाउन सफल भएको छ । आधार, कथा, आरम्भकथा, मध्य कथा, उत्तर कथा र कथान्त गरेर पाँच भागमा छुट्टिएको उपन्यासले २९० पृष्ठको आयाम ओगटेको छ । **दमिनी भीर** सामाजिक यथार्थको प्रतिविम्बनले भरिएको सामाजिक कथामा आधारित उपन्यास हो । सीमान्तकृतहरूले भोग्नु परेको तीतो यथार्थलाई मुख्य विषय बनाई लेखिएको **दमिनी भीर** नायकवादलाई होइन चरित्रलाई जोड दिइएको उपन्यास हो । यस उपन्यास उपन्यास लेखनको परम्परागत धार भन्दा पृथक धारमा रहेर लेखिएको उपन्यास हो किनकी यस उपन्यासमा लेखकले एउटा मात्र नायक उभ्याएका छैनन् । सबै पात्रहरू आफैंमा नायक जस्ता लाग्छन् । सबै पात्रहरूको जीवन भोगाइको महत्त्व उत्तिकै छ । **दमिनी भीर** उपन्यास चरित्रमा

आधारित उपन्यास हो त्यसैले चरित्रहरू मिलेर समाज निर्माण हुन्छ भन्ने सन्देश यस उपन्यासले दिन खोजेको छ ।

आधार कथाबाट सुरुवात भएको उपन्यास उपल्लो जातको काजीको अन्याय र थिचोमिचो सहन नसकेर एउटी दमिनीले आत्महत्या गरेको भीरको नाममा उपन्यासको नाम रहन गएको छ । **दमिनी भीर** मुलुकको दश वर्षे द्वन्द्व र सङ्क्रमणकालीन अवस्थालाई समेटेर तयार पारिएको उपन्यास हो । यस उपन्यासको भाषाले आधार कथादेखि नै पाठकको मन तान्न सफल बनेको छ । पूर्वी पहाडका पात्रहरूको सम्वाद र वोलीचालीका भाषालाई उपन्यासकारले टपक्कै टिपेर जस्ताको तस्तै टाँसिदिएका छन् । यस उपन्यासको कथानक, चरित्र, परिवेश विधान, भाषाशैली, दृष्टिविन्दु, उद्देश्य आदिका आधारमा वर्गीकरण गरिएको छ :

### ६.३.१ कथानक

कथावस्तु व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनावद्ध तथा सङ्गठित रूपान्तरण हो । यसमा चरित्रले घटाएका घटना उपन्यासकारका चिन्तन, मनन र कल्पना समाविष्ट हन्छन् । कथावस्तु उपन्यासको कच्च सामग्री हो । यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । कथावस्तु उपन्यासको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । यसको व्यवस्थित विन्यासलाई कथानक भनिन्छ (ऐजन, पृ.२४) ।

**दमिनी भीर** पूर्वी पहाडि जिल्लाको ढुङ्गा, माटो र त्यहाँबाट सिर्जित सजीव वस्तुहरूको थुप्रोमात्र होइन यो त्यहाँको गरीब, दलित र जातीय उत्पीडनमा परेकाहरूको उकाली ओरालीको कहानी पनि हो ।

बस्नेत काजीको ऋण तिर्न नसकेर भर्खरैको दुलाहा सुके दमाइ राती नै गाउँबाट पलायन हुन्छ । अवला दमिनी उही काजी साहुको सिकार बन्छे । आफ्नो नियतिलाई धिकार्दै अर्को बिहान नदेख्दै नजिकैको भीरबाट हाम्फालेर मर्छे । सामान्यत यो आत्महत्या हो, कायरको काम तर दमिनीको आत्महत्या शोषण विरुद्धको विद्रोह हो । त्यही भीरको नाम हो दमिनी भीर । यहींबाट उपन्यास सुरु हुन्छ । उपन्यासमा अलि बढी चर्चा गरिएको नाम्देङ पढ्नका लागि काठमाडौं जान्छ रेष्टुरेन्टमा काम गर्ने वेटर मन पराउँछ । रङ्गकर्मी बन्छ । केही समय सहकारीमा पनि काम गर्छ । भौतिकवादी बन्दै गएकी श्रीमतीले छाडेर हिँडेपछि नाम्देङ पनि छोरो लिएर गाउँ फर्किन्छ । गाउँमा सबै मानिसहरू दमिनी भीर फोडेर सडक बनाउने सपनामा लागेका हुन्छन् । त्यही क्रममा चिनाइन्छ हाङ्दिमा, लच्छी, धौले कान्छो र अरूहरू । गाउँलेहरूले भूगोलको कष्टबाट मुक्ति

खोजेका छन् । सँगसँगै समृद्धिका कुराहरू गर्छन् । बेलाबेला अधिकार र जातीय पहिचान सहितको सङ्घीयता बारे पनि छलफल गर्छन् । सानो जातकी सुन्दर लच्छी प्रधान घरे चेतनको नासो हुर्काउँदै गाउँमै बसेर दुःख भोग्दै छे । धौले कान्छो श्रीमती मरेपछि एक्लै छोरो हुर्काउँदै बसेको छ । उसले अलिकति मन लच्छीलाई दिएको छ । झगडा र तँ -तँ, म-म वीच पनि लच्छी र धौले कान्छो एक अर्कालाई निकै माया गर्छन् । हाङ्दिमा सँगै खेली हुर्केको नाम्देङलाई माया गर्छे, उसैंलाई पर्खेर बस्छे । शोषणको प्रतीक एउटा अजङ्गको पर्खाल **दमिनी भीर**लाई फोरिएको छ, गाउँमा बाटो पुगेको छ, परिवर्तन आएको छ । त्यो भीर फोडेर बनेको बाटोले गाउँवासीको जीवनमा सहजता भएको छ । आन्दोलन चर्केको छ आन्दोलनलाई सघाउन गाउँ गाँउबाट मानिहरू सहर पसेका छन् । तर न सोचेको जस्तो काठकाडौं छ, न सोचेको जस्तो आन्दोलन । आन्दोलनकारीहरू तिर्खा भोक र थकाइले प्याक प्याक भएका छन् । रोगले ग्रस्त छन् । उनीहरूका आशा र सपनाहरू आन्दोलन फिर्तासँगै राजधानीको कुहिरीमण्डलमा विलाएका छन् ।

यसरी नाम्देङ सहर पसेर रम्भासँग विवाह गर्नु उपन्यासको आदि भाग, श्रीमतीले छोडेपछि छोरो लिएर गाँउ फर्कनु मध्य भाग र गाउँबाट पुनः जोश जाँगरका साथ आन्दोलनका लागि काठमाडौँ आउनु अन्त्य भाग रहेको छ ।

### ६.३.२ चरित्र

उपन्यासको विषयवस्तुलाई बोकेर कुनै पनि कार्य सम्पादन गर्ने चरित्रलाई पात्र भनिन्छ ( ऐजन पृ. २५) । **दमिनी भीर** उपन्यास कुनै नायकको कथा, नायकको आदर्श र उसको दर्शन भएको उपन्यास होइन । यस उपन्यास चरित्रहरूको रङ्मगञ्च हो । सबै पात्रहरू आफैमा नायक जस्ता लाग्छन् । सबै पात्रहरूको जीवन भोगाइको महत्त्व उत्तिकै छ । जीवनमा धेरै थोक गुमाएका पीडाग्रस्त पात्रहरू उपन्यासमा छन् । नाम्देङ तिनीहरूको प्रतिनिधि पात्र हो । उपन्यासमा असफलतामा खुशी खोज्ने पात्रहरू छन् । पिछडिएका, सीमान्तकृत र दलित पात्रहरू उपन्यासमा उनीएका छन् । समाजका साना चरित्रबाट भविष्य निर्धारण हुँदै गरेको कथा उपन्यासमा छ । **दमिनी भीर** सामुहिक नायकत्व भएको उपन्यास हो । यस उपन्यासका पात्रहरूमा नाम्देङ, हाङदिमा, नवीन, निसाम, बस्नेत, काजी, सन्ते दर्जी लगायत धेरै पात्रहरूले उपन्यास जेलिएको छ । यस उपन्यासका अलि बढी भूमिका भएका पात्रहरूको चर्चा यहाँ गरिन्छ :

### (क) नाम्देङ

**दमिनी भीर** उपन्यास एकल नायकत्व नभई बहुनायकत्व भएको उपन्यास हो । उपन्यासमा अलिबढी चर्चा चरिएको पात्र नाम्देङ पढ्नको लागि काठमाडौँ जान्छ । उसलाई रङ्गकर्मी बन्ने ठूलै चाहना हुन्छ र रङगकर्मी हुन्छ । ऊ घरपरिवार भन्दा पनि रङ्गमञ्च पट्टि बढी ध्यान दिन्छ । केही समय सहकारीमा काम गरेर राम्रो आम्दानी पनि गर्छ । नाम्देङले घरपरिवारप्रति गरेको वेवास्ता र आधुनिक भौतिकवादी बन्दै गएकी श्रीमतीले छोडेर विदेश गएपछि नाम्देङ पनि छोरो लिएर गाउँ फर्कन्छ । राजनीतिक नियुक्तिमा गाउँकै विद्यालयमा पढाउन थाल्छ । उसकै कारणले गर्दा विद्यालयमा झगडा भएको भन्ने आरोप लाग्न थालेपछि जागिर छाड्छ । गाउँका सबै मानिसहरू दमिनी भीर फेडेर सडक बनाउने सपनामा लागेका हुन्छन् । नाम्देङ पनि त्यतै अलमलिन्छ । त्यहाँ उनीहरू जातीय पहिचान र अधिकारका कुराहरू गर्छन् । चुनावका कुराहरू गर्छन् । केही समय गाउँ बसेपछि ऊ फेरी आन्दोलनका लागि काठमाडौँ जान्छ । आन्दोलनमा होमिन्छ । गाउँका अरू मनिसहरू पनि आन्दोलनकै लागि काठमाडौं जान्छन् । सबै भोक, प्यास नभनि सक्रिय भएर आन्दोलन गर्छन् । ज्यानमा सन्चो नहुँदा पनि नाम्देङ औषधि खाएर आन्दोलनमा जान्छ । आम नेपाली जस्तै नाम्देङ पनि सन्तुलित र आदर्श राजनीति चाहन्छ तर उसले खोजे जस्तो बाटो नभेटेपछि ऊ अलमलिन्छ । अन्त्यमा नाम्देङ पनि सहरको भिडभाडबाट उन्मुक्ति खाज्दै गाउँमानै पुग्छ । ऊ गाउँ जानुको कारण गाउँको विकास गर्ने उद्देश्य र मायामोहले नभै भविष्यमा गाउँमा छोडिएको छोराबाट हुने सम्भावित तिरष्कार र घृणा सम्झेर हो । यस्तो चेत उसले भट्टी पसलमा भेटेको युवक पात्रहरूको कुराकानीबाट पाएको हो । नाम्देङ गाउँ पुग्दा 'पहिचान सहितको सङ्घीयताको नयाँखाले राजनीतिक लहर देख्छ । यसबेला नाम्देङले **दमिनी भीर**लाई पहिचानको नारा सहित नयाँ अस्तित्वमा देखा परेको भेट्छ ।

### (ख) रम्भा

जन्मिएर हुकिएको ठाउँ थाहा नभएकी नाटकमा डोल्माको भूमिकामा खेल्ने रम्भा नाम्देङकी श्रीमती हो । ऊ रेस्टुरेन्टमा वेटरको काम गर्छे । उनीहरूको प्रेम विवाह भएपछि उसले रेष्टुरेन्टको काम छोडिदिन्छे । एउटा छोरा जन्मिन्छ । छोरा र श्रीमानलाइ छोडेर उ विदेश जान्छे । आधुनिक सहरमा रम्भा भौतिकवादी महिलाहरूको प्रतिनिधी पात्र हो ।

### (ग) हाङदिमा

भोजपुरमा जन्मि हुर्किएकी हाङदिमा बावुको बसाँइ सराइसँगै नाम्देङगको घरमा बस्न पुग्छे । आफ्नी आमा बितेपछि भाउजुसँग मन नमिलेर दिदीको घरमा बस्न थाल्छे । बिहान बेलुका बाख्रा चराउने र दिउँसो विद्यालय जाने गर्छे । एकदिन दिदीले माइतीघरमा लिएर जान्छे । दिदी र भाउजूको

सल्लाहमा हाङदिमालाई लाहुरेसँग विवाह गरेर पठाइदिन्छन् । कलिलो उमेरकी हाङदिमालाई लाहुरेले नराम्रो व्यवहार गर्छ । बालसुलभ उमेरकी हाङदिमा उमेर धेरै भएको निष्ठुरी लाहुरेको अत्याचार सहन नसकी माइतीम नै बस्न थाल्छे । गाँउबाट आएका मानिसहरूले नाम्देङकी आमाले देख्न मन गरेको कुरा सुनेपछि हाङदिमा उनीहरूसँगै पुनः नाम्देङकै घरमा पुग्छे । त्यसपछि धेरै ठाउँबाट बिहेको कुरा चले पनि हाङदिमाले विहे गरिन । सँगै खाई खेली हुर्केको नाम्देङलाई माया गर्छे । उसैलाई पर्खेर बसेकी छे । यसरी हाङदिमाको चरित्रले आम महिलालाई साहसी हुन उक्साएको छ । उपन्यासमा हाङदिमा मञ्चीय पात्रको रूपमा आएकी छे ।

**(घ) लच्छी**

**दमिनी भीर** उपन्यासकी लच्छी सानो जातकी सुन्दर फूल हो, फक्रन नपाउँदै भमराको झम्टाइमा पर्छे । ठूलोजात भनाउँदो चेतनले उ माथी अत्याचार गर्छ । उनै ठूलोजातको नासो हुर्काएर गाँउमा दुःख भोग्दै अविवाहित बसेकी छे । बाँच्नुको अर्थ लाचार होइन आँट र साहस हो भन्ने सन्देश अछुत पात्र लच्छीले दिएकी छे । धेरै वर्षपछि काठमाडौंमा चेतनलाई भेटेर उसले साहसका साथ भनेकी छ मेरो शरीर मन पराउने तर जात मन नपराउनेले हारेको छ । उ मञ्चीय आबद्ध पात्र हो ।

**(ङ) धौलेकान्छो**

धौलेकान्छो कोमल मन भएको निस्वार्थी पुरुष पात्र हो । श्रीमती मरेपछि एक्लै छोरो हुर्काउँदै दुःख गरेर बसेको छ । अलिकति मन दिएको छ लच्छीलाई । छोरो सहित लच्छीलाई स्वीकार्छु भन्नु कान्छोको उदारपन हो ।

'दमिनी भीर' उपन्यास बहुपात्र भएको उपन्यास हुनाले अन्त्यसम्म पनि नयाँ पात्रहरू देखा परिरहन्छन् । सबै पात्रहरू समान जस्ता लाग्छन् । सबैको भोगाई उस्तै जस्तो लाग्छ । त्यसैले बाँकी सबै पात्रको चर्चा सम्भव नभएकोले गरिएको छैन ।

### ६.३.३ परिवेश विधान

उपन्यासमा पात्र वा चरित्रले कार्य व्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरू घटित हुने बस्तुजगतलाई परिवेश भनिन्छ (ऐजन पृ. २६) । **दमिनी भीर** पूर्वी पहाडी जिल्ला भोजपुरको गाउँले जीवन र त्यहाँको सामाजिक परिवेशको चित्रणले भरिएको उपन्यास हो । उपन्यासको कथावस्तु भोजपुरको दमिनी भीरबाट उड्दै उड्दै राजधानीको काटेश्वरसम्म आइपुगेको

छ । उपन्यासमा स्थानीय परिवेश सजीव भएर देखिएको छ । यस उपन्यासमा पहाडदेखि सहरसम्मका कथालाई समेट्ने प्रयास गरिएको छ ।

उपन्यासको आरम्भमा पूर्वी पहाडी जिल्ला भोजपुर नागीको ग्रामीण सामाजिक जनजीवनको मार्मिक चित्रण गरिएको छ भने सहरी जीवनको अभाव र पीडा अनि स्वार्थको पनि चित्रण गरिएको छ । यस उपन्यासले साप्सुखोला, अञ्चल डाँडो, वसन्तपुर डाँडो, ट्याम्के डाँडो, बाइसे जङ्घार, रसुवा घाट, वतासे डाँडो, कञ्चनजङघा, धनकुटा, हिले, चतरा, वेल्टार जस्ता ठाँउहरू छन् भने सहरी परिवेशमा कोटेश्वरको सेतोओपी मार्ग, काटेश्वर क्याम्पस, बानेश्वर, मण्डला थिएटर, बालकुमारी, बल्खु, न्युरोड जस्ता ठाउँहरू छन् । पात्रहरूको सम्वादमा विदेश जाने क्रममा साउदी अरब, दुवई, बहराइन, हङकङ, बेलायत, सिङ्गापुर जस्ता ठाउँहरू पनि चर्चा गएिको छ ।

**दमिनी भीर** उपन्यासको कालिक परिवेश वि.सं. २०५८ देखि २०६८ सम्मको दश वर्षे सङ्क्रमणकालीन अवधि रहेको छ । आन्दोलनका लागि कोशि देखि काठमाडौँ ल्याइएका मानिसहरूको मनोदशालाई उजागर गरिएको छ । मुकारुङले उपन्यासको माध्यमद्वारा देशको वर्तमान राजनीतिक, सामाजिक र साँस्कृतिक तथा आर्थिक विग्रहलाई सुक्ष्म तरिकाबाट अगाडि ल्याएका छन् । पूर्वी पहाडको दमिनी भीर देखि काठमाडौँको कोटेश्वरसम्मको यात्रा समेटिएको उपन्यास दमिनी भीर अत्यन्त सामाजिक रहेको छ ।

### ६.३.४ भाषाशैली

भाषा साहित्यको अभिव्यक्तिको मार्ग हो । भाषाका यही गुणले वाङ्मय र अन्य कलालाई छुट्याउँछ । भाषाले उपन्यासको सवै तत्त्वलाई सङगठित पर्दछ (ऐजन, पृ.२७) । कथाको सुरुवातबाटै पाठकको मन जित्न सफल **दमिनी भीर** उपन्यासको भाषा हो । पात्रले बोल्ने सम्वाद हो । उपन्यासमा पूर्वी पहाडका मानिसहरूको वोलीचालीका ग्रामीण भाषालाई जस्ताको तस्तै उतारिएको छ । यस उपन्यासमा जीवनमा सवैथोक गुमाएकाहरूको कथा र व्यथा छ र तीनै कथा, व्यथा, उकाली ओरालीहरूलाई भाषाको कलात्मक प्रस्तुतीले सिंगारिएको छ । छोटो वाक्यको नवीन प्रयोगले पाठकलाई आकर्षित गरेको छ । यस उपन्यासमा शब्दशिल्पीमा उनीएको भाषाको प्रस्तुती बेजोड रहेको छ तापनि किराँत भाषाको प्रयोगले पाठक पक्कै अलमलमा परेको देखिन्छ । पासुङ, पुङ, बाग्सा, विमाख जस्ता धेरै किराँती शब्दहरू उपन्यासमा प्रयोग भएका छन् ।

यस उपन्यासमा प्रयोग भएको भाषाले पाठकलाई पात्रहरूसँगै मेलापात, बजार गएको जस्तो, सँगै बसेर कुराकानी  गरिएको जस्तो, चाडवाडमा सँगै नाचे जस्तो महशुस गराउने क्षमता

राख्दछ । मन परेकी केटी फकाउने देउमानको जुवाडे तरिका, लच्छी र कान्छोको खुलमखुल्ला घरजम गर्ने सम्वाद, भट्टी पसले टाइसनका गफ, हाङदीमाको मौन प्रेम, राई जातिमा केटी माग्न जाँदा प्रयोग गरिने भाका, निहाङको मृत्युमा च्याक्टारे कोपाले चिन्डोको जाँड पानी छर्कदै फलाक्न थालेको कुरा जस्ता भाषा शैलीले जन्म मृत्यु र विवाहका संस्कारगत कुराहरूको जगेर्नाका साथै संस्कृतिको रक्षा पनि गरेको छ ।

यस उपन्यासमा केही अङ्ग्रजी शब्दहरूको पनि प्रयोग गरिएको छ । आर्ट थिएटर, प्रेश, वान्समोर, चेन अफ कमाण्ड, ह्याट, ब्रिफिङ, फेसबुक, आइ डी, च्याट, मेन पावर, वर्कसप, किवोर्ड, ट्वाइलेट जस्ता अङ्ग्रजी शब्दहरू प्रयोग भएका छन् ।

यस उपन्यासमा उखान टुक्काहरूको पनि प्रशस्तै प्रयोग भएका छन् । बाह्रवर्ष ढुङग्रोमा राखेपनि कुकुरको पुच्छ वाङगै, तै चुप मै चुप, एककान दुइकान मैदान, माइती गाउँको कुकुरै प्यारो, भालुलाई पुराण सुनाउनु, सत्य डग्दैन, रिस खा आफू बुद्धि खा अर्को, ह्याउ नभएको मान्छेले च्याउको खेती नगर्नु, दुःख नाथे जहिल्यै बर्खे झरी, दिनले जा जा र वनले आइज आइज भन्ने बेला जस्ता उखान टुक्काहरू प्रयोग भएको पाइन्छ ।

अनुकरणात्मक शब्दहरूको प्रयोगले त उपन्यासमा सुनमा सुगन्ध थपिए झै भएको छ । चरक्क, टलक्क, टिक्रिक्क, सरङ्ग, जिरिङ्ग, चुस्स, फतक्क, हुरुक्क, थचक्क, ठ्याक्क, ठिङ्ग, जुरुक्क, बुद्रुक्क, सनक्क, छपक्क, मिरिक्क जस्ता अनुकरणात्मक शब्दहरू यस उपन्यासमा प्रयोग भएका छन् ।

यसरी **दमिनी भीर** उपन्यासमा ग्रामीण र सहरी दुवै परिवेशको भाषा शैली र शिल्पको प्रयोग भएको छ । त्यसैले यस उपन्यासको भाषाशैली सरल सहज र स्वाभाविक रहेको छ ।

### ६.३.५ दृष्टविन्दु

उपन्यासमा कथयिताले कथा वाचनका लागि वस्न वा उभिनका लागि रोजेको ठाउँ नै दृष्टिविन्दु हो (ऐजन, पृ. २८) । यस उपन्यासमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा उपन्यासकार आफैं पात्रको रूपमा नउभिएर सम्वाद र परिवेशलाई आफैले देखे झै गरी वर्णन गरेका छन् । यस उपन्यासमा उ उनी जस्ता पात्रहरूको माध्यमद्वारा उपन्यसको कथावस्तुलाई अगाडि बढाइएको छ । त्यसैले यस उपन्यासमा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

### ६.३.६ उद्देश्य

**दमिनी भीर** उपन्यास मार्फत उपन्यासकारले अबको समयमा कुनै जातिले पनि उत्पीडनमा परेर यस्ता कथा भन्न नपरोस भन्ने उद्देश्य व्यक्त गरेका छन् । आख्यानको माध्यमबाट देशको वर्तमान राजनीतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक विषमतालाई सुक्ष्म रूपमा उठाउनु पनि यस उपन्यासको उद्देश्य हो । यस उपन्यासले नेपाल भित्रका अनेक साना देशहरूको कथा भन्छ । तिनै साना देशभित्र बाँचिरहेका अनागरिकहरूका व्यथा वयान गर्छ । उपन्यासले एउटा दुर्गम गाउँमा साना साना घटना र विकासले ल्याउने सामाजिक, आर्थिक, साँस्कृतिक परिवर्तनलाई विश्लेषण गरेको छ । 'दमिनी भीर' उपन्यासमा लामो समय देखि समाजमा व्याप्त जातीय उत्पीडन, दलीय द्वन्द्व, वर्गीय द्वन्द्व, राजनीतिक भ्रष्टीकरण, मानवीय मूल्य मान्यताको क्षयीकरण, समाज विकासका तत्त्वका साथै साँस्कृतिक परिवर्तनका धेरै पाटा समेतिएका छन् । मानिसमा आएको चेतना र कृतिम विकासको चित्रण पनि उपन्यासमा देख्न सकिन्छ । अरब नै पुगेर भए पनि मानिसहरूले घरको छानो  फेरेका छन् । परम्परागत प्रविधिमा आएको परिवर्तन, प्रविधिले फेरेको जीवन पद्धती साथै आम मानिसहरूको राजनीति प्रतिको चरम निराशालाई उजागर गर्नु यस उपन्यासको अर्को उद्देश्य हो । सोझा मानिसलाई राजनीतिक पार्टीहरूले प्रयोग मात्र गर्छन् भन्ने सत्य प्रष्ट रूपमा उपन्यासमा देख्न सकिन्छ ।

## ६.४ राजन मुकारुङका निबन्धहरूको विश्लेषण

### ६.४.१ विषय परिचय

साहित्यकार राजन मुकारुङका व्यक्तित्वका विभिन्न विधाहरू मध्ये निबन्धकार व्यक्तित्व पनि एउटा महत्त्वपूर्ण विधा हो । निबन्धाको पुस्तककार कृतिको रूपमा प्रकाशित नभए तापनि फुटकर रूपमा विभिन्न पत्र पत्रिकाहरूमा उनका निबन्धहरू प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित निबन्ध २०७० मा प्रकाशित साहित्यमा फेरिँदै गरेको सौन्दर्य शीर्षकको निबन्ध हो । उक्त निबन्ध कान्तिपुरमा प्रकाशित भएको हो ।

### ६.४.२ 'साहित्यमा फेरिदैं गरेको सौन्दर्य' निबन्धको विश्लेषण

प्रस्तुत निबन्ध राजन मुकारुङको साहित्य यात्राको दोस्रो चरणमा प्रकाशित भएको पहिलो निबन्ध हो । यस निबन्धमा नेपाली भाषाको लेखाईमा आएको नयाँ नियमको बारेमा विश्लेषण गरिएको छ । वस्तुपरक शैलीमा लेखिएको यस निबन्धमा मुकारुङले अरू देशको साहित्यको तुलनामा हामी भने एउटै अक्षरमा, ह्रस्व, दीर्घमा र आकार इकारको डिको मुनि झुण्डिरहेका छौ ।

सधै यस्तै विवादमा फसिरह्यौ भने हाम्रो साहित्यको भविष्य पक्कै पनि राम्रो हुदैन भन्ने कुराको चित्रण निबन्धकारले गरेका छन् ।

यस निबन्ध मार्फत मुकारुङले अर्थ बिग्रदैन भने शब्दलाई विवादमा तानेर अल्झिरहनु पर्दैन । शब्द त केवल सङ्केत मात्र हो । सङ्केतमै अलमलियो भने अगाडि बढ्न गाह्रो हुने कुरा बताएका छन् । साहित्यले समाजको विविध पक्षको जानकारी दिने हुनाले साहित्यलाई सहज बोधगम्य, सुखदायी, आनन्दायी वस्तुको रूपमा लिनुपर्ने भाव निबन्धमा व्यक्त भएको छ ।

नेपाली भाषासँग सम्बन्धित यस्तै विवादहरूले गर्दा साहित्यमा विभिन्न आन्दोलन र वादहरू विकशित हुदै आएका छन् । यस्ता आन्दोलन र वादहरूले भाषालाई, साहित्यलाई फाइदा पुर्‍याउँदैन । त्यसैले यस्ता झिना मसिना कुराहरू छाडेर साहित्यमा सरल र सहज तरिकाको भाषा हुनुपर्छ भन्ने मान्यता मुकारुङले निबन्ध मार्फत राखेका छन् ।

यसरी प्रस्तुत निबन्धामा भाषामा हुनुपर्ने सरलताको बारेमा बयान गर्दै निबन्धकारले सरल, सहज र बोधगम्य भाषाशैलीमा नै आफ्नो भावनाहरू व्यक्त गरेका छन् ।

### ६.४.३ 'पहिचानको दाबीमा कविता' निबन्धको विश्लेषण

राजन मुकारुङको यस निवन्ध दोस्रो प्रकाशित निबन्ध हो । यस निबन्धमा उनले नेपाली समाजको विविधतालाई स्वीकार गर्दै उत्पीडित, सीमान्तकृत जातिहरूको आवाजलाई साहित्यमा स्थापित गर्नुपर्ने कुराको चित्रण गरेका छन् । वस्तुपरक शैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले साहित्य भनेको ठूला बडा र सत्ताधारीहरूको मात्र नभई सबै जाति, वर्ग र समुदायको पहुँच पुग्ने खालको हुनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । उनको दावी छ कि साहित्यमा सबैको पहिचान समान हुनुपर्छ । ठूलाले लेखेको स्तरहीन भएपनि बाहिर आउने तर सानाले लेखेको राम्रो भए पनि त्यसलाई राम्रो भन्न नरुचाउनेहरू प्रति लेखक दुःखी छन् । साहित्य भनेको देशको साझा गहना हो । यसमा सबैको समान अवसर हुनुपर्छ । जातकै आधारमा कसैलाई वन्चित गरिनु हुदैन भन्ने भनाई मुकारुङको निबन्धको मूल विषय हो ।

आफ्नो पहिचान सहित कविता लेख्ने कविहरू धेरै छन् । वास्तवमै आफ्नो पहिचान स्थापित गराउन चाहने कविहरू अन्य विधामा राम्रो सम्भावना हुँदाहुदै पनि कवितामा नै आफूलाई समर्पण गरेका छन् । कवितामा नै त्याग र तपस्या गरिरहेका छन् । पहिचानको दावीलाई दवाउन खोज्नेहरू जति सलबलाउन खोजे पनि यस्ता आफ्नो पहिचानमा समर्पित कविहरूको अगाडी उनीहरूले घुडा टेक्नै पर्छ भन्ने मुकारुङको विश्लेषण छ ।

यसरी प्रस्तुत निबन्धामा उनले साहित्यमा सबै वर्ग, जाीत र समुदायको पहिचान स्थापित हुनुपर्ने भन्दै सरल, सहज र बोधगम्य भाषाशैलीमा नै आफ्ना भावनाहरू व्यक्त गरेका छन् ।

### ६.४.४ 'होलटाइमरको बयान' निबन्धको विश्लेषण

'होलटाइमरको बयान' राजन मुकारुङको तेस्रो निबन्ध हो । यस निबन्धमा मुकारुङले जीवनमा जागिर व्यापार जस्ता आय आर्जनका काम त्यागी पुरै समय लेखनमा विताउँदाका आफ्ना सुख दुखका अनुभवहरू व्यक्त गरेका छन् । वास्तवमा साँचो साहित्यकार हुनको लागि अरू कुरा त्याग्नै पर्छ । जागिर व्यापार जस्ता काममा लाग्दा आफ्नो ध्यान लेखनमा एकत्रित गर्न सकिदैन । जबसम्म मानिस लगनशील भएर काममा लाग्दैन तबसम्म उ आफ्नो काममा सफलता पाउन सक्दैन । जो जुन काममा लाग्छ उसले सो काममा दत्त चित्तका साथ लागि पर्नु पर्ने भाव उनले यस निबन्धमा व्यक्त गरेका छन् । जगिर गर्नेले राम्रोसँग जनताको सेवा गर्नुपर्ने र लेखकले उत्कृष्ट रचना गर्नुपर्ने पर्ने भाव उनको यस निबन्धको मूल मर्म हो ।

### ६.४.५ 'हरियो तमोरको विम्बमा' निबन्धको विश्लेषण

'हरियो तमोरको बिम्वमा राजन मुकारुङको चौथो निबन्ध हो । यस निबन्धमा उनले काठमाडौंबाट साहित्यिक कार्यक्रममा सहभागि हुनको लागि फिदिमसम्म पुग्दाको र पुगेपछिको साहित्यिक कार्यक्रमका क्रियाकलापहरूको बारेमा विश्लेषण गरेका छन् । बृहत भाषा तथा साहित्य महोत्सव २०७० नामक लिम्वुवानी परिचयात्मक कार्यक्रममा लागि फिदिम पुगेका उनले आफ्नो तर्फबाट साहित्यमा आएको नवीन चेतना र चिन्तन, पहिचानको सवाल जस्ता पक्षमा बलियो तर्क राखे । अरू साहित्यकारहरूले पनि पहिचान सहितको संघीयताको बारेमा तर्क राखेको कुराको चित्रण गरेका छन् । साहित्यिक कार्यक्रममा सहभागि सबैले हरियो बगेको तमोरको विम्बमा आ-आफ्नो पहिचानको दावी गर्दै संघीय राज्य कायम हुनुपर्छ भन्ने पक्षमा दरिलो तर्क राखेको भाव यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् ।

यसरी राजन मुकारुङका विभिन्न व्यक्तित्वमा निबन्धकार व्यक्तित्व पनि महत्त्वपूर्ण विधा हो । उनले आफ्ना निबन्धहरूमा नेपाली भाषाको लेखाइमा आएको नयाँ नियमको बारेमा, पुरै समय लेखक भएर बिताउँदाका क्षणहरूको बारेमा, पहिचानको दावीमा कविता लेखन जस्ता पक्षहरू उल्लेख गरेका छन् ।

## ६.५ निष्कर्ष

राजन मुकारुङ कवि व्यक्तित्वबाट नेपाली साहित्यमा प्रवेश गरे तापनि पछिल्लो समयमा उपन्यास विधामा बढी चर्चित बनेका छन् । उनका दुईवटा उपन्यासहरू प्रकाशित भएका छन् । **हेत्छाकुप्पा** (२०६५) र **दमिनी भीर** (२०६९) हुन् । उनले उपन्यासमा नै नेपालबाट प्रदान गरिने सबैभन्दा ठूलो पुरस्कार 'मदन पुरस्कार' पाउन सफल भएका हुन् । उनले उपन्यासहरूमा दलित, आदिवासी, जनजाति, सीमान्तकृत, पीछडिएका, उत्पीडित जाति, वर्ग र समुदायको पक्षमा आवाज उठाउनुको साथै जातीय मुक्ति र नश्ल चेतलाई आकार दिदै सत्ताइतरको आवाज उठाएका छन् । कविता, उपन्यास हुदै हाल उनी निबन्ध तर्फ मोडिएका छन् । उनका पुस्तकाकार कृतिका रूपमा नभए पनि फुटकर रूपमा चारवटा निबन्धहरू प्रकाशित भएका छन् । उनले निबन्धहरूमा नेपाली भाषाको लेखाइमा आएको नयाँ नियमको, पुरै समय लेखक भएर बिताउँदाको अवस्थाको र आफू हुनुको पहिचान जस्ता समसामयिक विषयहरू एठाएका छन् ।

# सातौं परिच्छेद

# सारांश र निष्कर्ष

आधुनिक नेपाली साहित्यमा राजन मुकारुङको योगदानको सम्बन्धमा माथिका परिच्छेदहरूमा चर्चा गरिएको छ । अब यस निष्कर्ष खण्डमा उपर्युक्त विवेचना खण्डको निचोड प्रस्तुत पारिएको छ ।

भोजपुर जिल्ला मूल थलो भएका सहरमान राईका नाती धनश्याम किरात तथा विष्णुरेखा राईका कान्छा छोरा राजन मुकारुङको जन्म वि.स. २०३१ मा भोजपुर जिल्लाको नागी गा.वि.स.को दिलपा भन्ने ठाउँमा भएको हो । सामान्य परिवारमा जन्मिएका मुकारुङको वाल्यकाल पनि सामान्य रूपमा नै बित्यो । छ बर्षको उमेरमा विधिवत शिक्षारम्भ गरेका मुकारुङको स्मरण शक्ति विशेष प्रकारको थियो । छोराको लालनपालन र पठन पाठनमा आमा विष्णुरेखाले विशेष ख्याल गरेकोले नै उनमा शिक्षा प्रति आकर्षण बढेको हो । मुकारुङ आफ्नो साहित्य यात्राको विजारोपण परिवारका सदस्यहरूको प्रेरणाबाट भएको बताउँछन् । छ वर्षको उमेरमा विधिवत औपचारिक शिक्षामा प्रवेश गरेका मुकारुङले कक्षा १ को अध्ययन उनको मामाघर खोटाङको नीर्मलीडाँडामा रहेको मनकामनाम मा.वि. मा गरेका थिए । कक्षा २ देखि भोजपुरमा रहेको अन्नपूर्ण मा.वि. मा एस.एल.सी. सम्मको अध्ययन गरेर वि.स. २०५० मा एस.एल.सी. सम्मको अध्ययन गरेर वि.स २०५० मा एस.एल.सी उतीर्ण गरे । उच्च शिक्षाको लागि भोजपुरमा रहेको भोजपुर बहुमुखी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह पास गरे र स्नातक तहको पढाइको लागि काठमाडौंको त्रि.चन्द्र क्याम्पसबाट स्नातक उतीर्ण गरे ।

सानै उमेरदेखि लगनशील र जिज्ञाशु स्वभावका मुकारुङले आफ्नै परिवारका अग्रज सदस्यहरूको प्रभावबाट प्रभावित भई कविता, आख्यान, निबन्ध जस्ता विधाहरूमा कलम चलाएका छन् । उनले आफ्ना लेखहरूमा सीमान्तकृतहरूको अवाज विशेष रूपमा उठाएका छन् । राजन मुकारुङ आधुनिक नेपाली साहित्यका प्रतिष्ठित साहित्यकार हुन् । उनले सानै उमेरदेखि कविता लेखेर वाचन गर्दै पुरष्कारहरू हात पारेको बताएका छन् । उनको पहिलो प्रकाशित रचना 'बन्धना तिमी बाँच्नुपर्छ' (२०४९) शीर्षकको कविता हो । हालसम्म उनका ४ वटा कविता सङ्ग्रहहरू, २ वटा उपन्यास र एउटा किरात संस्कृति सम्बन्धी लेख 'किरात संस्कार' गरी सातवटा पुस्तककार कृतिहरू प्रकाशित भएका छन् ।

राजन मुकारुङको साहित्य यात्रालाई दुई चरणमा विभाजन गरिएको छ । उनको साहित्य यात्राको पहिलो चरण वि.स. २०४९ देखि वि.स.२०६१ सम्म रहेको छ ।

यस चरणमा चारवटा कविता सङ्ग्रहरू र किरात संस्कार पुस्तक गरी पाँचवटा कृतिहरू प्रकाशित भएका छन् ।

राजन मुकारुङको साहित्य यात्राको प्रथम चरणको पहिलो प्रकाशित कृति 'सेतो आरोहण' कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा 'कोलम्वसहरू', 'झरी पर्दा', 'नि शब्द पीडा' जस्ता ४५ वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा उनले सर्जिनशील अराजकता र शालीन विद्रोहको आवाज उठाएका छन् । साथै परमपरा र संस्कारलाई चुनौती दिएर लेखेका छन् । उनले कविता मार्फत अग्रजहरूसँग ठाडो र अन्धो विद्रोह नगरी युवाहरूले गलत आस्था विरुद्ध लड्नु पर्छ भन्दै युवाहरूका लागि नयाँ दृष्टिकोण दिएका छन् । पाठकहरूको विविधताले गर्दा एउटै विषयवस्तुहरूमा पनि अलग अलग दृष्टिकोण राखेर कविता कोर्नु आजको आवश्यकता महशुस गर्दै उनले नवीन परिवर्तन चाहेको स्पष्ट पारेका छन् । उनको पहिलो चरणको दोस्रो कविता सङ्ग्रह 'प्रारम्भ प्रक्षेपण' हो । यस सङ्ग्रहमा 'जीवनको जिकिर-१', 'जङ्गलमा मेरो गीत', 'कविता तरङ्ग' जस्ता ४२ वटा कविताहरू सङ्गृहीत छन् । यस कृतिमा उनले सिर्जनशील अराजकताको मूल नारा सहित एउटा आन्दोलन अगाडि बढाएका छन् । उक्त आन्दोलनमा बहुदलीय प्रजातन्त्रलाई नेपाल र नेपालीहरूले भित्र्याएपछि साहित्य, गीत, सङ्गीत राजनीति, शासक, शासन जस्ता हरेक क्षेत्रमा अराजकता बढ्दै गएको प्रसङ्ग उठाएका छन् । त्यही बढ्दै गएको अराजकतालाई सिर्जनशील बनाउनु नै सिर्जनशील अराजकताको उद्देश्य हो भन्दै उनले आफ्नो आन्दोलको उद्देश्य प्रष्ट पारेका छन् । उनले यस कृतिमा माखेसाङ्लोमा जेलिएर समस्यामा परेको मुलुकलाई प्रष्ट पार्न प्रयास गर्दै भाव र समवेदनाका साथ आफ्नो सिर्जनालाई  दरीलो बनाएका छन् । युगको सत्यलाई टिपेर सरल भाषाशैलीमा दुरुस्तै कवितामा उतार्नका साथै विकृति प्रति अत्यन्त सम्वेदनशील पनि छन् । उनको पहिलो चरणको तेस्रो कविता सङ्ग्रह 'जिकिरको गद्दी' हो । यस कृतिमा उनले साहित्य समाजसँग सम्बन्धी चिन्ता व्यक्त गरेका छन् । उनले साहित्य भनेको परम्परा भन्दा भिन्न विद्रोही हुनुपर्छ भन्ने जिकिर गरेका छन् । जबसम्म साहित्यले जागरूक भएर सामाजिक, सांस्कृतिक कुसंस्कार विरुद्ध सिर्जनात्मक झण्डा फहराउन सक्दैन तबसम्म साहित्यको अर्थ रहन्न । साहित्यिक लेखमा होस वा क्रियाकलापमा होस साहित्यको अराजक रूपमै भए पनि समाजमा व्याप्त जुनसुकै गलत परम्पराको निशाना हटाउने खालको साहित्य सिर्जना गर्नुपर्छ भन्ने धारणा उनले यस कृतिमा व्यक्त गरेका छन् । उनको चौथो कविता सङ्ग्रह 'मिथक माया' हो । यस सङ्ग्रहमा 'खोला,' 'बाँच्नुको आह्वान', 'भट्टीपसल' मा जस्ता

१० वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा किरात जातिको सभ्यता र विशिष्टतालाई शक्ति र स्रोतका रूपमा उल्लेख गरिएको छ । मिथकले कुनै पनि जाति देश एवम् सिङ्गो मानव समुदायको सभ्यताक्रम, सांस्कृतिक विशिष्टता र दार्शनिक सत्यलाई स्वीकार्छ भन्ने मान्यता लिएको साहित्यिक अभियान सिर्जनशील अराजकताकै भावभूमीमा मिथक मायाका कविताहरू घुमेका छन् । अहिलेको सांस्कृतिक विचलनलाई खरो रूपामा चित्रण गर्दै, परम्परालाई छेड्दै नयाँ पनको खोजी गर्ने र पुरानो किरात इतिहासका मिथकलाई समेट्ने प्रयत्न गरिएको छ । विचार र दर्शनले भिजेको मुकारुङ्का कविताहरूमा गाउँ वेसीदेखि आधुनिक सुविधा सम्पन्न सहरसम्मको जीवनशैली अटाएको छ ।

गद्यलयात्मकता नै राजन मुकारुङका कविताहरूको विशेषता हो । उनका कविताहरूमा विम्ब प्रतीक र मिथकहरूको प्रयोगका साथै केही स्थानीय राई भाषाका शब्दहरूको प्रयोगले कविताको सहज बोधगम्यमा केही बाधा पुगेको पाइन्छ । उनले देश, काल र परिवेश अनुरूप विविध सन्दर्भ र विषयहरूलाई आफ्नो  विषय बनाएका छन् । उनका कवितामा राष्ट्रियता, जातीय पहिचान, सांस्कृतिक जागारण, मानवतावादी चिन्तन, श्रृंगारिकता, विकृति विसङ्गति र आतङ्कको विरोध यान्त्रिकीकरणका बेफाइदाको चित्रण परिवर्तनको चाहना जस्ता विषयहस्तुहरू समेटिएका छन् । नेपाली समाजमा भएका कुरीति, विकृति, विसङ्गति, हत्या, हिंशा जस्ता अमानवीय चरित्रमाथि प्रहार उनका कवितामा पाइन्छ ।

राजन मुकारुङको साहित्य यात्राको दोस्रो चरण वि.सं. २०६५ देखि निरन्तर रहेको छ । यस चरणमा उनका २ वटा उपन्यास र ४ वटा फुटकर निबन्धहरू प्रकाशित भएका छन् । उनको पहिलो उपन्यास 'हेत्छाकुप्पा' हो । यो उपन्यास उनको सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासको मुख्य विषयवस्तु जातीय मुक्ति र नश्लीय चेतना हो । मुकारुङको यस उपन्यासमा वि.सं. २०६२-२०६३ को जन आन्दोलन अघि सरकारको शासन व्यवस्थाले जनजातिहरू माथि गरेका भेदभाव पूर्ण र नकारात्मक व्यवहारहरूको यथार्थ चित्रण गरेका छन् । बदलिदो नेपाली समाजको विभिन्न पक्षहरूको पनि उल्लेख गरेका छन् । यस उपन्यासमा चरम जातिवादी विचारधारा छ, जाति विरोधी आवाज छ, द्वन्द्वकालीन परिवेश र द्वन्द्वप्रतिको आशाा र निरासा छ अनि छरपस्ट छन्  विचार र मान्यताहरू पनि । नेपालका आदिवासी जनजातिहरूको राजनीतिक सामाजिक तथा सांस्कृतिक मुद्दाहरूलाई उठाउनु पनि यस उपन्यासको मुख्य उद्देश्य हो । उनको दोस्रो उपन्यास **दमिनी भीर** हो ।  यस उपन्यासमा उनले आख्यानको माध्यमबाट देशको वर्तमान

राजनीतिक, समाजिक, सांस्कृतिक तथा आर्थिक विषमतालाई सुक्ष्म रूपमा उठाएका छन् । **दमिनी भीर** उपन्यासमा सामाजिक परिवेशका कुरालाई राजनीतिक कालखण्डसँग जोडेर लेखिएको छ ।

यस उपन्यासको पृष्ठभूमिमा भोजपुरको एउटा गाउँदेखि काठमाडौँसम्मको कथा समेटिएको छ । २०५८ सालदेखि २०६८ सालसम्मको १० वर्षे द्वन्द्वकाल हो । मुख्य गरी वि.सं. २०५८ देखि २०६८ सम्ममा संविधान सभा भङ्ग नहुँदासम्मको अवस्थालाई विषयवस्तु बनाएर लेखिएको छ । उनको लेखनको आधार भूमि जातिय सीमान्तीकरण हो । सामाजिक विभेदका विषयवस्तुलाई उनले सजीव तरिकाबाट उठाएका छन् । लामो समयदेखि समाजमा व्याप्त जातीय उत्पीडन, दलीय द्वन्द्व, वर्गीय द्वन्द्व, राजनीतिक, भ्रष्टीकरण, मानवीय मूल्य मान्यमताको क्षयीकरण, समाज विकासका तत्त्वका साथै सांस्कृतिक परिवर्तनका धेरै पाटाहरू यस उपन्यासमा समेटिएका छन् । कथा उपन्यासमा समेटिएको छ ।

राजन मुकारुङले सामाजिक परिवेशका घटनालाई जस्ताको तस्तै टपक्क टिपेर उपन्यासको विषयवस्तु बनाएका छन् । उनका उपन्यासहरूमा समेमिटएका विषयवस्तुहरू जातीय जागरण, दलित चेतना, प्रगतिशीलता, राष्ट्रप्रतिको भक्ती, मानवतावादी चिन्तन, सांस्कृतिक जागरण आदि रहेका छन् ।

राजन मुकारुङको साहित्य यात्राको पछिल्लो समयमा ४ वटा फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित निबन्ध ‘साहित्यमा फेरिदै गरेको सोन्दर्य’ हो । यसैगरी उनका ‘पहिचानको हावीमा कविता’, ‘होलटाइमरको बयान’, ‘हरियो तमोरको विम्बमा’ जस्ता निबन्धहरू प्रकाशित भएका छन् । उनका निबन्धहरूमा नेपाली समाजका समसामयीक घटनाहरू समावेश भएका छन् । उनले निबन्धहरूमा नेपाली भाषाको लेखाइमा आएको नयाँ नियमको बारेमा आफू हुनुको पहिचानको दाबीका वारेमा र पुरै समय लेखक भएर बाँच्नु पर्दाका अवस्था जस्ता विषयवस्तुहर समेटेका छन् ।

यसरी समग्रमा हेर्दा यिनै कृतिहरूका आधारमा मुकारुङ सीमान्तकृत आदिवासी, जनजातिहरूको पक्षमा कलम चलाउने साहित्यकार हुन् । उनले आफ्ना कृतिहरूमा आफ्नै परिवेशमा देखेका भोगेका कुराहरू उतार्ने काम गरेका छन् । समाजको यथार्थरूप उनका कृतिहरूमा देख्न पाइन्छ ।

सादा जीवन उच्च विचार गहन अध्ययन, उत्कृष्ट सिर्जना र गुणात्मकतामा महत्त्व दिने हुनाले नै मुकारुङ 'मदन पुरस्कार' जस्तो गरीमामय पुरस्कारबाट सम्मानित भएका हुन् । उनी नेपाली साहित्यका सफल व्यक्तित्व हुन् भन्न सकिन्छ ।

# सन्दर्भसामग्री सूची

अज्ञात हाङयुग (२०५६), “सेतो आरोही राजन मुकारुङ बारे केही कुरा” **रूपरेखा**, वर्ष ५, अङ्क १७ पृ. ६ ।

गिरी रविन (२०६९), “दमिनी भीरका उकाली ओराली”, **अन्नपूर्ण पोष्ट**, वर्ष ११, अङक २९०, पृ. २ ।

बस्नेत, मन बहादुर (२०७०), **नेपाल**, राष्ट्रिय साप्ताहिक, “मुकारुङ घराना” वर्ष १४, अङ्क ११, पृ. २८-३० ।

मुकारुङ राई, बालकृष्ण (सन् २०११), **किरात राई जातिको रीतिरिवाज**, काठमाडौँ : सुभदृष्टि छापाखाना ।

मुकारुङ, राजन (२०५६), **सेतो आरोहण**, काठमाडौँ : हिसि अफसेट प्रेस ।

---, (२०५८), **प्रारम्भ प्रक्षेपण**, काठमाडौँ : शान्ति अफसेट प्रेस ।

---, (२०५९), **जिकिरको गद्‌दी**, काठमाडौँ : लुस प्रेस ।

---, (२०६१), **किराँत संस्कार**, काठमाडौँ : साथी प्रकाशन ।

---, (२०६१), **मिथक माया**, काठमाडौँ : समन्वय प्रकाशन ।

---, (२०६५), **हेप्छाकुप्पा**, काठमाडौँ : फिनिक्स बुक्स ।

---, (२०६९), **दमिनी भीर**, काठमाडौँ : फिनिक्स बुक्स ।

राई, प्यासी अशोक (२०६१), “मिथकीय कृति”, **अन्नपूर्ण पोष्ट**, वर्ष ३, अङ्क ३०६, पृ. ९ ।

वल्लभ, ईश्वर (२०६२), “सीमान्तवर्ती”, **कान्तिपुर**, वर्ष १३, अङ्क १२१, पेज ६ ।

सापकोटा, तारानाथ (२०६९), “तरल समाजको नक्सा”, **सौर्य दैनिक**, वर्ष १, अङ्क २४६, पृ. ८ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६६), **शोधविधि**, चौथो संस्करण, काठमाडौँ : साझा प्रकाशन ।